nepal.ekantipur.com
ISSN 2631-2298
आइतबार • ५ साउन २०७६ • मूल्य रु. २५

नेपाल
राष्ट्रिय साप्ताहिक

मिलेमतो
हाई-प्रोफाइललाई अदालत र अख्तियारको ओत

गोविन्दराज जोशी

चोलेन्द्रशमशेर राणा

शान्ति-प्रक्रिया : न्यायमा चालबाजी | फुक्काफाल कन्सल्ट्यान्ट

Marvel®

FLOWGUARD PLUS

PIPE & FITTINGS™

FLOW HOT, FLOW COLD CONFIDENTLY !!

- The Lubrizol Corporation, USA को लाइसेन्स अन्तर्गत उत्पादित नेपालको एकमात्र CPVC पाइपिङ्ग सिष्टम
- लाइसेन्स प्रणाली अन्तर्गत भएकोले उत्कृष्ट, भरपर्दो र विश्वासिलो
- NSF, USA द्वारा शुद्धता र गुणस्तरको लागि प्रमाणित नेपालको एक मात्र CPVC पाइप

50 Years TROUBLE FREE PERFORMANCE

AMERICAN LICENSE

LEAK PROOF

BACTERIA RESISTANT

NSF pw

UKAS MANAGEMENT SYSTEMS
ISO 9001: 2008

Lead-free

*Only those products marked NSF are certified.

Marvel Technoplast Pvt. Ltd.

Corporate office: Heritage Plaza-II, 2nd Floor, Kamaladi, Kathmandu, Nepal

Tel: +977-1-4169122/123, E-mail: info@marvel.com.np, Web: www.marvel.com.np

AMBE STEELS
दीर्घायु भवः
विकास सम्भव छ, मजबुत निर्माणले
मजबुत निर्माण बन्छ अम्बे स्टील्स्ले
AMBE GROUP
अम्बे स्टील्स्
जे बन्छ, दिगो बन्छ
ने ग्र १९१
नेपाल गुणस्तर
प्रमाण चिन्हद्वारा सम्मानित ।
8mm देखि 32mm
सम्मको Size मा
CERTIFIED ISO 9001:2008 COMPANY
Fe500 gradesteels
UTM TESTED
TMT STEEL BARS

भित्र

आइतबार, ५ साउन २०७६ (वर्ष १९, अंक ५०)
Nepal National Weekly, 21 July 2019 (Vol. 19, No. 50)

फुक्काफाल कन्सल्ट्यान्ट

१४

१०
हाम्रो नेपालमा
दैलामा सिंहदरबार आएर के भो !

२०
गोलार्द्ध
रूपक सापकोटा

२२
आवरण
हाई-प्रोफाइललाई अदालत र अख्तियारको ओत

२८
(अ) सहमति
भास्कर गौतम

३०
शान्ति प्रक्रिया
न्यायमा चालबाजी

३४
फलोअप
कानुनी चेपुवामा रेडक्रस

३७
वातावरण
परिषद् कि प्राधिकरण ?

४०
अर्थ
सहकारीमा विचलन

४२
सिनेमा
सेन्सरको नाममा चीरहरण

४५
रङ
सत्र सालका भुइँनायक

३ सम्पादकीय
४ पाठक मञ्च
५ स्मरण
६ प्रवेश
८ परिहास
१३ टिप्पणी : घम्बर नेपाली
३६ बिजुली सपना
४८ पर्सोनाज : कुमार नगरकोटी
४९ तीन किताब
५० फिल्म
५१ ११ प्रश्न
५२ पुस्तक
५४ सहरमा
५६ नोटबुक

सम्पादकीय

द्वन्द्वपीडितलाई न्याय देऊ

दशक लामो कहालीलाग्दो सशस्त्र द्वन्द्व सर्वसाधारणले भुलेका छैनन्, पीडितले बिर्सने झन् कुरै भएन। बिर्सेजस्तै गरेर पन्छाउँदै हिँडेका छन् त राजनीतिक दल र नेताहरूले मात्र।

झन्डै १७ हजारको ज्यान गएको माओवादी विद्रोहको शान्तिपूर्ण अवतरण जति सजिलै भयो, न्याय प्राप्तिमा भने एकपछि अर्को झमेला थपिँदै गए। बितेको १३ वर्षमा द्वन्द्वका दुई पक्ष तत्कालीन विद्रोही र सत्ताधारी दोहोऱ्याई-दोहोऱ्याई सरकारमा पुगे। तर कोमाथि मुद्दा चल्छ र को जेल जान्छ भन्ने डरले संक्रमणकालीन न्याय भने अवरुद्ध गरिरहेका छन्।

५ मंसिर ०६३ को विस्तृत शान्ति सम्झौतामा ६ महिनाभित्र सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्ने उल्लेख थियो। संक्रमणकालीन न्यायप्रति हस्ताक्षरकर्ता दलहरूले लिखित-मौखिक प्रतिबद्धता जनाए पनि। तर आफैं मुछिने त्रासले न्यायको बाटो छेक्दै आएका छन्।

द्वन्द्वपीडितलाई न्याय दिलाउन गठित बेपत्ता नागरिक छानबिन, सत्य निरुपण तथा बेपत्ता आयोग तीन महिनादेखि पदाधिकारीविहीन छ। सरकारले ०७५ पुसमै चैत मसान्तमा पदाधिकारीको कार्यकाल सकिने निर्णय गरेको थियो। र, २५ चैत ०७५ मा पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्रको अध्यक्षतामा सिफारिस समिति पनि गठन गऱ्यो। झन्डै दुई साता लगाएर ५७ उम्मेदवारको आवेदन बुझ्नेबाहेक सिफारिस समितिको खासै प्रगति देखिँदैन।

प्रस्टै छ, समिति आयोगका लागि सर्वसम्मत उम्मेदवारको नाम पर्खेर बसेको छ। अघिल्लो पटकको आयोग गठनमा झैं पार्टीहरूले सहमति गरेर पठाएको नाम अनुमोदन गर्नेबाहेक यसले स्वतन्त्र निर्णय गर्न सक्ने सम्भावना कमै छ। आयोगको नेतृत्वका लागि सत्तारुढ नेकपा र प्रतिपक्ष कांग्रेसको शीर्ष तहले आ-आफ्ना उम्मेदवार पेस गरेका छन्।

विस्तृत शान्ति सम्झौताको नौ वर्षपछि गठन भएको आयोगले म्याद थप्दै चार वर्ष गुजाऱ्यो। अघिल्लो आयोग असफलताका अनेक कारण थिए। पदाधिकारीको कार्यक्षमता र अनुभवहीनतामाथि पनि प्रशस्तै प्रश्न उठाइएका थिए। सबैभन्दा धेरै द्वन्द्वपीडित र अन्तर्राष्ट्रिय समुदायको विश्वास जित्न नसक्दा ती आयोग असफल भएका देखिन्छन्। तर ६३ हजार उजुरीको छिनोफानो गर्न सक्ने सामर्थ्यको आयोग गठन चुनौतीपूर्ण नै छ। सबैभन्दा महत्त्वपूर्ण पक्ष सर्वोच्च अदालतको फैसलाअनुरूप मानव अधिकार उल्लंघनमा जघन्य अपराधलाई आममाफी हुन्न भन्ने भरोसासहित ऐन संशोधन गर्नुपर्ने खाँचो छ।

द्वन्द्वपीडितका माग धेरै छैनन्, द्वन्द्वकालमा भएका व्यक्ति हत्या, बेपत्ता, गैरन्यायिक हत्या, यौन हिंसा तथा यातनाका घटनाको छानबिन होस्। ती अपराध नीतिगत थिए वा तत्कालीन नेतृत्व र व्यक्तिगत सनकका भरमा भएका थिए भने सम्बद्ध व्यक्तिमाथि मुद्दा चलाइयोस् र दण्डित गरियोस्। जघन्य अपराधका दोषीलाई उन्मुक्ति नदिइयोस्। वर्षौंदेखि पीडितलाई थकाउने र बिर्साउने प्रयत्नमा रहेका दलहरू अन्तर्राष्ट्रिय समुदायको दबाबपछि आयोगबाट न्याय दिलाउने निष्कर्षमा त पुगेका छन्। शान्ति प्रक्रिया असफल भई अन्तर्राष्ट्रिय मानव अधिकारको क्षेत्राधिकार आकर्षित हुने जोखिमबाट तर्सिएका त छन्। तर इमानदार हुन सकेनन् भने शान्ति प्रक्रिया सफल मानिने बिन्दुमा पुग्ने छैन।

हजारौं व्यक्तिले अनाहकमा आफन्त गुमाएका छन्। सयौंको अझै पनि लास वा सास पत्तो छैन। यौन हिंसा र यातनाले विक्षिप्त हुने सयौं छन्। हजारौं पीडितको न्यायको संघर्षसँग जोडिएको विषय तत्कालीन विद्रोही र सत्तासीनहरू आयोगको कठघरामा उभिन तयार नहुँदासम्म टुंगोमा पुग्ने छैन। संस्थागत गल्तीमा सार्वजनिक माफी माग्न र प्रत्यक्ष संलग्नतामा सजाय भोग्न तयार हुनैपर्छ। अनेक चालबाजी गरेर उन्मुक्ति खोज्ने प्रवृत्ति अब स्वीकार्य छैन।

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि

नेपाल

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया** निर्देशक : **स्वस्तिका सिरोहिया** सम्पादक : **बसन्त बस्नेत** समाचार संयोजक : **सन्तोष आचार्य** नायब प्रमुख संवाददाता : **राजकुमार बानियाँ** वरिष्ठ संवाददाता : **जनक नेपाल, माधव बस्नेत** सहायक वरिष्ठ संवाददाता : **योगेश ढकाल, मनबहादुर बस्नेत, गोकर्ण गौतम** संवाददाता : **सुनिता लोहनी, यम बम** अर्थ : **विजयराज खनाल** कपी डेस्क : **गोकुल अर्याल, गुरुङ सुशान्त** तस्बिर : **रवि मानन्धर** (संयोजन), **सरोज बैजु** सज्जा : **चन्द्रकुमार प्रजापति** (संयोजन), **घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी** कार्टुन/ग्राफिक्स : **रवीन्द्र मानन्धर** मार्केटिङ : **असुरारी ज्ञवाली**

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौं, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. १६२२), फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np, पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौंमा मुद्रित, प्रकाशन मिति : २९ असार २०७६, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

नेपालमै अब्बल पढाइ

नेपालमा पनि अन्तर्राष्ट्रिय स्तरको पाठ्यक्रमअनुसार पढाइ सञ्चालन हुन थालेको रहेछ भन्दा खुसी लाग्यो *(नयाँ-नयाँ विषयको लहर, २९ असार)* । केही वर्ष अघिसम्म विद्यार्थी/अभिभावक छनोटअनुरूपका विषय अध्ययन नहुँदा धेरै नेपाली विद्यार्थी विदेश जाने गर्थे । यो क्रमलाई अहिले नेपालका केही निजी तथा सरकारी शिक्षण संस्थाले हटाउन सफलता पाएछन् । विदेशी विद्यालयका पाठ्यक्रमअनुरूप पढाइ सञ्चालन गरिंदा विदेशमा अध्ययनका लागि खर्चिने करोडौं रूपैयाँ नेपालमै उपयोग हुन सक्छ । अभिभावक पनि आर्थिक बोझबाट मुक्त हुन सक्छन् ।

■ **अलिसा खत्री**
गोदावरी नगरपालिका, ललितपुर

सल्लाहकार पनि दोषी

दुई तिहाइ बहुमतका शक्तिशाली प्रधानमन्त्री केपी ओलीलाई बारम्बार विवादमा ल्याउनेमा उनकै सल्लाहकार दोषी देखिए *(हचुवामै घोषणा, अनि ब्याक गियर, २९ असार)* । विभिन्न ऐनकानुन बनाउँदा सरोकारवालाको चासो बुझ्नुको साटो प्रधानमन्त्रीका सल्लाहकार समूहको रुचिअनुसार गर्न थालिएपछि नै विवाद बाहिरिएजस्तो लाग्यो । सिंहदरबारको कर्मचारी संयन्त्र, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, महान्यायाधिवक्ताको कार्यालय, प्रधानमन्त्रीको सल्लाहकार समूहलगायत निकाय विवाद ल्याउनमा दोषी छन् ।

■ **किशोर खतिवडा**
गल्छी गाउँपालिका, धादिङ

कांग्रेस नेतृत्व नै कमजोर

लामो इतिहास बोकेको नेपाली कांग्रेस ०१७ मा राजा महेन्द्रले कु गर्दा पनि अहिलेजस्तो कमजोर थिएन *(कांग्रेस नेतृत्वका १० गल्ती, २६ जेठ)* । सभापति शेरबहादुर देउवाको जिम्मामा पार्टी पुगेपछि भागबन्डाका कारण प्रतिपक्षीको भूमिका निरीह भएको हो । ०६४ को चुनावमा हार्नुपरे पनि गिरिजाप्रसाद कोइरालाजस्ता नेता भएकैले प्रचण्डको प्रधानमन्त्रित्व काल लामो हुन सकेन । अहिलेका कांग्रेस नेताहरूमा जनताको मात्र नभई आफ्नै कार्यकर्ताको पनि विश्वास छैन ।

■ **अनिता दाहाल रेग्मी**
कामनपा-५, काठमाडौं

ट्वीट

इन्डो-प्यासिफिकमा चुलिंदो नेपाल चर्चा
Tamang 大 鑿 @van_blon

विस्तृत र केही मात्रामा परिणाममुखी विचार । मुख्य कुरा के भने नेपाल भौगोलिक बन्दीका रूपमा रहेको छ । यही कारण दिल्लीले या त नमस्कार या त विविध किसिमले दुःख दिइरहेको छ । तर अमेरिका एसिया महादेश र समुद्रदेखि धेरै टाढा छ । हाम्रा लागि चीन मात्र विकल्प हो ।

लाइटर
jaaduchhabi @jaaduchhabi

स्कुल पढ्दा मेरो एउटा साथी थियो । ऊ भन्थ्यो- म मरेपछि मसँग ऐच्छिक गणितको किताब पनि जलाइयोस् !

घरमा ताल्चा ठोकेर भारतमा चौकीदारी
makar shrestha @MakarShrestha

मन छुने स्टोरी । छिमेकी घरमा ताल्चा लगाएर बिदेसिनुको कारण खोतल्दै मीनबहादुर भन्छन्, "यता बसेर उसै पनि खान पुग्दैनथ्यो, पोहोर साल सडक खन्दा भएको जग्गा जति पहिरोले पुरियो, अनि सबै भारत पसे ।"

PM Magar @itsPMgr

यसरी सडक निर्माण गर्नेलाई कारबाही हुनुपर्छ । अक्सर गाउँमा सबैतिर यस्तै हुने गर्छ । जसको घरमा जान्नेबुझ्ने मान्छे छैन, जसका लागि बोलिदिने कोही हुँदैन, उसैको जग्गामा सडक निर्माण गरिन्छ ।

फल्टी इन्जिनियरिङका दुष्परिणाम
Krishna Gyawali @ruru_krishna

पद्धति (नियम, कार्यविधि र निर्देशिका, जनशक्ति र संस्थागत संयन्त्र) ठ्याक्कै नभएको पनि होइन । यत्तिका वर्ष भयो, सरकारी संरचनाले काम गर्न थालेको । हामीजस्तै मान्छे छन् त्यहाँ पनि । हामी आफैं थियौं । सबै खराब नि छैनन् । तर पनि पद्धतिलाई किन क्रियाशील बनाउन सकिएन ? कहाँ चुक्यौं हामी ?

पोस्ट

हचुवामै घोषणा अनि ब्याक गियर
Udaya Shrestha

मन मात्रै भएर पुग्दैन, क्षमतावान र नैतिकवान हुनुपर्छ देश हाँक्नेहरू । सुख, समृद्धि र सुशासन भनेको त्याग, तपस्या र गतिलो नेतृत्वले ल्याउने हो । उखान टुक्का र गफै मात्रले देश विकास हुने हो भने उखानैमा दोहोरी खेल्न सक्ने र गफैले संसार हाँक्न सक्ने कलाकारको कति पनि अभाव छैन यो देशमा ...! सारा समय महाभ्रष्टलाई पाल्न-पोस्न र हुर्काउनमा लगाउने, अनि सोझासीधा जनतालाई सुख-समृद्धिका झूटा आश्वासन दिएर उल्टै रसातलमा पुऱ्याउने काम कसैले गर्नुहुन्न ।

तटस्थता र मौनताको संस्कृति
Naresh Kangmang Rai

सकारात्मक आन्दोलन र लैंगिक विभेदविरुद्ध पुरुष नआउने कुरो कही हुन्छ र ? कैलाश राईका तर्कलाई हेरेक तह/तप्काका महिला र राष्ट्रपति (सरकार) ले पनि पढ्ने कि ? सकारात्मक लैंगिक-जातजातीय सम्बन्धको मान्यता अपनाउन, मानव अधिकार र सामाजिक न्यायको सिद्वान्त प्रवर्द्धन गर्दै लैंगिक न्याययुक्त संरचनागत रूपान्तरण चाहने हो भने त्यस्तो 'तटस्थ' र 'मौन' संस्कृति तोड्नु आवश्यक छ ।

प्रतिक्रियाका लागि
nepalpatra@kmg.com.np
लेख रचनाका लागि
nepalmag@kmg.com.np

@NepalMagazine @NepalMagazine @nepalmagazine

संग्रहागारदेखि संग्रहालयसम्म

इतिहास र संस्कृति विषयको अध्ययन र निजामती सेवा प्रवेशको पहिलो चरणमै नेपाल म्युजियममा पोस्टिङ (०२३) भएकाले मलाई संग्रहालयप्रति अझ बढी रूचि जाग्यो । ऐतिहासिक, धार्मिक, सांस्कृतिक, कलात्मक, पुरातात्त्विक वस्तुको संरक्षण गरी ज्ञान बढाउने उद्देश्यले स्थापना गरिने संग्रहालयको इतिहास निकै पुरानो भए पनि नेपालमा हालै मात्र विकास भएको हो ।

नेपालमा संग्रहालयको इतिहास शाहकालदेखि सुरू भएको मानिन्छ । तर मल्ल र लिच्छविकालमै मन्दिर तथा विहारहरूलाई हातहतियार तथा धार्मिक पुस्तक भण्डारणको परम्पराले संग्रहालयको झल्को भने दिएका छन् । काठमाडौं उपत्यकाका तीन दरबारमध्ये हनुमानढोकामा रहेको मल्लकालीन पुस्तकालयलाई राजा गीर्वाणयुद्ध विक्रम शाहले व्यवस्थित गरेका थिए, जुन मैले लेखेको र मदन पुरस्कार गुठीको मुखपत्र *नेपाली* त्रैमासिकमा प्रकाशित छ ।

नेपालको सबैभन्दा प्राचीन पुस्तकालय (ग्रन्थकुटी) नेवारी भाषामा सफूथुछँ रहेको विसं १२४० मा प्रकाशित *इतिहास समुच्चय* ग्रन्थ पुष्पिकामा विष्णुदास जोशीले लेखेका छन् । यस स्थानमा पूर्वराजा-महाराजाका जीवनीसम्बन्धी विभिन्न प्राचीन, ऐतिहासिक वस्तुसमेत संगृहीत छन् । नेपालका संग्रहालय राजा/महाराजाको भौतिक वस्तु संकलन गर्ने मात्र नभई तत्कालीन सभ्यताको प्रामाणिक दस्तावेज पनि हुन् ।

नेपालका पहिलो प्रधानमन्त्री जर्नेल भीमसेन थापा (१८६३-१८९४) का दुई निवासस्थान थिए । तीमध्ये एउटा काठमाडौंको लगन र दोस्रो काठमाडौंकै छाउनी थियो । लगनमा उनी स्थायी रूपमा बस्थे भने छाउनीमा सैनिक कवाज हेर्न जाँदा रात बिताउँथे । छाउनीस्थित भीमसेन थापाको घरलाई राणाकाल विसं १९८५ मा स्वदेशी तथा विदेशी हातहतियारको संग्रहागार सिलखाना (आर्सनल) बनाइयो । विसं १९९५ मा यो संग्रहागार सर्वसाधारणका लागि खुला गरिएको नेपाल म्युजियमको स्थापनाबारेको सन्दर्भमा उल्लिखित छ । विसं १९९८-०९९ तिर खुलेको जुद्ध जातीय कलाशाला हातहतियारबाहेकको आधुनिक संग्रहालयमा परिणत भयो ।

कालान्तरमा जुद्ध जातीय कलाशालामा ढुंगा, माटो, धातु, काठ, हाडका कलाकृतिलाई छुट्टाछुट्टै रूपमा संकलन गरियो । नेपालको पहिलो प्राकृतिक संग्रहालय पनि स्वयम्भूमै छ । पुरानो छाउनी सिलखाना र जुद्ध जातीय कलाशालालाई एकीकृत गरी नेपाल म्युजियम (राष्ट्रिय संग्रहालय) नामकरण गरियो, विसं १ फागुन १९९५ मा । सर्वसाधारणका लागि खुला गरिएको नेपाल म्युजियमले विसं ०१३ मा प्राचीन स्मारक संरक्षण ऐन कार्यान्वयनमा आएपछि गति लिएको हो ।

हरिराम जोशी

नेपालको ऐतिहासिक र प्राचीन इतिहाससम्बन्धी जानकारीको लगत राखिराख्न लुम्बिनी र कपिलवस्तुमा भगवान् गौतमबुद्धसम्बन्धी उत्खनन गरिएका विभिन्न वस्तुको संरक्षण र संग्रह गर्ने उद्देश्यले कपिलवस्तुमा संग्रहालय स्थापना गरिएको छ । यो संग्रहालयमा पुरातात्त्विक वस्तु भाँडाकुँडा, माटो तथा प्रस्तरका मूर्ति तथा अन्य कलाकृति राखिएको छ । प्राचीन मानव सिर्जनाको अद्वितीय महत्त्व राख्ने ऐतिहासिक, पुरातात्विक र सांस्कृतिक महत्त्वका कला वस्तुको वैज्ञानिक ढंगले सञ्चालन, संरक्षण र अभिलेखन गरी सर्वसाधारणलाई जानकारी दिन संग्रहालय खोल्ने चलन संसारभर छ ।

जागिरे जीवनको अन्तिम समय तत्कालीन श्री ५ को सरकारले देशका ५ वटै विकास क्षेत्रका सदरमुकाममा क्षेत्रीय संग्रहालय स्थापनाको घोषणा गरेको थियो । क्षेत्रीय संग्रहालयको मूल उद्देश्यचाहिं सम्बन्धित क्षेत्रको ऐतिहासिक तथा सांस्कृतिक वैभव र जनजीवनको प्रस्तुति झल्काउनु रहेको हुन्छ । त्यसमध्ये धनकुटा र पोखरामा संग्रहालय स्थापना भइसकेको छ । पोखरामा नेपालका हिमाल आरोहणका क्रममा भएका घटनाक्रमलाई नजिकबाट नियाल्न मिल्ने गरी बृहत् पर्यटन संग्रहालय स्थापना भइसकेको छ ।

इतिहाससम्बन्धी विज्ञता हासिल गरेको मेरा लागि नेपाल म्युजियमको जागिर अद्यापि पुरातात्त्विक तथा साहित्यार्जनका लागि मार्गदर्शक बनिरहेको छ । म्युजियममा १० महिनासम्म काम गरेर पुरातत्त्व विभागमा काज सरूवा भएपछि पनि मलाई नेपालको प्राचीन इतिहास, संग्रहालय, मूर्ति, शिलालेखलगायत विषयमा गहिरो अध्ययन, अनुसन्धान गर्ने अवसर जुट्यो ।

■ **प्रस्तुति : गोकुल अर्याल**

प्रवेश

नेपालबाहिर

सुगामा माया बसेपछि

हाचिको कुकुरको कहानी त सुन्नुभएकै होला । जापानमा बनेको हाचिको मोनोगातारीको रिमेक हलिउडमा बनेको थियो, *हाचिको*को रूपमा । सत्य घटनामा आधारित फिल्ममा हाचिको नमरुन्जेल नौ वर्षसम्म मालिकलाई पर्खिबसेका थिए । यो त भयो, जनावरले मान्छेलाई गरेको माया ।

मायाका मामिलामा मान्छे पनि कम छैन । बेलायती नागरिक टेड रिचार्डलाई नै हेर्नुस् । उनलाई देशबासीले 'टेड प्यारोटम्यान' का रूपमा चिन्छन् । ब्रिस्टोल निवासी टेडले पूरै सुगाको प्वाँखजस्तै देखाउन अनुहारमा ट्याटु बनाएका छन् ।

*हफपोस्टडटकम*का अनुसार उनले सुगाजस्तै देखिन दुवै कान काटेका थिए । सुगाको जस्तै रंगीन आँखा बनाउन ट्याटु इन्क अर्थात् सुई हानेका थिए । सुई हान्दा उनी अन्धो पनि हुन सक्थे । उनले *बिलिभ अर नट* भिडियोमा भनेका छन्, 'मलाई वास्ता छैन ।'

भिडियोमा टेडको सुगाप्रतिको प्रेम बाल्यकालदेखि नै देखाएको छ । उनले रातो रङको पखेटा भएको सुगा काँधमा राखेका थिए । पछि

अनुहारमा ट्याटु खोपे, जहाँ पाँच रङका प्वाँख देखिन्छन् ।

उनले आफ्नो नाक पनि सुगाको चुच्चोजस्तै कालो रङले कोरेर बनाएका छन् । पाखुरामा पनि चराको प्वाँखजस्तै ट्याटु बनाएका छन् । शरीरलाई यस्तो बनाउँदा जति दुखे पनि टेड खुसी नै छन् । पन्छीप्रति यो हदसम्मको माया नभए के त ! ने

तस्बिरमा इतिहास

सहरको शोभाः **५५ वर्ष पहिले गणेशमान मल्लले खिचेको रानीपोखरीको तस्बिर । १२ वैशाख ०७२ को भुइँचालोले क्षति पुगेको पोखरीको हालसम्म पुनर्निर्माण हुन सकेको छैन ।**

साताका चर्चित

सूर्यप्रसाद सुवेदी
प्राध्यापक

आफ्नो विधामा उत्कृष्ट योगदान दिएबापत अक्सफोर्ड विश्वविद्यालयद्वारा महाविद्यावारिधि ।



स्वस्तिमा खड्का
अभिनेत्री

'सार्क फिल्म फेस्टिबल' मा *बुलबुल*बाट 'स्पेसल' जुरी अवार्ड ।

कन्चन अमात्य
उद्यमी

बेलायतको प्रतिष्ठित डायना मेमोरियल अवार्ड जित्ने सफल पहिलो नेपाली युवा ।

राजकुमार रौनियार
उपकुलपति, बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान

प्रतिष्ठानको नयाँ भवन ठेक्का दिएबापत सेवाग्राहीसँग ८ लाख रुपैयाँ घुस ।

सोझै

तथ्यचित्र

सुर बेसुर

विषादी प्रकरणमा कूटनीतिक च्यानलबाट आएको पत्रमा गरिएको सम्बोधन वा कार्यान्वयन प्रक्रियागत विषय हो । यसमा यो वा त्यो मन्त्रालयको जिम्मेवारी भनेर पन्छिने अवस्था छैन । यो सरकारको सामूहिक जिम्मेवारीको कुरा भएकाले सामूहिक रूपमै जिम्मेवारी लिनैपर्छ । यसबारे सरकारले छानबिन गर्छ, छलफल चलाउँछ र भएका गल्ती-कमजोरीको समीक्षा हुनेछ ।

प्रदीप ज्ञवाली
परराष्ट्रमन्त्री
कान्तिपुर

सुरेश किरण

विषालु ट्वीट

बजारमा विषालु तरकारी र विषालु फलफूलबारे चर्चा भइरहेकै बेला बालुवाटारबाट एउटा ट्वीट सार्वजनिक भएको छ । विषालु तरकारीले कति मानिसलाई घाइते बनायो, त्यो अहिलेसम्म थाहा भइसकेको छैन । तर बालुवाटारबाट आएको यो ट्वीटले भने धेरैलाई घाइते बनाइसकेको छ । त्यसैले कोही कोही त के पनि भन्छन् भने भारतबाट आएको तरकारीभन्दा पनि बालुवाटारबाट आएको ट्वीट बढी विषालु छ । केही मान्छेलाई अहिले तरकारीले भन्दा पनि ट्वीटले बढी असर पारेको देखियो । त्यसैले यसको सिकार भएका मानिस यो ट्वीटलाई पनि 'विषालु ट्वीट' भन्न थालेका छन् । तरकारीको विष के विष, ट्वीटको विष पो विष ।



बजारमा तरकारी मात्र होइन, अहिले त ट्वीटसमेत विषादी परीक्षण नगरीकनै आउन थालेको रहेछ ।

मूलधारको पार्टी

सत्तारुढ नेकपाका द्वितीय अध्यक्ष कमरेड पुष्पकमल दाहालले यही पार्टी अब कम्युनिस्ट शक्तिको मूलधार हुने बताएका छन् । मूलधारको पार्टी नै यही भएको कारणले अब बाँकी बचेका कम्युनिस्ट नेताहरूलाई पनि यसमै समाहित हुन आह्वान गरेका छन् । उनले भनेका छन्, "अब नारायणमान बिजुक्छे पनि यही पार्टीमा आउनुस्, मोहनविक्रम पनि यही पार्टीमा आउनुस्, सीपी मैनाली पनि यही पार्टीमा आउनुस् ।"

जम्मै नेताहरू अब यही पार्टीमा आउनुपर्छ भन्ने प्रचण्डको भनाइ थियो । वास्तवमा आउनु पनि पर्छ । यो नै मूलधारको पार्टी भनेर जम्मैले महसुस गरिसकेका छन् । त्यही महसुस गरेर हालै दीपक मनाङेसमेत यही पार्टीमा प्रवेश गरेका छन् । दीपक भनेको को नै हो र ? ठमेलमा छोटामोटा गुन्डागर्दी गर्ने उही लोकल डन त हो नि । तर अब मूलधारको कम्युनिस्ट पार्टी नेकपा नै हो भन्ने कुरा त्यस्तो लोकल डनलाई समेत थाहा भइसक्यो । त्यसैले उनीहरू धमाधम पार्टी प्रवेश गरिरहेका छन् । त्यस्ता सानातिना डनलाई समेत थाहा भइसकेको कुरा जीवनभरै वाम राजनीति गरेका नेताहरूलाई भने अहिलेसम्म थाहा छैन । थाहा भएको भए त अस्ति नै पार्टीमा गुटुटुटु आइसक्थे होलान् । खै, अहिलेसम्म कोही आएको छैन । हाम्रा ठूल्ठूला नेताहरूले एउटा लोकल डनलाई थाहा भइसकेको कुरासमेत अहिलेसम्म थाहा पाएका छैनन् । कुरो थाहा पाएर डनहरूसमेत मूलधारमा समाहित भइसके, ठूला वाम नेताहरू अहिलेसम्म समाहित हुन आएका छैनन् । विडम्बना होइन यो ?

चित्तको भित्तोमा एक प्रश्न



खगेन्द्र संग्रौला

शंकर लामिछाने घरिघरि भन्थे– जीवनमा नयाँ केही छैन । र, अब नयाँ हुनु पनि केही छैन । जे भइसक्यो, अब हुने केवल त्यसैको पुनरावृत्ति हो । सविनय प्रश्न सोधिन्थ्यो- तब मान्यवर, साहित्यका नाउँमा यो थोत्रो जीवनबारे थोत्रा कुरा लेख्नु किन ? बासीको पुनरावृत्ति त भनै बासी पो हो । प्रयोगधर्मी उत्तर आउँथ्यो- केवल पुरानोलाई नयाँ कोणले हेर्न र नयाँ काइदाले भन्न । लामिछानेको यो कथनलाई मैले निरपेक्ष सत्य मानिनँ । र, असहमतिमा मैले भनिरहें- जीवन नित्य नयाँको उपासना हो । नयाँको अन्वेषण । नयाँको आविष्कार । सोचाइमा, अनुभूतिमा, भोगाइमा, सम्बन्धमा । हर चीजमा । यतिका दिनपछि, अचेल मलाई लामिछानीय कथनको प्रेतले लखेटिरहेजस्तो लाग्छ । र, मलाई जीवन तत्काललाई केवल थोत्रो-पुरानोको घोर अरूचिकर कार्बनकपीजस्तो छ । मियोवरिपरि बूढो गोरूझैं निरन्तर घुमिरहेको । यहाँ यो सानो अनुभव म आज कहन्छु ।

एक हातमा लाइट छ, अर्को हातमा लठ्ठी । कुममुनि छ, उही खुइलिएको रातो झोला । म बिहान ४ बजे 'मर्निङ वाक' मा निस्कन्छु । माथि चाबेलदेखि तल गुह्येश्वरीसम्म जे देख्छु, सुन्छु र अनुभूत गर्छु, मलाई सबै पुरानो लाग्छ । सबै फगत बासी कार्बनकपी । त्यसैत्यसै उच्चाटलाग्दो । के जाडो के गर्मी, के बतास के बर्खा, खुला पेटीमा सधैं तन्नम भिखारी सुतिरहेको हुन्छ । विनोद चौधरीको वैभवको विशाल रासको छेवैमा । मानिसद्वारा पूर्ण परित्यक्त भई भुस्याहा कुकुरको साथमा । छेवैको धमिलो आहालमा ट्वारट्वारे भ्यागुतो कथा सुनाइरहेको हुन्छ । बतासे बातमा समृद्धि र सुखको कथा । हावा गफमा समानता र समाजवादको कथा । सबै बासी, सबै

फेरि मिडियामार्फत जानकारी

तरकारीमाथि गरिएको परीक्षण रोक्नू भनी भारतले एउटा चिट्ठी पठाएको रहेछ । दुनियाँलाई त्यसबारे थाहा भइसके पनि प्रधानमन्त्री केपी ओलीलाई रहेनछ । चिट्ठी आएको करिब दुई सातापछि उनले भने, "कुन चिट्ठी हो, मलाई त थाहै छैन ।"

खैर केही छैन । त्यतिबेला नभएको भए पनि अहिले त राम्रै थाहा भयो होला किनभने अहिले भारतद्वारा प्रेषित उक्त चिट्ठीबारे सञ्चार माध्यममा समाचार आइसकेको छ । केही पत्रिकाले उक्त चिट्ठीको फोटोसमेत छापिसकेका छन् । सञ्चार माध्यममै आइसकेपछि त्यसैमार्फत प्रधानमन्त्रीले थाहा पाइसके होलान् भन्ने आशा गर्न सकिन्छ । हुन त भारतले चिट्ठी परराष्ट्र मन्त्रालयमार्फत उनलाई नै पठाएको हो । तर आफैँलाई पठाएको चिट्ठी पनि प्रधानमन्त्री भने सञ्चार माध्यममा आइसकेपछि मात्रै थाहा पाउँछन् । चिट्ठी उनैलाई आउने हो । त्यसबारे सबैलाई थाहा भइसकेको हुन्छ तर ओलीलाई थाहा भएको हुँदैन । जब मिडियामा आउँछ, तब मात्र प्रधानमन्त्रीलाई थाहा हुन्छ ।

यो सुनेर मान्छेलाई आश्चर्य लाग्न सक्छ । तर यो आश्चर्य लाग्नुपर्ने कुरा होइन किनभने प्रधानमन्त्री ओलीलाई त आफ्नै सरकारले गरेको काम-कुरासमेत मिडियामा आइसकेपछि मात्रै थाहा हुने गर्छ । गत साता सरकारले गुठी विधेयक फिर्ता लियो । त्यो कुरा पनि उनले मिडियाबाटै थाहा पाएका थिए । अहिले पनि भएको त्यही हो । भारतले प्रधानमन्त्रीलाई पत्र पठायो । तर आफैँलाई पठाएको पत्रबारे पनि उनले मिडियामा आएपछि मात्रै थाहा पाए ।

मिडियाको कति ठूलो महत्त्व हुन्छ भन्ने यसैबाट थाहा हुन्छ । तर प्रधानमन्त्रीज्यू त्यही मिडियामाथि कडाइ गर्ने कानुन ल्याउन किन यति उद्यत भएका होलान् ?

सरकारी-निजी स्कुल

गएको साता एसईईको परीक्षा सार्वजनिक भयो । नतिजा आउनेबित्तिकै पुनः एक पटक सरकारी स्कुल र निजी स्कुलको तुलना सुरू भइहाल्यो । सरकारी स्कुलमा पढ्नेहरू सी प्लस बढी, निजी स्कुल पढ्नेहरू ए प्लस बढी ।

तर सरकारी स्कुलका पक्षधरको तर्क छ, सरकारी स्कुल नराम्रो होइन । हामी पनि सरकारी स्कुलै पढेर आएका हौं । अहिले देशमा प्रधानमन्त्री, मन्त्री, न्यायाधीश, सचिव आदि भएका हस्तीहरू जम्मै सरकारी स्कुल नै पढेर आएका हुन् । यस्ता जनशक्ति तयार गर्ने सरकारी स्कुललाई कसरी नराम्रो भन्ने ?

भन्नाले देश यो दुर्गतिमा पुग्नुको पछाडि सरकारी स्कुलको पनि हात रहेछ, हैन ?

बितिगएको हिजोको कार्बनकपीतुल्य ।

जब गौरीघाट पुग्छु, म सधैं भक्तको करूण पुकार सुन्छु । 'हे गौरी माते ! यो भक्तलाई हेर ।' यसो नियाल्छु- याचक वृद्ध र अशक्त छैन । न त रोगी र कृषकाय छ । ऊ उमेरदार छ । पर्वत उचाल्लाजस्तो ज्यान छ । तर यो भुसतिघ्रे भीमसेनलाई मानौं आफूमाथि एकरत्ति विश्वास छैन । उसलाई आफ्नो कष्टसाध्य यत्न, आफ्नो लगन, आफ्नो उद्यम, आफ्नो पौरख र आफ्नो गौरवमाथि मानौं लेस मात्र पनि निष्ठा छैन । ऊ लु स्यूनवर्णित तन्नेरी कुममाथि बूढो टाउको भएको जीवात हो । र, नै ऊ आत्महीन मुद्रामा दिनानुदिन अगोचर गौरीसामु हात पसार्छ । मानौं अनस्तित्ववासी गौरीमाता पाषाणहृदयी छिन् । त्यसैले उनको कठोर चित्त पगाल्न यो याचक, यो लम्पट, निजत्वशून्य यो लरिल्वाँठ, यो निहुरमुन्टी 'न' रून्चे स्वरमा तुरूक्क आँसु चुहाउँछ- 'हे गौरी माते !' एउटा भक्त आउँछ, रून्छ, जान्छ । अर्को भक्त आउँछ, उसैगरी रून्छ, जान्छ । अनि अर्को, अनि अर्को, अनि झन् अर्को । तरूण, अधबैंसे र वृद्धको लावालस्कर । हिजो पनि, आज पनि, सके भोलि पनि । सके भोलिपछिका कतिकति भोलिसम्म पनि । उद्विग्न मुद्रामा म सोच्छु- के यो आत्महीन याचकहरूको बाहुल्य भएको देश हो ?

म फटाफट अलि परको गुह्येश्वरी पुग्छु । मेरो पछि लागेर भक्तिमार्गी याचक लमक-लमक उतै पुग्छ । र, ऊ पुनः उही रून्चे पुकार गर्छ- 'हे गुह्येश्वरी माते ! यो भक्तको रख्वे गर ।' भक्त ढाड दोब्याउँदै मन्दिरका मूर्तिहरूलाई एउटै नबिराई ढोग्छ । यो भक्त देहमा किञ्चित राप र तापसहितको छ । याचना गरिने पत्थरको मूर्ति जड छ । भक्त हलचल गर्छ, मूर्ति अचल छ । भक्तको मुखबाट लाचारीको लबजमै सही, वाणी प्रस्फुटन हुन्छ । मूर्ति अवाक् छ, त्यो हर्दम मौन छ । तैपनि जड मूर्तिका कृपाले कुनै दिन कतै शून्यबाट केही झर्ला कि भनेर लोभिँदै भक्त दिनानुदिन एकाबिहानै हात पसारेर तुरूक्क रून्छ । मेरो चित्तको भित्तोमा कष्टकर प्रश्न उठ्छ- के मानिसको पराश्रयमुखी अन्धभक्ति र दासतामुखी मूढमति उपचार नहुने मनोरोग हो ? प्रत्युत्तरमा सिंहासनवासी ट्वारट्वारे भ्यागुतो भन्छ- हो पनि, होइन पनि । यो द्वन्द्ववाद हो ।

दैलामा सिंहदरबार आ

फलो अप कर्णाली

लामो समय भारतमा मजदुरी गरेपछि अटो व्यवसायमार्फत स्वरोजगार हुने प्रयास गर्दै पञ्चपुरी नगरपालिकाका हेमराज देवकोटा

एर के भो !

चौकुने गाउँपालिका-७, जुम्ल्यामूलकी मीना विक र उनकी सासू हिउँकला। कामका लागि भारत गएका मीनाका पति अर्जुन बिरामी भई थला परेका छन्।

तस्बिरहरू : कलेन्द्र सेजुवाल

भारत सिमलामा स्याउ बगैँचामा काम गर्न पुगेका चौकुने गाउँपालिका-१ का दुई युवा

तस्बिर सौजन्य : जगतदल जनाला विक

कलेन्द्र सेजुवाल/सुर्खेत

पञ्चपुरी नगरपालिका-१०, तातापानीका नवराज ढकाल, २२, को अधिकांश समय भारतमा बित्छ। उनलाई घर नजिकैको क्याम्पसमा बीबीएस पढ्दै काम गर्ने रहर नभएको होइन। "वातावरण मिलाइदिने कसले ?" भन्छन्, "नीति बनाउने नेताहरू नै उतै जाऊन् भन्ने चाहन्छन्।"

संघीय सरकार त टाढा भइहाल्यो, नजिकको स्थानीय र प्रदेश सरकारले चाहे थुप्रै युवाको कालापहाड यात्रा रोक्न सकिन्छ। त्यही मेसो नमिलाउँदा पढाइ छाडी कामको खोजीमा भारत जानुपर्ने बाध्यता छ। "हामी गाउँमै बसेर पढ्दै काम गर्न थाल्यौँ भने उनीहरूको राजनीति धरापमा पर्ला। भरसक उतै बसून्, चुनावमा अघिपछि लाग्ने गरेर आऊन् भन्ने सोचाइ देखिन्छ," नवराज औडाहा पोख्छन्।

पश्चिम सुर्खेतका पञ्चपुरी, चौकुने र बराहतालका बढीजसो युवा कामको खोजीमा भारत जान्छन्। यहाँका अधिकांश युवाको पढ्ने र रोजगारी गर्ने उमेर भारतमा कुल्ली काम गरेरै बित्छ। नेताहरू भने गाउँमै स्वरोजगारका अवसर सिर्जना गर्न उदासिन देखिन्छन्।

लामो समय भारतमै काम गरेकाहरू अहिले स्थानीय तहमा जनप्रतिनिधि छन्। तीमध्येका एक हुन्, पञ्चपुरी-११ का वडा सदस्य वीरबले कामी। अर्काको देशमा गुलामी हुनुपर्दाको पीडा थाहा भए पनि नेतृत्वमा पुगेपछि काम गर्न गाह्रो हुने उनको अनुभव छ। भन्छन्, "हिजो नेताहरूले केही पनि गरेनन् भनेर धारे हात लगाएर गाली गरिन्थ्यो। युवालाई गाउँमै आयआर्जनका योजना ल्याऊँ भन्दा माथिकाले सुन्दैनन्।"

लामै समय भारतमा मजदुरी गरेर बिताएका पञ्चपुरी-१० का वडा सदस्य नैनसिंह विकले जनप्रतिनिधि चुनिएपछि स्थानीयको आयआर्जन बढाउन तातापानी गाउँमा बदाम खेती थालेका छन्। "गाउँघरमै आयआर्जनका कार्यक्रम ल्याउन सके कोही पनि मुग्लान पस्नुपर्दैन। यसका लागि जनप्रतिनिधिले नै सोच्नुपर्‍यो।"

नगरपालिकाले हालै ल्याएको नीति तथा कार्यक्रममा चुनौतीका १९ बुँदा समेटिए। तर त्यसमा दुई छाक जुटाउन भारत जानुपर्ने जनताको बाध्यता कतै उल्लेख छैन। स्वरोजगारका कुनै ठोस योजना छैनन्। "श्रमशक्ति भारततिर जानुपर्ने बाध्यताबारे थाहा छ," उपमेयर मुक्तिदेवी रेग्मी भन्छिन्, "तर बजेट अभावलगायत कारण उनीहरूलाई गाउँमै रोक्ने योजना ल्याउन सकेका छैनौँ।"

'गाउँ-गाउँमा सिंहदरबार' नारालाई संघीयताले उप्काइदिएको हो। चौकुने गाउँपालिका-७, जुम्ल्यामूलकी मीना विक, २४, लाई यो नारा सुन्दैमा उदेक लाग्छ। दुई महिनाअघि भारत गएका पति अर्जुन रोगले थला परेका

पति भारत गएपछि एक्लै खेतमा काम गर्दै पञ्चपुरी नगरपालिका-१०, तातापानीकी पवित्रा पोखेल ।

छन् । यता बारीको अनाजले एक महिना पुग्न मुस्किल छ । वेदना पोख्छिन्, “दैलोमा सिंहदरबार आयो भनेर के गर्नु ? दुःखले कहिल्यै छाड्ने होइन ।”

चौकुनेका ४ हजार ९ सय ७६ घरधुरीमध्ये २३ दशमलव ३५ प्रतिशत परिवार मात्र खाद्यान्नमा आत्मनिर्भर छन् । अन्य परिवारलाई रोजीरोटी जुटाउनैका लागि भारत जानैपर्ने बाध्यता छ । स्थानीय निकायले पहल गरे उनीहरूलाई गाउँमै रोजगारी दिन सकिन्छ । चालू आर्थिक वर्षमा गाउँपालिकाले ५ करोड लागत बराबरको सडक निर्माण गरे पनि स्थानीय श्रमशक्तिलाई परिचालन गरेन । डोजर-स्काभेटर लगाएर सडक खन्यो । “यो काममा हाम्रा छोराबुहारीलाई लगाएको भए अर्काको देशमा गुलामी गर्न किन जानुपर्थ्यो ?” मीनाकी सासू हिउँकला भन्छिन्, “हाम्रा लागि त सरकार छैन भन्दा पनि हुन्छ, दुःख नदेख्नेलाई केको सरकार भन्नू ?”

चुनावमा प्रलोभनका पोका बाँड्ने अनि जितेपछि वास्तै नगर्ने प्रवृत्तिले जनतामा जनप्रतिनिधिप्रति निराशा जागेको छ । पञ्चपुरी-१०, नार्सीकी पवित्रा पोखेलको ५ जनालाई वर्षभरि खान पुग्ने जग्गा भए पनि सिँचाइ अभावले उत्पादन न्यून हुन्छ । अगाडिबाट भेरी बगिरहेको छ, खेत भने बाँझै । पति कामको खोजीमा बर्सेनि भारत जान्छन् । “चुनावमा गरेको वाचाअनुसार सिँचाइ र खानेपानी पुऱ्याइदिएको भए पतिलाई भारत पठाउनुपर्ने थिएन,” भन्छिन्,“यहीं बाह्रैमास तरकारी फल्थ्यो, अन्न उब्जिन्थ्यो, बारीमै सुन फलेपछि किन जानु कालापहाड ?”

भोट माग्न भारतमै

चुनाव आयो कि त नेताहरू भोट माग्न भारतै पुग्छन् । मतदानका लागि घर फर्किन आग्रह गर्छन् । नेपाली मजदुरको बाक्लो बसोबास रहेका मुम्बई, नैनीताल, कुल्लु मनाली, सिमला, रुद्रप्रयागलगायत स्थानमा राजनीतिक दलका आप्रवासी संगठन नै खोलिएका छन् । “भारतबाट भोट हाल्न घर फर्किन्छौं, चुनाव सकिएपछि फेरि उही ताल,” नवराज भन्छन्, “हामीलाई सधैं भारततिर भास्ने भनेकै यहाँको राजनीतिले हो ।”

०४६ को परिवर्तनपछि पश्चिम सुर्खेतबाट शिवराज जोशी, तप्तबहादुर विष्ट, नरबहादुर विष्ट र नवराज रावत प्रतिनिधिसभामा चुनिएर काठमाडौं गए । सोही क्षेत्रका यज्ञबहादुर बिसी, बिन्दमान विष्ट र पुष्पा घर्ती कर्णाली प्रदेशसभामा छन् । यी नेताले बेरोजगारी समस्या समाधानमा सिन्कोसम्म नभाँचेको स्थानीयको गुनासो छ ।

उक्त क्षेत्रका प्रदेशसभा सदस्य बिन्दमान विष्ट सिँचाइ, वनमा आधारित उद्योग र पशुपालनलाई प्राथमिकतामा राखेर योजना बनाउनुपर्ने बताउँछन् । हाल चर्चामा रहेको चौकुने सिमेन्ट उद्योग र बेतान कर्णाली जलविद्युत आयोजना सञ्चालन भए त्यसबाट स्थानीय स्तरमा रोजगारीका अवसर सिर्जना हुने उनको भनाइ छ । “पश्चिमका खेतीयोग्य जमिनमा सिँचाइ मात्र गर्न सकियो भने वर्षैभरि खान पुग्ने अनाज र मनग्य तरकारी फलाउन सकिन्छ”, उनी भन्छन्, “प्रदेश र संघीय सरकारले वनमा आधारित उद्योग स्थापना र पशुपालन क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न सके भारत जानुपर्ने अहिलेको बाध्यता रोकिनेछ ।”

बाआमा भारत जाँदा बालबालिकासमेत पढाइ छाडेर त्यतै लाग्छन् । १२ असारमा चौकुनेको जुम्ल्यामूलस्थित आधारभूत विद्यालयमा पुग्दा तीन विद्यार्थी सोही दिन अभिभावकसँगै भारत गए । शिक्षक हिरासिंह दर्लामी भन्छन्, “यहाँ यस्तै हो, घरमा ताला लगाएर बाआमा हिँडेपछि बालबच्चा पनि सँगसँगै जान्छन्, पढाइ दोस्रो प्राथमिकतामा पर्छ ।”

पञ्चपुरी मासीका विनोद विक, १५, बम विक, १५, डम्बर पोखेल, ११, र शिवराज पोखेल, १३, चारै जनाले काम गर्न बाआमासँगै भारत जाने गरेको बताए । “हाम्रो स्कुलका थुप्रै साथीहरू अहिले पनि काम गर्न भारतमा छन्,” विनोद भन्छन्, “हामी पनि स्कुल बिदा हुनेबित्तिकै गइहाल्छौं ।”

बाआमाले भारतमा मजदुरी गर्दा पञ्चपुरीका हेमराज देवकोटा, ३२, उतै जन्मिए । लामो समय भारतमै काम गरे पनि अहिले स्वदेशमै स्वरोजगार भएका छन् उनी । ऋण काढेर ७ लाख ५५ हजारमा अटोरिक्सा किनेका छन् । “जिन्दगीभर कति भारत जानु भनेर यो व्यवसाय रोजेको हुँ,” देवकोटा खुसी साट्छन्, “मिहिनेत गर्दा यहाँ पनि राम्रै आम्दानी हुने रहेछ । पराया देशमा गुलामी गर्नुभन्दा त नेपालमै केही गर्नु राम्रो ।”

हेमराजजस्तै बराहताल गाउँपालिका-७, साँखका रोहित गरन्जाले पनि तरकारी खेतीबाट मासिक ४० हजार रुपैयाँ कमाउँछन् । काम खोज्दै भारतदेखि कतारसम्म पुगेका उनले ०७० बाट आफ्नै २ रोपनी खेतबारीमा तरकारी लगाएका छन् । भन्छन्, “मिहिनेत गऱ्यो भने यहीं पनि राम्रो आम्दानी हुँदो रहेछ । बेकार अर्काको देशमा पसिना बगाएर समय खेर फालियो ।” पञ्चपुरी-१० का वडासदस्य विकको विचारमा पुल, सडकजस्ता विकासे आयोजना निर्माणले मात्र हुँदैन । भन्छन्, “श्रमशक्ति स्वदेशमा टिकाउन आयआर्जनका अवसर सिर्जना गरिनुपर्छ । नत्र जतिसुकै विकास भए पनि हाम्रा युवाको भारत-यात्रा रोकिँदैन । यसमा तीनै तहका सरकारले गच्छेअनुसार काम गर्नुपर्छ ।” ने

सोकेसको फूल र दलित समावेशिता

आफ्नो जातीय विशेषाधिकार गुम्ने हो कि भन्ने त्रासले वर्णवादीहरूमा घर गरेको छ ।

[टिप्पणी]

घम्बर नेपाली

हालै लोकसेवा आयोगले स्थानीय तहका ९ हजार १ सय ६१ पदमा दरखास्त आह्वान गर्‍यो। प्रचलित ऐनअनुसार दलितका लागि ३ सय ७१ सिट आरक्षित गर्नुपर्नेमा ३० वटा मात्र राखियो। उक्त विज्ञापन संविधानको धारा २८५ ले ग्यारेन्टी गरेको समानुपातिक समावेशिताविरुद्ध भयो भनेर दलितलगायतका उत्पीडितले रिट दायर गरे। तर सर्वोच्च अदालतले पनि लोकसेवाकै भाषा बोल्दा समावेशिता सोकेसमा राखिएको फूलजस्तो हुन पुग्यो।

सरकारले देशलाई समाजवादतिर लैजाने घोषणा गरे पनि डेढ वर्षयता राज्यका निकायमा बढ्दो असमावेशिता, दलितका मागप्रति उदासीनता, अभिव्यक्तिमा क्षुद्रता र तिनीहरूमाथिको निरन्तर हिंसालाई नियाल्दा स्थिति उल्टो दिशाउन्मुख देखिन्छ।

दलित समुदायमाथि भएको अन्यायको क्षतिपूर्तिस्वरूप राज्यले समावेशिताको नीति लिएको हो। स्थानीय तहका वडा सदस्यमा दलित महिलाको उपस्थिति सन्तोषजनक देखिए पनि अरू पद, प्रदेशसभा, राष्ट्रिय सभा र प्रतिनिधिसभामा दलित संख्याको अनुपातमा सहभागिता समानुपातिक समावेशी सिद्धान्तविपरीत रह्यो। संघीय मन्त्रिपरिषद्मा जम्मा एक दलितले स्थान पाएका छन्। ७ प्रादेशिक सरकारमा एक जना पनि दलितले मन्त्री बन्ने अवसर पाएनन्। स्थानीय कार्यपालिकामा राखे पनि भूमिका नदिइएको दलित प्रतिनिधिको अनुभव छ।

लोकसेवा आयोगको प्रतिवेदन (०७४) अनुसार निजामती कर्मचारी ८६ हजार ६ सय ५६ छन्। अनुसन्धाता रमेश सुनामको अध्ययनअनुसार दलित समुदायबाट जम्मा १ हजार ७ सय ३३ कर्मचारीतन्त्रमा प्रवेश गरेको देखिन्छ। निजामती सेवामा जातिगत आधारमा प्रतिनिधित्व हेर्दा खस/आर्यको ३१.२ प्रतिशत जनसंख्या छ तर उनीहरूको प्रतिनिधित्व ६१.५ प्रतिशत छ। दलित १३.८ प्रतिशत छन् तर तिनको प्रतिनिधित्व १.४ प्रतिशत मात्र छ। निजामती सेवा ऐन, ०६४ ले आरक्षण व्यवस्था गरिसकेपछि पनि असमावेशिताको पीँधमा दलित समुदाय छ।

राज्यका मुख्य अंगमध्ये सबैभन्दा दलित असमावेशिता रहेको न्यायपालिका हो। हालसम्म जम्मा दुई दलित न्यायाधीश उच्च अदालतमा कार्यरत छन्। १९ चैत ०७५ मा न्याय परिषद्ले सर्वोच्चमा ५ र उच्च अदालतमा १८ न्यायाधीश सिफारिस गर्‍यो, जसमा १ जना पनि दलित परेनन्। न्याय परिषद् ऐन, ०७३ दफा ५ मा समानुपातिक समावेशिताको आधारमा न्यायाधीश नियुक्ति गर्ने व्यवस्था छ। यससम्बन्धी उजुरी सुन्ने अधिकार संविधानले न्यायालयलाई दिएको छ। अधिवक्ता मोहन साशंकरले ०७० मा २८ जना न्यायाधीश नियुक्ति असवैधानिक भयो भनेर दिएको उजुरीको अहिलेसम्म फैसला भएको छैन।

नेपालको बजेट इतिहास सात दशक पूरा भइसक्दा पनि दलितलाई भनेर बजेट विनियोजन हुन थालेको अढाइ दशक मात्र पुग्दैछ। आव ०७६/७७ को बजेटका लागि दलित बुद्धिजीवीले २१ बुँदे सुझावपत्र सरकारलाई पेस गरेका थिए। तर सरकारको ध्यान दलितका सवाललाई सम्बोधन गर्न संयन्त्र बनाउनेभन्दा भगत सर्वजितको नाममा दर्ता भएको सामाजिक संस्थालाई उत्थान गर्नतिर केन्द्रित भयो।

हजारौँ वर्षअघिको छुवाछूत र जातपातको कलंक आजको विज्ञान-प्रविधिमय युगमा हामीकहाँ टिक्न सफल भइरहेको छ। आफ्नै संविधानका सुधारमुखी व्यवस्था लागू गर्न राज्यका निकाय हिचकिचाउँदैछन्। देशको एक चौथाइ हिस्सा ओगट्ने दलितलगायत उत्पीडितलाई पाखा लगाएर सत्तास्रोतमाथि कब्जा जमाइराख्ने अर्थराजनीतिले काम गरिरहेको छ।

संविधान र कानुनमै व्यवस्था गरिएका प्रावधान राज्यका मुख्य अंगले उल्लंघन गर्छन्। उजुरी गर्‍यो कारबाही हुँदैन। यस पछाडिको मूल कारण भनेकै हिजोदेखि नै संरचनात्मक लाभांश लिइरहेकाले दलित समुदायमाथि गर्ने निरन्तर शोषणको मनसुवा हो। जात व्यवस्था समाप्त गर्ने हो भने आफ्नो जातीय विशेषाधिकार गुम्छ भन्ने त्रासले वर्णवादीहरूमा घर गरेको छ।

अरुन्धती रोयले भनेझैँ उच्च शासक वर्ग दलितमाथि हिंसा र शोषण टिकाइराख्ने अनेकौँ अनदेखा परियोजना चलाइराखेका हुन्छन्। छुवाछूत प्रथाजत्तिकै पीडादायी सती प्रथा नेपालबाट १९७७ मै नामेट भइसक्दा जात व्यवस्था टिकिराख्न किन सम्भव भयो ? कारण स्पष्ट छ, सती प्रथा 'उपल्लो जात' को परिवारसँग जोडिएको मामला थियो। त्यसको पीडाको प्रत्यक्ष हिस्सेदार उनीहरू पनि हुन बाध्य थिए। तर जात व्यवस्था तिनीहरूलाई स्रोत र शक्तिमाथि दोहन गर्न मिल्ने दुहुनो गाई भएको छ।

प्रधानमन्त्री केपी ओलीले एउटा अन्तर्वार्तामा भने, 'शासन व्यवस्थाको भागबन्डा जातका आधारमा कहाँ छ ? डाक्टर, इन्जिनियर, विद्यार्थी जातका आधारमा बाँड्ने ?' प्रधानमन्त्रीले नै शासन व्यवस्थालाई असमावेशी बनाउने परियोजनाको नेतृत्व गरिरहेको बुझ्न यो अभिव्यक्ति काफी छ। अहिले जनप्रतिनिधिले बनाएको संविधान, कानुनविपरीत मनपरी बोल्दै र गर्दै हिँड्ने प्रवृत्ति राज्यका अन्य निकायमा पनि सर्दै गएको मात्र हो।

एकल जातीय ओलीतन्त्रबाट केही चुहिहाल्ला कि भनेर दलित सांसद र नेताहरू मुख मिठ्याएर बसिरहेका छन्। हिजो ठूलो बलिदानबाट स्थापित भएका सीमित हकसमेत क्रमशः अपहरण हुदै जाँदा इतिहासका निर्माता उत्पीडितले कुन बाटो रोज्छन्, त्यसले नै समावेशिताको भविष्य दिशाबोध गर्नेछ।

फुक्काफाल कन्सल्ट्यान्ट

विदेशीको विकास सहायतामा फाइदाको व्यापार

योगेश ढकाल

पूर्वअर्थमन्त्री देवेन्द्रराज पाण्डेले २३ असारमा काठमाडौंस्थित मार्टिन चौतारीको छलफल सत्रमा बोल्ने क्रममा सबैलाई स्तब्ध पारिदिए । “विदेशी सहायताले ०६२/६३ को नागरिक आन्दोलनको एजेन्डा नै अलपत्र पारिदियो । लोकतान्त्रिक आन्दोलनलाई सघाउने भनेर एनजीओ जन्मेका थिए । हामीकहाँ पनि पस्ने हुन् कि भन्ने डर थियो,” उनले भने, “कस्तीमा एनजीओ/आईएनजीओका मानिस आन्दोलनमा आए पनि तिनीहरूको ब्यानर नआओस् भन्ने हाम्रो चाहना थियो ।”

अन्ततः भयो त्यस्तै । जनताका प्रतिनिधि नागरिक बसेको यो खुलासभामा पनि कसरी पस्न सक्दो रहेछ, विदेशी सहायता- यसतर्फ भने उनले प्रस्ट्याएनन् । सानोतिनो रकम हुन्थ्यो भने सायद कसैले वास्ता गर्ने थिएन । तर दातासँग लामो समय काम गरेका सरकारी अधिकारी तथा अनुभवीका कुरा सुन्ने हो भने तस्बिर भिन्न देखिन आउँछ । सहायताको डरलाग्दो अंक नेपालतिर अनि परामर्श सेवा, तालिम, प्राविधिक सहायता, प्रशासनिक खर्च र सवारी साधन खरिदजस्ता

शीर्षकमा ठूलो हिस्सा उतैतिर जाने गरेको छ ।

ती सरकारी अधिकारीको विश्लेषणमा दाताको सहायता घुमाउरो छ । एक हातले दिने, अर्को हातबाट लिने । हुन त महालेखा परीक्षकको कार्यालयले यी कुरा हरेक वर्ष उधिनिरहेको हुन्छ तर दाता र सरकार सुनुवाइ नै गर्दैनन् ।

दाताहरूले प्राविधिक तथा सफ्टवेयरमा मात्र नभई पूर्वाधार निर्माणमा गर्ने सहायताको ठूलो हिस्सा परामर्श सेवाको नाममा बाहिरिन्छ । पूर्वमुख्यसचिव विमल कोइरालाको विश्लेषणमा ठूला ऋणका परियोजना तथा अनुदान सहायतामा विदेशी परामर्शदाता सर्तसहित आउँछन्, जसले सहायता रकममध्ये ठूलो मात्रा विदेशिन्छ ।

महँगा परामर्शदाता

इन्टरनेसनल फन्ड फर एग्रिकल्चर डेभलपमेन्ट (आईफ्याड) को सहायतामा कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा उच्च मूल्य कृषि वस्तु विकास परियोजना ०६७ बाट सुरु भयो । आईफ्याडको करिब १ अर्ब ९० करोड (१८.९ मिलियन डलर) सहायताको परियोजनाले १ अर्ब ४८ करोड रुपैयाँ खर्च गर्दा परामर्श सेवामा ३५ करोड १६ लाख सक्यो । करिब २४ प्रतिशत रकम परामर्शकै नाममा खर्चिनु आफैँमा अस्वाभाविक थियो ।

विदेशी परामर्शदाताको खर्चबारे सरकारी उच्च अधिकारी प्रश्न उठाउने हिम्मत गर्दैनन् । बरु केही कर्मचारी त दाताको स्वार्थमा रुमल्लिएर ऋण सम्झौताका सर्तमा बार्गेनिङ गर्दैनन्, सम्बन्ध सुधारका लागि । ऋण तथा अनुदानको रकममा महँगो परामर्श सेवाशुल्क सर्तमा पर्नुको कारण त्यही भएको विज्ञहरूको भनाइ छ । कतिसम्म भने दाता रिझाएर अवकाशपछि रोजगारी पाइने लोभ देखिन्छ । त्यसैको परिणति, विदेशी परामर्शदाता संलग्न परियोजना समयमै सम्पन्न भएको अभिलेख छैन ।

यही बुझेर हुनुपर्छ, सरकारले भर्खरै वैदेशिक सहायता नीति, २०७६ मा परामर्श सेवामा गरिने खर्च ५ प्रतिशत मात्र हुनुपर्ने व्यवस्था गरेको छ । अर्थ मन्त्रालय वैदेशिक सहायता महाशाखाका उपसचिव नारायण ढकालका अनुसार परामर्श सेवा महँगो भएकाले ५ प्रतिशत कायम गर्न खोजिएको हो । "परियोजनाभित्रका परामर्शदातामार्फत मात्र होइन, प्राविधिक सहायताभित्र पनि परामर्शको ठूलो हिस्सा हुन्छ, त्यो रकम पनि विदेशिन्छ । त्यसैलाई रोक्न सरकारले नयाँ नीति लिएको हो," ढकाल भन्छन् । अहिलेकै अवस्थामा पनि परियोजनाको कुल रकमको २६ प्रतिशतसम्म बजेट परामर्शमा खर्च भइरहेको छ ।

महँगो परामर्श सेवाको अर्को परियोजना हो, व्यावसायिक कृषि तथा व्यापार आयोजना (प्याक्ट) । वास्तविक किसानसम्म नपुगेर विवादमा तानिएको प्याक्टले परामर्श सेवामा मात्रै ८० करोडभन्दा बढी खर्चेको छ । ०७५ असारसम्मको विवरणमा प्याक्टले ५ अर्ब १ करोड खर्च गरेको थियो । परियोजना टुंगिँदासम्मको पूर्ण हिसाबकिताब भने आइसकेको छैन ।

कृषि मन्त्रालयमा मात्रै विश्व बैंक, एसियाली विकास बैंक, आईफ्याड, स्वीस विकास को-अपरेसन (एसडीसी) लगायत दाताका अर्बौं बजेटका ९ परियोजना छन्, जसमा परामर्श सेवा महँगो छ । महालेखाको ५६ औँ प्रतिवेदनमै दातासँग परियोजना सम्झौतामै परामर्श सेवा अनिवार्य स्वीकार्यताले बोझिलो भएको उल्लेख छ ।

परामर्श सेवाशुल्कमा हुने खर्च दाताको रोजाइमा आउने परामर्शदाताका लागि हुन्छ । महालेखा परीक्षकको कार्यालयका सचिव बाबुराम गौतमका अनुसार त्यसरी सर्त स्वीकार्ने परिपाटीकै कारण विदेशी परामर्शदाताबाट अर्बौं रुपैयाँ दाताकै देशमा फिर्ता भइरहेको छ । महालेखाको ५६ औँ प्रतिवेदनमा पनि दाताको सहायता भएका परियोजनामा परामर्श सेवामा मात्रै करिब ११ अर्ब रुपैयाँ सकिएको उल्लेख छ ।

दाताको ऋण तथा अनुदानमा कृषि मन्त्रालयका ९ वटा परियोजनाको ३३ अर्ब ४१ करोड ३५ लाख बजेटमध्ये ०७५ सम्म करिब २० अर्ब रुपैयाँ सकियो । २० अर्बमध्ये परामर्श सेवामा मात्रै २ अर्ब ७१ करोडभन्दा बढी खर्च भयो । परामर्श सेवाको आवरणमा प्रशस्त रकम खर्चिनेमा कृषि मन्त्रालयसँगै जोडिन्छ, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय । मन्त्रालयमा वैदेशिक सहायताका ७ परियोजना छन्, जसले ०७५ को मध्यसम्म करिब १२ अर्ब खर्चेका छन् । त्यही खर्चमध्ये १ अर्ब ८८ करोड रुपैयाँ परामर्श सेवामा गयो । रेल, मेट्रो रेल आयोजनाले परामर्श सेवामा ३१.०८ प्रतिशत बजेट खर्चिंदा नागढुंगा सुरुङमार्ग परियोजनाले खर्चको २३.३० प्रतिशत परामर्श सेवामा सिध्यायो ।

कृषि तथा पशुपन्छी विकास, भौतिक पूर्वाधार तथा यातायात, ऊर्जा, जलस्रोत तथा सिँचाइ र खानेपानी मन्त्रालय मातहतका परियोजनामा परामर्शकै लागि अधिक खर्च भएको छ । त्यसो हुनुको खास कारण यी परियोजनामा अधिकांश विदेशी परामर्शदाता जागिरे हुनु हो । महालेखाका अनुसार त्यहाँका वैदेशिक सहायताका परियोजनामा १ खर्ब १६ अर्ब २२ करोडको बजेट छ । मन्त्रालयहरूले ०७५ सम्म ७५ अर्ब ७ करोड ५४ लाख खर्चेका छन् । त्यो खर्चमध्ये १० अर्ब ७९ करोड ९४ लाख रुपैयाँ परामर्शका नाममा सिद्धियो । जबकि कुल खर्चको १० प्रतिशतभन्दा बढी रकम परामर्श सेवामा खर्च गर्न नहुने विश्वव्यापी मान्यता छ । "यो रकममध्ये अधिकांश विदेशी परामर्शदाताका लागि खर्चिएको हो, जसले त्यो रकम उतै गयो," गौतम भन्छन् ।

मेलम्ची खानेपानी आयोजनाले परामर्शमा खर्चेको रकम पनि आश्चर्यलाग्दो छ । मेलम्चीमा अहिलेसम्म करिब २५ अर्ब २० करोड खर्च

नवराज खतिवडा

फन्ड बोर्ड र वर्ल्ड भिजनको सहयोगमा नुवाकोटमा निर्मित खानेपानी धारा

दातामाथि दाताको हात

विकासोन्मुख देशका लागि सबैले स्वीकारेको वैदेशिक सहायतासम्बन्धी पेरिस घोषणापत्र निकै चर्चित छ। पेरिस घोषणापत्रको चुरो भनेकै वैदेशिक सहायता विकासोन्मुख देशको राष्ट्रिय बजेट प्रणालीमार्फत खर्चिने भन्ने हो। तर दाताहरूको राइँदाइँ हेर्दा यहाँ त्यो घोषणापत्रको कुनै अर्थ देखिँदैन। अमेरिकी सहयोग नियोग (यूएसएड), बेलायती सहयोग नियोग (डिफिड), स्वीस सहयोग को-अपरेसन (एसडीसी), विश्व खाद्य कार्यक्रम, अस्ट्रेलियालगायतका प्रमुख दाता नै आईएनजीओमार्फत नेपाललाई सहायता गरिरहेका छन्।

नेपालमा काम गर्ने सम्बन्धित देशका आईएनजीओलाई परियोजना दिने अनि सरकारसँग सम्झौता गर्ने परिपाटी छ। अपारदर्शी बाटोबाट ०७५ मा मात्रै करिब १३ करोड ४३ लाख ३२ हजार अमेरिकी डलर अर्थात् करिब १३ अर्ब ४३ करोड दाताले विभिन्न आईएनजीओलाई परियोजना दिएका छन्। वैदेशिक सहायता नीति, २०७१ को दफा २ ले दाताको सहायता रकममध्येबाट आईएनजीओले खर्चिने गरी परियोजना पेस गर्न नसक्ने व्यवस्था छ। तर यूएसएडले नै आफ्नै देशको हेलेन केलर इन्टरनेसनललाई ५८ लाख ५८ हजार २ सय १५ र केयर नेपाललाई १० लाख ६५ हजार १ सय ३० अमेरिकी डलरको दुवै परियोजना सुआहारा नामक संस्थाबाट खर्चिने गरी परियोजना दिएको छ।

यूएसएडले नै बेलायती आईएनजीओ सेभ द चिल्ड्रेनलाई फुड एन्ड न्युट्रिसन प्रोग्रामका लागि ४० लाख डलर र मेरिस्टोमसलाई प्रोमोटिङ एग्रिकल्चर हेल्थ परियोजनामा ८४ लाख ७६ हजार ४ सय ५७ डलर दिएको छ। अस्ट्रेलियाले अमेरिकी आईएनजीओ द एसिया फाउन्डेसनलाई २७ लाख ५५ हजार २ सय ५ डलरको कन्फ्लिक्ट म्यानेजमेन्ट परियोजना दिएको छ।

नेपालको राजनीतिमा खुबै चासो राख्ने स्वीस विकास को-अपरेसनले जनमत सिर्जना गर्ने गरी काम गरिरहेको बेलायती आईएनजीओ बीबीसी मिडिया एक्सनलाई दिएको परियोजना विवादमा आएको थियो। त्यसबाट सुधार हुनुको सट्टा को-अपरेसनले उल्टै आफ्नै आईएनजीओ हेल्वेटास, इन्टरनेसनल कमिसन फर जुरिस्टलाई परियोजना दिएको छ। त्यसमा बेलायती सहयोग नियोग (डिफिड) अछूतो हुने कुरै भएन। डिफिडले आफ्नै आईएनजीओ अक्स्फामलाई भूकम्प पुनर्निर्माणसम्बन्धी ६० लाख २८ हजार ८ सय ५९ डलरको परियोजना दियो।

चेक रिपब्लिकको आईएनजीओ पिपुल इन निडलाई पनि भूकम्प पुनर्निर्माणको ३१ लाख ११ हजार ६ सय ६९ डलरको परियोजना दिएको डिफिडले अमेरिकी आईएनजीओ केयर नेपाललाई त्यही शीर्षकमा ३६ लाख ९५ हजार १ सय ७ डलरको परियोजना दियो। विश्व खाद्य कार्यक्रमले पनि नेपालका एनजीओभन्दा पनि दक्षिण कोरियाको गुड नेभरहुड आईएनजीओलाई रेजिलेन्स बिल्डिङ परियोजनाका लागि ६९ लाख ४१ हजार २ सय ३ डलर दिएको छ। नेपालको नाममा खर्चिने रकममध्ये ठूलो हिस्सा दाताकै प्रशासनिक र परामर्श सेवामा सकिन्छ।

दुवै खाले दाताका कर्मचारी, सवारी साधन र परामर्शदाताको सेवासुविधामा दोहोरो खर्च हुन्छ, जो निकै महँगा हुन्छ। विदेशी आवासीय प्रतिनिधि र परामर्शदातामध्ये एक जनाको वार्षिक औसत १ करोड रुपैयाँ खर्च हुन्छ। महालेखाको ५६ औँ प्रतिवेदनले भनेको छ, 'विकास साझेदार दाताले आईएनजीओलाई गैरकानुनी बाटोबाट रकम दिने प्रवृत्ति नियन्त्रण गर्न आवश्यक छ।'

भइसकेको छ। त्यो २५ अर्बमध्ये परामर्शदाताले मात्रै ५ अर्ब २६ करोड रुपैयाँभन्दा बढी विदेश लगिसकेका छन्। निर्माण कम्पनी सीएमसी भागेर इटाली फर्किसकेको छ तर तीन वटा परामर्शदाता कम्पनी नेपालमै छन्। मेलम्चीमा बजेट खर्चमध्ये २०.८९ प्रतिशत परामर्शमै सकिएको छ।

अझ आश्चर्यचाहिँ ०६१ सम्म नर्वेजियन कम्पनी नरप्लानले २ अर्ब १५ करोड परामर्श सेवामा लग्यो, जतिबेला मेलम्चीको २ प्रतिशत मात्रै काम भएको थियो। ०६५ मा सुरुङ निर्माण सुरु भएपछि तीन वटा परामर्शदाता कम्पनीले काम गरिरहेका छन्। मेलम्ची खानेपानी विकास बोर्डका प्रवक्ता राजेन्द्रराज पन्तको भनाइमा सुरुङ र हेडवर्क्स, पानी प्रशोधन तथा विस्तृत डिजाइनसम्म गरेर ५ अर्ब रुपैयाँभन्दा बढी रकम परामर्शमा सकियो।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका परियोजनामा पनि परामर्श खर्च उच्च छ। जल तथा मौसम विज्ञान विभागमा विश्व बैंकको ऋणमा वैशाख ०७० बाट २ अर्ब ५० करोड रुपैयाँको परियोजना सुरु भएको छ। विभागको संस्थागत विकास तथा क्षमता अभिवृद्धि पूर्वानुमानमा प्रणाली आधुनिकीकरण र सेवास्तर वृद्धि गर्ने उद्देश्यमा १ अर्ब ६ करोड ५३ लाख रुपैयाँ जलवायु प्रकोप समुत्थान निर्माण कार्यान्वयनमा खर्चियो। त्यसमध्ये परामर्शदाताका लागि २३ करोड ५३ लाख ५७ हजार सकियो। यसै मन्त्रालयको अर्को परियोजनालाई उदाहरण लिने हो भने जलसाधन योजना तयारी तथा सुविधा परियोजनामा १ करोड ३८ लाख डलर लागतको परियोजनामा ६५ लाख डलर परामर्शका लागि छुट्ट्याएको छ।

दुई वर्षअघिको यो सम्झौताझैँ झन्डै ३ अर्ब ६६ करोड डलर लागतको सामुदायिक सिँचाइ परियोजनामा ४५ करोड ४२ लाख डलर परामर्शका लागि खर्च हुँदै छ। यस्तै महँगो परियोजना सिँचाइ तथा जलस्रोत व्यवस्थापनसम्बन्धी छ, जसको लागत ५ करोड ८१ लाख डलर हो। तर परामर्श सेवामा मात्रै १ करोड ६३ लाख डलर खर्च हुनेछ।

परामर्शको कथा यत्तिमै सकिँदैन। भौतिक पूर्वाधार मन्त्रालयअन्तर्गतका परियोजनामा पनि परामर्श खर्च उच्च छ। एसियाली विकास बैंकको ऋणमा काम भइरहेको आयोजना निर्देशनालयको अवस्था पनि उस्तै छ। यो निर्देशनालयअन्तर्गत थुप्रै काम भइरहेका छन्, ती सबैमा परामर्श सेवा महँगो छ। अहिले पनि सासेक रोड कनेक्टिभिटी आयोजनाअन्तर्गत परामर्शदाताले सुपरीवेक्षण गर्ने गरी तोकेको १ सय ७० किमि सडकमध्ये ४५ किमिमा मात्र सम्झौता भएको छ।

मन्त्रालयका सहसचिव शिवहरि सापकोटा परामर्श सेवा महँगो भए पनि कतिपय सन्दर्भमा अनिवार्य भएको स्वीकार्छन्। "कतिपय आयोजनामा स्वदेशी परामर्शदाताले काम गर्न

निरन्तरको खोज :
२० माघको *नेपाल* अंक



सक्दैनन्," उनी भन्छन्, "त्यसले महँगा विदेशी परामर्शदाता स्वीकार्नुपर्छ।" सापकोटाकै भनाइमा बहुपक्षीयभन्दा पनि द्विपक्षीय दाताको ऋण तथा अनुदान सहायताको ठूलो हिस्सा परामर्शको नाममा विदेशिन्छ।

सन् १९९६ मा सम्पन्न दोस्रो सडक सुधार आयोजनाअन्तर्गतको चारआली-इलाम सडक मर्मतसम्भार परियोजनाको ७९ लाख रुपैयाँमा ५६ लाख ९५ हजार परामर्श सेवा खर्चिएको उदाहरण छ। लागतको ७१ प्रतिशत खर्च भएको यो घटनालाई बिर्सन नदिने अर्को परियोजना थियो, कदमाहा-गाईघाट सडक खण्ड। १ करोड ६२ लाख रुपैयाँको योजनामा ८२ लाख ६२ हजार अर्थात् ५० प्रतिशत परामर्श सेवामा सकियो। भादा-भुरीगाउँ सडकका लागि २ करोड २३ लाख रुपैयाँमा ८१ लाख ८ हजार परामर्श सेवामा खर्च भयो।

दोस्रो सडक सुधार आयोजना सकिएलगत्तै तेस्रो सडक सुधार आयोजना सुरु भयो। त्यसको २ करोड ३८ करोड ऋणमध्ये ३९ करोड ६४ लाख परामर्श सेवामा सकिएको उदाहरण छ।

तराईका जिल्लामा भूमिगत जल परियोजनाका लागि सरकार र विश्व बैंकबीच सन् २००० मा २ करोड २ लाख अमेरिकी डलरमा सम्झौता भयो। तर त्यस परियोजनामा लगानीको ३० प्रतिशत अर्थात् ७२ लाख डलर त परामर्श सेवामै खर्च भयो। १ अर्ब रुपैयाँ लागत रहेको भैरहवा-लुम्बिनी सडक आयोजनामा १६ करोड परामर्श सेवामा खर्चियो। त्यसमा अर्को पुरानो कथा जोड्ने हो भने नौबिसे-मलेखु सडक आयोजनामा ३१ करोड रुपैयाँ लागतमा १३ करोड ८८ लाख रुपैयाँ परामर्श सेवामै सकियो।

आईएनजीओको अचाक्ली

बेलायती आईएनजीओ फिन चर्च एडले सन् २०१७ मा एक जना परामर्शदाता नेपाल ल्याउन चाहेको थियो। उक्त आईएनजीओले विशेषज्ञ सल्लाहकारको हैसियतमा आन्तरिक लेखाजोखा नियन्त्रण गर्न आफ्नो विश्वासपात्र उतैबाट ल्याउन खोजेको देखिन्छ। स्रोतका अनुसार सरकारले त्यसरी ल्याउन अनुमति नदिएपछि अहिले उक्त आईएनजीओका कन्ट्री डाइरेक्टरले नै लेखामाथि निगरानी गरिरहेका छन्। यो सन्दर्भले देखाउँछ, आईएनजीओले परामर्शदाता कुन उद्देश्यले ल्याउन चाहन्छन् ?

"कतिपय दाताले परामर्शदाताको शुल्क विदेशमै भुक्तान गर्छन्, जसले नेपालमा सहायता कारोबारसमेत हुन पाउँदैन।

– **भीम भुर्तेल**
अर्थशास्त्री

आईएनजीओको बदमासीकै कुरा गर्ने हो भने नेपालमा करोडौँका परियोजना सञ्चालन गर्ने तर नेपालस्थित कार्यालयबाट कारोबार नगर्नेहरू पनि छन्। समाज कल्याण परिषद्का अनुसार 'नेपाल हिलफी' नामक जर्मन आईएनजीओले नेपालमा शालिग्राम बालगृह सञ्चालन सहयोग गर्दै आए पनि उसको नेपालस्थित मुख्य कार्यालयको बैंक खाताबाट कारोबार भएको देखिँदैन। यसो गर्दा नेपाल आउने रकमको एक हिस्सा उतै रहेको परिषद्का अन्तर्राष्ट्रिय संघसंस्था समन्वय महाशाखा प्रमुख दुर्गाप्रसाद भट्टराईको भनाइ छ।

आईएनजीओको दादागिरी कतिसम्म हुने गर्छ भन्ने अर्को दृष्टान्त 'वर्ल्ड एजुकेसन' नामक अमेरिकी संस्था हो। तीन महिना पहिले यूएसएडबाट २४ करोड रुपैयाँको परियोजना स्वीकृतिका लागि परिषद्मा पुगेको थियो। परिषद्ले परियोजनाको पारदर्शितामाथि प्रश्न उठाएर प्रस्ताव परिमार्जन गर्न सुझायो। परिमार्जनसहितको प्रस्ताव लिएर परिषद् पुगेको वर्ल्ड एजुकेसनको बजेट २ करोडमा झर्‍यो। त्यसको कारण अरू केही होइन, केवल यूएसएडले परिषद् नगई परियोजना सञ्चालनका लागि सुझाव दिनु हो।

वर्ल्ड एजुकेसनले एक महिना पहिला यूएसएड र अर्थ मन्त्रालयको दुहाइ दिँदै परियोजना परिषद्बाट स्वीकृत नलिई सञ्चालन गर्न सकिने बतायो। दाताको ऋणसँगै परामर्शदाता आउने हुँदा लागतभन्दा पनि तिनीहरूकै लागि बढी खर्च भएको सचिव गौतम बताउँछन्।

सबथोक उतै

खासगरी द्विपक्षीय सहायताका परियोजनामा निर्माण कम्पनी, निर्माण सामग्री, परामर्शदाता र अन्य जनशक्तिसमेत सम्बन्धित देशबाट आउने गर्छन् । यस्तो प्रवृत्ति चीन, जापान, कोरिया र भारतीय सहायतामा बढी देखिन्छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिव शिवहरि सापकोटाको भनाइमा ती देशले सहयोग गर्ने परियोजनासँगै परामर्शदाता ल्याउँछन् । जस्तो, धादिङको सिस्नेदेखि काठमाडौँ सतुंगलसम्मको नागढुंगा सुरुङमार्ग जापान सरकारको ऋणमा निर्माण हुँदैछ । त्यसको सबै जिम्मा जापानकै हाम्जा कम्पनीले ठेक्का पाएको छ । अब निर्माणका लागि सामग्री, उच्च तहका कर्मचारी, परामर्शदाता सबै जापानबाट आउनेछन् ।

यस्तै भएको थियो, कोटेश्वर-सूर्यविनायक सडक विस्तार परियोजनामा । बीपी राजमार्ग निर्माणमा पनि जापानले यही विधि अपनाएको थियो । "जापानले आफ्नै जनशक्ति, निर्माण कम्पनी, सामग्री प्रयोग गरेर बीपी राजमार्ग बनाइदियो । राजमार्ग सञ्चालनमा आएको एक वर्षमै टोयोटाका करिब ६ हजार २ वटा हायस गाडी नेपाल भित्रिए," अर्थशास्त्री भीम भुर्तेल भन्छन्, "यसले फाइदा कसले, कसरी, कति धेरै लिइरहेका छन् भन्ने प्रस्ट हुन्छ ।"

चिनियाँ सहायतामा पनि यस्तै प्रवृत्ति छ । तातोपानी नाकाको पुनर्निर्माण होस् वा रसुवामा निर्माणाधीन सुक्खा बन्दरगाह नै किन नहोस् । दरबार हाईस्कुल निर्माणदेखि चक्रपथ विस्तार परियोजनामा पनि चिनियाँ मोडल यही हो । उसले ऋण वा अनुदान सम्झौतामै चिनियाँ कम्पनीबाहेकले ठेक्का पाउनुहुन्न भन्ने सर्त राखेको हुन्छ । उतैबाट निर्माण सामग्री, परामर्शदातादेखि जनशक्तिसम्म आउँछन् ।

भारतकै लगानी हुने हुलाकी राजमार्गमा उताकै ठेकेदार कम्पनीलाई अनिवार्य गरिएको छ । यसो हुँदा निर्माण सामग्री पनि भारतबाटै ल्याउने प्रक्रिया स्वतः अघि बढ्ने नै भयो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्वप्रमुख आयुक्त सूर्यनाथ उपाध्यायको भनाइमा बहुदलकालपछि दाताहरू पूर्वाधारभन्दा परामर्श, तालिम र सेमिनारमा खर्च गर्न उत्साहित छन् । "पूर्वाधारमा सहयोग गर्ने दाताहरू पनि निर्माण कम्पनी, सामग्री, जनशक्ति उतैबाट ल्याउने सर्त राख्छन्," उपाध्याय भन्छन्, "त्यसले नेपालमा आउने सहायताको ठूलो हिस्सा उतै फर्किरहेको छ ।"

पूर्वअर्थसचिव शान्तराज सुवेदी पनि द्विपक्षीय सहायता दिएजस्तो देखाउने तर फाइदाजति उतै लैजाने प्रवृत्तिको स्मरण गर्छन् । "निर्माण कम्पनी, निर्माण सामग्री, सवारी साधन, जनशक्तिदेखि आवश्यक सबै उतै खरिद हुन्छ," सुवेदी भन्छन्, "अझ अनुदानमा आएको रकम त उनीहरूले नै लैजान्छन् ।" चीन सरकारले बनाइदिएको मुग्लिन पुलको फाइलसमेत सरकारसँग छैन । चीनले त्यस्तै पुल गोरखामा

विदेशी परामर्शदाता

१
द फ्रेड हलोज फाउन्डेसन, अस्ट्रेलिया
गुड नेवभरस इन्टरनेसनल, दक्षिण कोरिया
पपुलेसन सर्भिस इन्टरनेसनल, अमेरिका
द लेप्रोसी मिसन, युके
चाइल्ड फन्ड, जापान
वर्ल्डभिजन इन्टरनेसनल, अमेरिका
समर इन्स्टिच्युट अफ लिंग्वेस्टिक, अमेरिका
विल्ड चेन्ज, अमेरिका
द अम्ब्रेला फाउन्डेसन, आयरल्यान्ड
ह्याबिट्याट फर इन्टरनेसनल, अमेरिका
एक्सन एड इन्टरनेसनल, युके
ह्यान्डिक्याप इन्टरनेसनल फेडेरेसन
माउन्टेन चाइल्ड, अमेरिका
टेरे डेस, स्वीस

२
आम्दा माइन्डस, जापान
विलिंक नाउ फाउन्डेसन, अमेरिका
क्याथोलिक रिलिफ सर्भिस, अमेरिका
सेभ द चिल्ड्रेन इन्टरनेसनल, युके
विल्ड चेन्ज, अमेरिका

३
क्याथोलिक रिलिफ सर्भिस, अमेरिका
डी डब्लु, जर्मनी
सीईसीआई, क्यानडा

४ टेरे डेस, जर्मनी

१० युनाइटेन मिसन टु नेपाल

१८ आईएनएफ इन्टरनेसनल

स्रोत : समाज कल्याण परिषद्

बेलगाम परामर्शदाता

विदेशी परामर्शदाता कानुनी र नैतिक दुवै प्रश्नबाट फुक्काफाल छन् । आम्दानीको स्रोत देखाउनु नपर्ने सुविधासमेत तिनै परामर्शदातालाई छ । सरकारले अन्तर्राष्ट्रिय संघसंस्थामा कार्यरत नेपाली कर्मचारी तथा विदेशी परामर्शदाताको आयमाथि कर लगाउने प्रयास नगरेको होइन । तर दाता र आईएनजीओले सरकारी प्रयासलाई 'नपुछ्दा' त्यो सफल छैन । अर्थ मन्त्रालयले १० अक्टोबर २०१७ मा अन्तर्राष्ट्रिय संघ-संस्थामा कार्यरत परामर्शदाता र नेपाली कर्मचारीलाई लाग्ने आयकर काटेर सरकारी रेकर्डमा देखाउन पत्र काटेको थियो । तर अधिकांशले त्यो पत्रको बेवास्ता मात्र गरेनन्, दायित्व नभएको घुमाउरो जवाफसमेत दिए ।

कूटनीतिक नियोगमा कार्यरत विदेशी कर्मचारीको हकमा भने त्यो लागू हुँदैन । पूर्वअर्थसचिव शान्तराज सुवेदीका अनुसार कूटनीतिक नियोगमा कार्यरत नेपाली र आईएनजीओमा कार्यरत विदेशी कर्मचारीलाई भने आयकर लाग्छ । दाताको सहयोगमा सञ्चालित परियोजनामा कार्यरत विदेशी परामर्शदाताले मासिक १० हजारदेखि २५ हजार डलरसम्म कमाइ गर्छन् ।

विदेशी परामर्शदाताको आयकरमा छुट मात्र होइन, कानुनी उन्मुक्ति पनि छ । महालेखा कार्यालयका सचिव बाबुराम गौतमको भनाइमा उनीहरूका लागि कुनै विधि छैन । डिजाइन नमिले वा गलत परामर्श दिए कारबाही गर्न सकिँदैन । त्यसको फाइदा उठाएर परामर्शदाताले गलत डिजाइन मात्र गरेका छैनन्, परियोजनालाई दसौँ पटकसम्म म्याद थपाउन सफल छन् । त्यसको एक उदाहरण मेलम्ची खानेपानी नै हो ।

सिक्टा नहर निर्माण गलत डिजाइनमा भयो । नहरमा पानी सलल बग्नुको सट्टा जमेर बग्छ, जसले पर्याप्त निकासी हुँदैन । विश्व बैंकको ऋणमा निर्माण भएको मुग्लिन-नारायणगढ सडक खण्डको डिजाइनमा त्रुटि रहेकै कारण पहिरो रोकथाम गर्ने स्लोप निर्माणमा समस्या देखिएको पूर्वाधारविज्ञ सूर्यराज आचार्य औँल्याउँछन् ।

स्मरण रहोस्, मुग्लिन-नारायणगढ सडक निर्माण क्रममा ५६ जनाले ज्यान गुमाएका थिए । गलत डिजाइन हुने गरेको सन्दर्भलाई महालेखाको वार्षिक प्रतिवेदनले पनि पुष्टि गर्छ । "गलत परामर्श दिए पनि विदेशी परामर्शदातालाई कारबाही हुँदैन," सचिव गौतम भन्छन्, "त्यसै कारण गलत डिजाइन गर्ने र आयोजनाको म्याद बढाउने भूमिकामा समेत परामर्शदाता देखिएका छन् ।"

पनि बनाइदिएको थियो । त्यतिबेला केही नेपाली इन्जिनियर संलग्न थिए तर त्यसबारे न जानकारी राखे, न त अन्य कागजात नै ।

सहायतासँगै आउने परामर्शदाताले ज्ञान, सीप र प्रविधि हस्तान्तरण गर्नुपर्ने विश्वव्यापी मान्यता छ । तर नेपाली ज्ञान, सीप र प्रविधिबारे जानकारै हुँदैनन् । जापानले सन् १८७२ मा बेलायती सहयोगको सिम्दबासीदेखि योकोहामासम्मको रेलवे निर्माणमा सीप, ज्ञान र प्रविधि सिकाइ अनिवार्य गरेको थियो ।

त्यही सन्दर्भ दक्षिण कोरियामा पनि थियो । सन् १९६७ मा सोलदेखि बुसानसम्मको ४ सय २८ किमि लामो ४ लेनको सडक निर्माण गर्दा ठूलै संघर्ष गरेका थिए । विश्व बैंकले ४ लेनको सडक आवश्यक नभएको भन्दै कोरियालाई ऋण दिन मानेको थिएन । तर कोरियाले सडक चौडा कम गर्न चाहेन बरु ऋण नलिन तयार भयो । तिनै देश अहिले नेपालमा सहायता दिन्छन्, ठूलो रकम उतै फर्किने गरी ।

अर्थशास्त्री भुर्तेलको बुझाइमा दाताले प्राविधिक सहायताभित्र पनि परामर्श सेवा समावेश गर्न थालेका छन् । अझ कतिपय दाताले परामर्शदाताको शुल्क विदेशमै भुक्तान गर्छन्, जसले नेपालमा सहायता कारोबारसमेत हुन पाउँदैन । सहायतासँगै आउने सर्तले राजनीतिक नेतृत्वलाई समेत प्रभावित पारिरहेको हुन्छ । “प्रचण्डले भेनेजुएलाबारे वक्तव्य निकालेलगत्तै अमेरिकाले सहायतामाथि प्रश्न उठायो,” भुर्तेल भन्छन्, “दाताहरूले सहायताको आवरणमा यस्तो सामर्थ्य राख्छन् ।”

जर्मन सहायतामा ककनीमा निर्मित शौचालय जीर्ण हालतमा

प्रायः विकासोन्मुख देशमा विकास सहायता रकमको ठूलो हिस्सा आफैँतिर फर्किन्छ । एक अध्ययनअनुसार जर्मनीले अफ्रिकामा लगानी गरेको १ सय डलरमध्ये ९० डलर फिर्ता हुन्छ । र, त्यो अवस्था अमेरिकाको हकमा पनि लागू हुन्छ । उसले सयमध्ये ८८ डलर फिर्ता लैजान्छ । भुर्तेल भन्छन्, “कालीगण्डकी ए बनाउने क्रममा जापानी बैंकले आफ्नो परामर्शदाता राख्न दबाब दिएको थियो । दाताले महँगो दरमा परामर्शदातालाई भुक्तानी दिएर हामीलाई ऋणको भारी बोकाउँछन् ।”

कस्तो सहायता कति लिने भन्ने राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रको बार्गेनिङ क्षमता, इच्छाशक्तिमा भर पर्छ । जस्तो, विश्व बैंकको लगानीमा सबैका लागि शिक्षा परियोजना विश्वभर सञ्चालन भयो । त्यसमा नेपाल सरकारले ३० प्रतिशत र विश्व बैंकले ७० प्रतिशत लगानी गर्ने सम्झौता भयो । अर्थशास्त्री भुर्तेल नेपालको बार्गेनिङ गर्ने क्षमता कमजोर हुँदा दाताहरू हाबी हुने गरेको टिप्पणी गर्छन् ।

प्रश्न पहिल्यै

विसं ००७ बाट सुरु भएको अमेरिकी सहायतासँगै परामर्शदाता पनि आएका थिए । त्यसबेला भारत, चीन र रुसले पनि नेपालमा सहायता विस्तार गरेका थिए । ०३३ मै तत्कालीन महालेखा परीक्षक भीमबहादुर पाँडेले प्रतिवेदनमा भनेका थिए, ‘विदेशी परामर्शदाताको सेवा उपलब्ध गरेबापत खर्च बर्सेनि बढ्दै छ र विदेशी ऋण वा सहायताको ठूलो भाग उनै विदेशीहरूको हातमा पर्ने देखिन्छ ।’

दाताका लागि सहायता नाफाको व्यवसाय हो भनेर आजभन्दा २५ वर्षपहिले नै बहस भएको थियो । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) ले परामर्शदाताको नाममा गरिब देशमा अदक्ष विज्ञ पठाउने गरेको प्रश्न सन् १९९४ मै उठाएको थियो । यूएनडीपीले भनेको थियो, ‘विकासोन्मुख देशलाई निश्चित प्रक्रियाबिना प्राविधिक र ऋण सहायतासँगै अदक्ष व्यक्तिलाई विशेषज्ञ पठाइन्छ ।’

यसै सन्दर्भमा अस्ट्रेलियाका विकास सहायता तथा प्रशान्त क्षेत्रीय मामिलासम्बन्धी तत्कालीन मन्त्री गोर्डन बिल्नेले भनेका थिए, ‘वैदेशिक सहायता परियोजनाबाट अस्ट्रेलियाका कम्पनीहरूले प्रशस्त लाभ लिन सक्छन् ।’ सन् १९८० देखि १९९३ सम्म अस्ट्रेलियाले इन्डोनेसियालाई करिब

दाता	खर्च गर्ने	रकम (डलरमा)
अस्ट्रेलिया	द एसिया फाउन्डेसन	२७,५५,२०५
अस्ट्रेलिया	आईएनजीओ को-अपरेसन	५२,६४,६७७
अस्ट्रेलिया	एनजीओ सपोर्ट	१०,२४,६३०
नर्वे	इसीमोड	२०,७८,७३६
यूएसआईडी	केयर नेपाल	१०,६५,१३०
यूएसआईडी	चेमोर निक्स इन्टरनेसनल	५५,१८,२८०
यूएसआईडी	सीमिट	४२,००,०००
यूएसआईडी	डेट्रोएट कन्सल्टेन्सी	२५,७५,०००
यूएसआईडी	डेट्रोएट कन्सल्टेन्सी	१०,६५,१३०
यूएसआईडी	फेमिली हेल्थ इन्टरनेसनल	४०,९७,६९५
यूएसआईडी	हेलेन केलर इन्टरनेसनल	५८,५८,२१५
यूएसआईडी	मेरिस्टोमस	८४,७६,४५७
यूएसआईडी	नेसनल डे इन्टरनेसनल फाउन्डेसन	२२,३३,७७४
यूएसआईडी	सेभ द चिल्ड्रेन	४०,००,०००
यूएसआईडी	एबीएससी	११,३२,१८८
यूएसआईडी	सस्टेनेवल नेटवर्क	१६,७७,३८४
यूएसआईडी	आईएनजीओ को-अपरेसन	३५,६२,७३७
यूएसआईडी	वर्ल्डवाटर फाउन्डेसन	८५,८७,३४६
डीफिड	एक्सन कन्टायरले फर्म	१३,६१,३३५
डीफिड	अक्स्फाम	६०,२८,८५९
डीफिड	पिपुल इन निड	३१,११,६६९
डीफिड	केयर नेपाल	३६,९५,१०७
इयू	वेभ	७०,७६,२४१
इयू	एनजीओ को-अपरेसन	११,०८,१६३
इयू	सेभ द चिल्ड्रेन	७५,४८,८००
एसडीसी	हेल्भेटास	१२,८५,७१८
एसडीसी	इन्टरनेसनल कमिसन फर जुरिस्ट	१५,७३,१७५
युनिसेफ	विभिन्न अन्तर्राष्ट्रिय गैरसरकारी संस्था	२२,९२,५४०
डब्लुएफओ	गुडनेभरहुड	६९,४१,२०३
जीआईजेड	इसीमोड	११,५०,४८९
जिफाम	सेभ द चिल्ड्रेन	६३,०९,६१६

स्रोत : महालेखा परीक्षक

९० करोड अमेरिकी डलरबराबर रकम सहायता गरेको थियो । त्यसबापत अस्ट्रेलियाले १ अर्ब ६० करोड अमेरिकी डलर त फाइदा लियो नै, १ हजार ४ सयभन्दा बढी नागरिकका लागि रोजगार सिर्जना गर्‍यो ।

पाँच वर्षअघि नेपाल र अफगानिस्तानमा बेलायती अन्तर्राष्ट्रिय सहायता नियोग (डीफिड) मार्फत बेलायतले गरेको सहायता परामर्शदाता र आईएनजीओ हुँदै बेलायतमै फिर्ता भएका समाचार बाहिर आए । यसबारे बेलायती संसद्मै प्रश्न उठेको थियो । अर्थशास्त्री भुर्तेल भन्छन्, “अमेरिकाले भनेको थियो, सन् १९५० को दशकमा अहिलेको १ डलर सहायताको प्रतिफल दीर्घकालमा ५० डलर हुनेछ ।” ने

नेपाल–चीनलाई तिब्बत सेतु

रूपक सापकोटा

तिब्बतसम्बन्धी अनेक कथ्य छन् । चीनको बुझाइमा तिब्बतबारे पश्चिमाले निर्माण गरेको कथ्यबाट विश्व दिग्भ्रमित हुँदै आएको छ । तिब्बतले हासिल गरेको आर्थिक एवं सामाजिक विकासलाई धुमिल एवं पूर्वाग्रही ढंगले प्रस्तुत गरिँदै आएको छ ।

नेपालका लागि तिब्बत मिथकभन्दा ज्यादा यथार्थ हो । तिब्बतसँग नेपालको सामीप्य केवल भूजडित आधारमा मात्र होइन । नेपाल र तिब्बतबीच अवस्थित हिमालय-मार्ग भन्ज्याङ र खोचका रूपमा मात्र सीमित रहेनन्, बरु ती भन्ज्याङले व्यापारिक सम्बन्ध एवं सभ्यता विकासमा महत्त्वपूर्ण भूमिका वहन गरेका थिए । ती भन्ज्याङले हाम्रा दुई देशका मन र भावना आपसमा जोडेका थिए भन्दा अतिशयोक्ति हुँदैन । नेपाल-तिब्बतबीचको ऐतिहासिकतालाई सांस्कृतिक आदानप्रदानका अनेकन किस्साले समृद्ध बनाएका छन् ।

सांस्कृतिक आदानप्रदानका अनुपम उदाहरण आजपर्यन्त पनि नेपाल र चीन दुवै देशमा प्रशस्त भेटिन्छन् । नेपाली राजकुमारी भृकुटीको तिब्बती राजासँग वैवाहिक सम्बन्धले विस्तारित कूटनीति, विश्व सम्पदामा सूचीकृत ल्हासास्थित जोखाम मन्दिर, बेइजिङस्थित श्वेतचैत्य त्यसमध्येका केही प्रतिनिधि उदाहरण मात्र हुन् । तिब्बतीसँग वैवाहिक सम्बन्धपछि विशेष सहुलियतका आधारमा आजपर्यन्त सयौं नेपाली ल्हासामा बसिरहेका छन् । चीन स्वशासित क्षेत्रको राजधानी ल्हासामा एक मात्र विदेशी नियोगका रूपमा नेपाली महावाणिज्य दूतावास रहँदै आएको छ ।

पश्चिमाले विनिर्माण गरेको कथ्यलाई पखाल्न र तिब्बतको वास्तविक अनुहार देखाउन चीनका तर्फबाट प्रशस्त प्रयत्न भएको पाइन्छ । यही उद्देश्य राखेर सन् २००७ देखि चीनले हरेक एकाध वर्षको अन्तरालमा 'तिब्बत विकास फोरम' को आयोजना गर्दै आएको हुनुपर्छ ।

यही १०-१४ जुनमा चीनको सूचना तथा सञ्चार मन्त्रालयले तिब्बत स्वशासित सरकारको संयोजनमा चौथो 'तिब्बत विकास फोरम' आयोजना गऱ्यो । फोरम मुख्य सत्रमा सहभागी गराउनुपूर्व ३७ मुलुकका १ सय ६० को हाराहारी विदेशी पत्रकार, बुद्धिजीवी, तिब्बतसम्बन्धी अध्ययन-अनुसन्धान गरिरहेका विज्ञसहितको भेला गरी तिब्बतको विकास अवलोकनका अलावा स्थानीयसँग साक्षात्कार गराइयो । केही दिनको बसाइका क्रममा पूर्वाधार विकासमा तिब्बतले छलाङ मारेको प्रत्यक्ष अनुभव गर्न सकिन्थ्यो । उदाहरणका लागि, तिब्बतको लिनचरबाट ल्हासासम्म बसमा भर्खरै निर्माण सम्पन्न भएको द्रुतमार्गबाट चार घन्टाको अवधिमा ४ सय किमि यात्रा गरियो । यस क्रममा हामीले संसारकै सबैभन्दा अग्लो स्थान (४ हजार ७ सय ५० मिटर उचाइको अल्टिचुड) मा निर्माण गरिएको ५.७ किमि लामो टनेल पार गऱ्यौं । पूर्वाधार विकासका अलावा विद्यालय, अस्पताल, पर्यटन प्रवर्द्धन केन्द्र गतिविधिका साथमा मानव संसाधनमा तिब्बतले हासिल गरिरहेको प्रगतिलाई नजिकबाट नियाल्ने मौका मिल्यो ।

पछिल्ला दशकमा तिब्बतले हासिल गरेको विकासले सहभागी सबैलाई मोहित बनाएको बुझ्न कठिन थिएन । तर हरेक सहभागीका चासो र सरोकार अलग-अलग थिए ।

पछिल्ला वर्षमा नेपाल र चीनबीच सीमावर्ती आर्थिक क्षेत्रमा आर्थिक गतिविधिलाई सघन बनाउँदै लैजाने विषयमा विविध सम्झौता भएका छन् । त्यही भावना झल्कने गरी नेपालकी राष्ट्रपति विद्यादेवी भण्डारीको चीन भ्रमणमा दुई देशले सीमापार बहुआयामिक कनेक्टिभिटी नेटवर्कको खाकामा सडक, रेल, सञ्चार र ऊर्जालाई समेटेर दुईपक्षीय सहकार्य अगाडि बढाउने सहमति गरिएको छ । तर नेपालमा पछिल्लो समय चलेका बहसको सूक्ष्म विश्लेषण गर्ने हो भने चिनियाँ नेतृत्वको प्रतिबद्धतामा नेपाल आश्वस्त हुन सकेको देखिँदैन । केहीले त यसलाई केवल चिनियाँ राजनीतिक नेतृत्वको नेपाललाई देखाइएको भुलभुलैयाका रूपमा समेत अर्थ्याएका छन् ।

यस पृष्ठभूमिमा पंक्तिकारका लागि तिब्बत विकास फोरममा सहभागी हुनुको मुख्य ध्येय नेपाल-चीनबीच पछिल्लो समय भए-गरिएको सम्झौता कार्यान्वयनप्रति चिनियाँ नेतृत्वको प्रतिबद्धता कस्तो छ भनी बुझ्नु थियो । दोस्रो, तिब्बतको थप खुलापनले नेपालसँगको सहकार्य बढोत्तरी दिने हुँदा आगामी दिन त्यसमा चीन कत्तिको उदारतापूर्वक प्रस्तुत हुन्छ भन्ने अनुभव गर्नु थियो ।

फोरमको यस पटकको थिम 'बीआरआई तथा तिब्बतको खुलापन र विकास' रहेको थियो । कार्यक्रमको सुरुमा चिनियाँ राष्ट्रपति सी चिनफिङले फोरमको सफलताका लागि पठाएको शुभकामना सन्देश पढेर सुनाइएको थियो, जसलाई चिनियाँ सञ्चार माध्यमले महत्त्वका साथ प्रचार गरेका थिए । सीको शुभकामना सन्देशमा तिब्बतको खुलापनको नीतिलाई सघन बनाउँदै छिमेकीसँगको सहकार्यलाई महत्त्व दिने उल्लेख गरिएको थियो । तिब्बत विकास फोरमको मुख्य सत्रमा मुख्य वक्ता चीन केन्द्र सरकारका सञ्चारमन्त्रीका साथै अन्य सहभागीले आफ्नो प्रस्तुतिमा तिब्बतको अन्तर्राष्ट्रिय आयाममा नेपालको महत्त्वलाई उल्लेख गर्न कन्जुस्याइँ गरेनन् । तिब्बत स्वशासित क्षेत्रका सरकार प्रमुख छि चालाले आफ्नो मन्तव्यमा राष्ट्रपति सीको भनाइ उद्धृत गर्दै सिगात्सेदेखि केरुङ रेलमार्ग निर्माणलाई थप गति दिने प्रतिबद्धता व्यक्त गरे । साथै, चीन-नेपालबीच निर्माण गरिने सीमापार रेलमार्गको योजनामा तिब्बत सरकार पूर्ण प्रतिबद्ध रहेको र त्यसको निर्माणमा पूर्ण साथ रहने बताए ।



> चीनले तिब्बतलाई कति हदसम्म खुल्ला गर्दै लैजानेछ भन्ने विषयले नेपालसहित दक्षिण एसियाली मुलुकसँगको सहकार्यलाई प्रभाव पार्नेछ ।

नेपाल-चीन सीमावर्ती क्षेत्र आर्थिक क्षेत्रको निर्माण, थप नाका खुलाउन गरिने पहलका सम्बन्धमा पनि उल्लेख गर्न छुटाएनन् ।

तिब्बत सरकारका प्रमुख छि चालाको अभिव्यक्तिमा प्रशस्त आत्मविश्वास अनुभव गर्न सकिन्थ्यो । सम्भवतः पछिल्ला दशकमा तिब्बतले हासिल गरेको आर्थिक एवं सामाजिक विकासले उसलाई बाहिरी विश्वसँग जोड्न उक्त किसिमको आत्मविश्वास पैदा भएको हुनुपर्छ ।

तिब्बत स्वशासित क्षेत्रसँग चार मुलुकको सीमा जोडिएको छ । जसमा, तीन दक्षिण एसियाली मुलुक छन्- नेपाल, भारत र भुटान । भुटानसँग चीनको कूटनीतिक सम्बन्धै स्थापना हुन सकेको छैन । चीन-भारत सम्बन्धमा पछिल्ला दिनमा केही हदसम्म सुधार भए पनि उनीहरूबीच प्रत्यक्ष भौतिक सम्पर्क स्थापित हुने सम्भावना छैन । त्यसमाथि तत्काल उनीहरूबीच सीमावर्ती क्षेत्रमा भौतिक पूर्वाधार निर्माणका लागि सहकार्य हुने सम्भावना झन् न्यून छ । यस पृष्ठभूमिमा चीनलाई दक्षिण एसिया प्रवेश गर्न हालका लागि उत्तम मार्ग तिब्बत हुँदै नेपाल मात्र रहने देखिन्छ ।

सन् २०१५ देखि तिब्बतमा दिगो एवं आत्मनिर्भर अर्थतन्त्रको विकासका लागि योजनाबद्ध काम भइरहेको देखिन्छ । यसमुताबिक तिब्बतले छिमेकीत्रय नेपाल, भारत र भुटानसँग आर्थिक सहकार्यलाई बढावा दिने उद्देश्यका साथ हिमालय इकोनोमिक रिम परियोजना सञ्चालन गर्ने निर्णय गर्‍यो । बीआरआईमा समेट्ने योजनासँगै सन् २०१५ जुलाईमा केन्द्रीय कार्यदलको छैटौं बैठकले तिब्बतलाई थप खुला गर्ने नीतिका आधारमा चीनको मेनल्यान्डलाई दक्षिण एसियासँग जोड्न तिब्बत एक महत्त्वपूर्ण मार्ग र ढोका हुने रणनीति किटान गर्‍यो ।

नेपाल-चीन सम्बन्धको सनातन पाटो भनेको तिब्बत मुद्दासँग जोडिएको छ । यस अर्थमा यो कुरा पनि जगजाहेर छ कि चीनले नेपाल नीति बनाउँदा पहिले तिब्बतको सुरक्षा र स्थिरतालाई ध्यान दिने गरेको छ । यसबाट पनि नेपालका लागि तिब्बत बुझ्न कति महत्त्वपूर्ण छ भन्ने अनुमान लगाउन सकिन्छ । यसको अर्को पाटो पनि छ, नेपालले तिब्बतको सबै प्रकारको उतारचढावलाई नजिकबाट देख्दै आएको छ । निकटतम छिमेकी हुनुको नाताले तिब्बतको राजनीतिक सुधारका लागि चीनले चालेको कदममा नेपालले साथ र सहकार्य गर्दै पनि आएको छ ।

तिब्बतले हासिल गरेको आर्थिक विकासबाट उसको सुरक्षा चुनौतीको जोखिमलाई केही हदसम्म कम गर्दै लगेको छ । अनि चिनियाँ विदेशी नीतिको बदलिँदो प्राथमिकताका आधार ६० र ७० को दशकमा जस्तो नेपाल नीतिमा तिब्बती मुद्दा नै सर्वोपरि हुने कुरालाई खण्डित गर्दै गएको पाइन्छ । बीआरआईको प्रादुर्भावसँगै चीन तिब्बतलाई दक्षिण एसियासँग सघन हिसाबले जोड्न लालायित देखिन्छ । सोही कारण चीनले तिब्बतलाई नेपाल हुँदै दक्षिण एसियासँग जोड्ने गेटवेका रूपमा विकास गर्ने रणनीति अगाडि सारेको पाइन्छ । चीनले तिब्बतलाई कति हदसम्म खुल्ला गर्दै लैजानेछ भन्ने विषयले नेपालसहित दक्षिण एसियाली मुलुकसँगको सहकार्यलाई प्रभाव पार्नेछ ।

नेपालका लागि चीनसँग गरिएको यातायात तथा पारवहन सम्झौता र उक्त सम्झौताको प्रोटोकलमा हस्ताक्षर भएसँगै तिब्बतमा निर्माण भएका पूर्वाधार उपभोग गर्दै तेस्रो मुलुकसँग (चीनको मार्ग हुँदै) व्यापार गर्न वस्तुगत आधार तयार भएको छ । नेपालले दुवै निकट छिमेकीसँग समानान्तर तवरमा पारवहन सुविधा उपभोग गर्ने लक्ष्य लिन आवश्यक छ । यस अर्थमा बीआरआईमार्फत आगामी दिनमा चीनसँग अथवा तेस्रो मुलुकसँग गरिने आर्थिक सहकार्यको सम्भावनाले तिब्बतमा निर्माण भएका भौतिक पूर्वाधारको उपादेयता अझ बढेर जानेछ ।

चीनसँग एवं उसको बाटो भएर तेस्रो मुलुकसँग व्यापार र पारवहनको पहुँच विस्तार गर्न हाल चालू रहेका दुई नाका पर्याप्त छैनन् । नेपालले चीनतर्फका नाकालाई व्यवस्थित बनाउन पूर्वाधार निर्माणमा जोड दिन आवश्यक छ । त्यसैगरी नेपालको अर्थतन्त्रलाई विश्व-अर्थतन्त्रसँग जोडिन एवं चीनसँग मिलेर थप नाका सञ्चालनमा ल्याउन पर्याप्त भौतिक कनेक्टीभिटीका परियोजनामा सहकार्य गर्न आवश्यक छ ।

पछिल्लो ६० वर्षमा तिब्बतले हासिल गरेको भौतिक पूर्वाधार, आर्थिक एवं सामाजिक विकास चीनको कायापलटलाई चियाउने एक आँखीझ्याल बन्न पुगेको छ । फोरममा सहभागी तिब्बतसम्बन्धी लामो समयदेखि अध्ययन एवं अनुसन्धान गरिरहेकी फ्रेन्च लेखिका सोनिया बेस्लरका शब्दमा 'तिब्बत यतिबेला आफ्नो भविष्यको इतिहास लेखिरहेको छ ।' म उनको भनाइसँग असहमत हुन सकिनँ ।

इतिहासमा झैं नेपाल-चीन सम्बन्ध विस्तारका लागि तिब्बत एक महत्त्वपूर्ण सेतु हुन सक्छ । ने

ट्वीटर : @RupakSapkota

हाई–प्रोफाइललाई

अकुत सम्पत्ति थुपारेको आरोप लागेका पूर्वमन्त्री गोविन्दराज जोशीलाई दुई दशकदेखि अख्तियार र अदालतकै संरक्षण



चोलेन्द्रशमशेर राणा

ओत

गोविन्दराज जोशी

लोकमानसिंह कार्की

गोपाल पराजुली

मनबहादुर बस्नेत

प्रधानन्यायाधीश बनेको केही समयमै सुशीला कार्कीले पूर्वमन्त्री एवं कांग्रेस नेता गोविन्दराज जोशीविरुद्ध सर्वोच्चमा पुनरावलोकनका लागि परेको भ्रष्टाचारसम्बन्धी मुद्दाबारे गम्भीर गुनासो सुनिन्- लामो समयको अन्तरमा पेसी चढ्ने, विभिन्न बहानामा पेसी हटाउने, सुनुवाइको पालै नआउने गरी पेसी तोक्ने आदि । अर्थात्, जसरी हुन्छ मुद्दा तन्काउने, अल्झाउने ।

न्यायालयभित्रैको यस्तो चालबाजी बुझेपछि कार्कीले सर्वोच्च प्रशासनबाट मुद्दाबारे विस्तृत विवरण माग गरिन् । अध्ययनपछि मुद्दा छिन्ने

मनसाय पनि राखिन् । मुद्दा पार लगाउन भने सकिनन् ।

"पेसी हटाएको विवरण कागजमै नहुने । हटाइदिने, च्यातेर फालिदिनेसम्मका काम हुँदा रहेछन् । यसमा कर्मचारी पनि मिल्दा रहेछन्", *नेपाल*सँगको अन्तर्वार्तामा कार्कीले भनेकी थिइन् । (हेरौं, *नेपाल* जेठ ०७४)

राज्यका निकायसँग मिलेमतोमा 'हाई-प्रोफाइल' व्यक्तिले कसरी मुद्दालाई कचल्टाउन सक्छ भन्ने गतिलो उदाहरण हो, जोशीको मुद्दा । यसले हाम्रो न्याय प्रणालीमाथि नै औंला ठड्याइरहेको छ । डेढ दशकदेखि न्यायालयमा पुगेर पनि रुमल्लिइरहेको छ, यो मुद्दा । न्यायिकदेखि अनुसन्धानकारी निकायसम्म जोशीले मुद्दाको माकुरी जालो बुनेर त्यसैभित्र आफूलाई सुरक्षित राख्न सफल छन् । २९ भदौ ०७१ मा सर्वोच्चले मागेको एउटा कागजात हालसम्म अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पेस गर्न नसकेपछि जोशीको मुद्दा अहिले पुनः सतहमा आएको हो ।

सर्वोच्चले जोशीमाथि अनुसन्धान गर्ने अख्तियारको निर्णय टिप्पणी पेस गर्न भनेको थियो । सर्वोच्चले पटकपटक यो कागजात माग्दा पनि अख्तियारले नभेटिएको जवाफ फर्काएपछि पछिल्लो पटक २३ जेठमा सपना प्रधान मल्ल र ईश्वरप्रसाद खतिवडाको इजलासले १५ दिनभित्र उपलब्ध नगराए कारबाही गर्ने आदेश दियो ।

त्यसपछि अख्तियारले सहसचिव कालीप्रसाद पराजुलीको नेतृत्वमा समिति बनाएर कागजात खोज्यो । उक्त समितिले निर्णय टिप्पणी नभेटिएको र भेटिने आधार पनि नदेखिएको प्रतिवेदन बुझायो । त्यसपछि अख्तियारले सक्दो प्रयास गर्दा पनि कागज नभेटिएको तीनपाने जवाफ ४ असारमा सर्वोच्चमा बुझायो । अख्तियारले सर्वोच्चलाई सहयोग पुग्ने केही कागजात भने बुझाएको छ, जसमा जोशीमाथि अनुसन्धान गर्न प्रेमराज कार्कीलाई अनुसन्धान अधिकृत तोकिएको पत्र, विभिन्न समयमा अनुसन्धान अधिकृतको म्याद थप गर्ने निर्णयको पत्र र जोशीउपर आरोपपत्र दायर गर्ने निर्णय छन् ।

अख्तियारको जवाफपछि सर्वोच्चले के गर्ला ? आम चासोको विषय बनेको छ नै । आरोपबाट उन्मुक्ति पाउन जोशीले गरेका प्रयत्न कम रोचक छैनन् ।

यसरी अनुकूल बनाए

१८ वर्षदेखि टुंगोमा पुग्न नसकेको जोशी प्रकरणमा यसबीचमा पटक-पटक अस्वाभाविक मोड सिर्जना भए । अदालतदेखि अख्तियारसम्म जोशीले अनुकूल पात्र खडा गरेर माहोल आफ्नो पक्षमा बनाउन सफल भए । जोशी प्रकरणको उठान ०५८ मै भएको हो ।



विशेष अदालतका फैसला त्रुटिपूर्ण औंल्याएको सर्वोच्चको फैसला

त्यतिबेला सरकारले सर्वोच्चका अवकाशप्राप्त न्यायाधीश भैरवप्रसाद लम्सालको अध्यक्षतामा सम्पत्ति न्यायिक जाँचबुझ आयोग गठन गरेको थियो । आयोगले राज्यबाट सुविधा लिने ४१ हजार ९ सय ४१ जनालाई सम्पत्ति विवरणको फाराम भर्न लगाएको थियो । त्यसमध्ये साढे ३० हजारले आफ्नो र परिवारको नाममा रहेको सम्पत्ति विवरण बुझाए । तीमध्ये स्रोत खुल्न नसकेका शंकास्पद धनबारे थप छानबिनका लागि आयोगले सिफारिस गर्‍यो । मन्त्रिपरिषद्ले आयोगको प्रतिवेदन कार्यान्वयनका लागि अख्तियारलाई जिम्मा दियो । त्यसपछि जोशीको गैरकानुनी ठानिएको सम्पत्ति छानबिनमा तानियो ।

अख्तियारले २५ वैशाख ०६० मा जोशीलगायत ८ जनाको शंकास्पद आर्जन छानबिन गर्न सहन्यायाधिवक्ता प्रेमराज कार्कीलाई अनुसन्धान अधिकृत तोक्यो । कार्की अहिले उच्च अदालतमा न्यायाधीश छन् । आठ महिना अनुसन्धान गरेपछि अख्तियारले जोशीविरुद्ध २५ पुस ०६० मा विशेष अदालतमा अकुत सम्पत्ति आर्जन गरेको भन्दै मुद्दा दायर गर्‍यो । तीन वर्षपछि ३० कात्तिक ०६३ मा विशेष अदालतले हद म्यादको कारण देखाएर जोशीलाई सफाइ दियो । सार्वजनिक पदबाट अवकाश पाएको एक वर्षभित्रै मुद्दा दायर नगरेर म्याद गुजारेको विशेषको व्याख्या थियो ।

स्मरण रहोस्, त्यही समय आसपास विशेष अदालतले भ्रष्टाचारको आरोप लागेका हाई-प्रोफाइल व्यक्तिलाई हद म्याद गुज्रेको निहुँमा भटाभट सफाइ दिएको थियो । भन्सारका २२ जना कर्मचारी, पूर्वमन्त्री जयप्रकाशप्रसाद (जेपी) गुप्ता र पूर्वसचिव चक्रबन्धु अर्यालको भ्रष्टाचार मुद्दामा विशेषले यही सेरोफेरोमा सिलसिलेवार रूपमा सफाइ दिएको थियो । ०६२ देखि ०६५ सम्मको अवधिमा विशेष अदालतले ठूला व्यक्ति जोडिएका भ्रष्टाचारको मुद्दामा कसैलाई पनि कारबाहीको फैसला गरेको देखिन्न । त्यतिबेला अदालतको नेतृत्व भूपध्वज अधिकारीले गरेका थिए । अधिकारीका दुई सारथि थिए, कोमलनाथ शर्मा र चोलेन्द्रशमशेर राणा । राणा अहिले सर्वोच्चको नेतृत्वमा छन् । यी तीन जनाको इजलासले जोशीलाई निर्दोष ठहर्‍यायो ।

राज्यका शक्तिशाली ओहोदामा बसेकाहरूको मुद्दामा लगातार असफलता बेहोर्दै गएपछि अख्तियारले 'हद म्याद' को व्याख्या गरिदिन सर्वोच्चलाई अनुरोध गर्‍यो । सामान्य अवस्थामा यस्तो निवेदन दिइन्न । सरकारसमेत चक्रबन्धु अर्यालको मुद्दामा विशेष अदालतले गरेको फैसला चित्त नबुझेर सर्वोच्चमा पुनरावलोकनका लागि गयो ।

सर्वोच्चले २ जेठ ०६७ मा अर्यालको मुद्दा छिन्दा विशेष अदालतको फैसलामा गम्भीर त्रुटि भेटिएको औंल्यायो । केही कारण नदिई हदम्यादको स्पष्ट व्यवस्थालाई छलेर मुद्दा नै खारेज गरिदिनुलाई सर्वोच्चले तथ्यभित्र नपसी गलत अर्थ लगाएको व्याख्या गरिदियो । न्यायाधीशद्वय बलराम केसी र अवधेशकुमार यादवको इजलासको आदेशमा

"कारबाही हुनुपर्छ भनेकाहरू नै न्यायालयको नेतृत्वमा पुगेका छन् । यसले न्यायालयप्रति सर्वसाधारणको आस्था कमजोर हुन्छ ।

– बलराम केसी
पूर्वन्यायाधीश



विशेष अदालतका गल्तीको फेहरिस्त नै लिपिबद्ध गरिएको छ । 'पुनरावेदन तहको हैसियत राख्ने अदालतबाट भएको सो गल्ती सामान्य नभई अदालतप्रति नै जनआस्था घट्ने खालको देखिएको छ,' आदेशमा भनिएको छ ।

अक्षम्य गल्ती देखिएको भन्दै सर्वोच्चको आदेशले यस्तो निर्णय सुनाउने न्यायाधीशलाई कारबाही गर्नु भनेको थियो । आदेशको एक प्रति प्रधानन्यायाधीशलाई उपलब्ध गराउन भनिएको थियो । प्रधानन्यायाधीश न्याय परिषद्को अध्यक्ष हुने संवैधानिक प्रावधान छ । आदेशमा न्याय परिषद्का अध्ययक्षलाई सम्बोधन गर्नु भनेको मुद्दा छिनुवा न्यायाधीशलाई कारबाही गर्नु भन्ने हो । न्यायाधीशलाई कारबाही गर्ने अधिकार न्याय परिषद्को हुन्छ ।

विशेष अदालतका तीन सदस्यीय न्यायधीशको यो टिमले त्यसबेला भ्रष्टाचारसम्बन्धी दर्जनौं मुद्दामा सफाइ दिएको थियो ।

जोशीको मुद्दामा फैसला गर्दा विशेषले त्यस्तै गम्भीर गल्ती गरेको सर्वोच्चले ६ महिनापछि भनिदियो । २६ मंसिर ०६७ मा प्रधानन्यायाधीश रामप्रसाद श्रेष्ठ र कृष्णप्रसाद उपाध्यायको इजलासले 'हदम्यादको कारण देखाई आरोपपत्र खारेज गर्ने विशेष अदालतको फैसलामा गम्भीर कानुनी त्रुटि देखिएको' भन्यो । एक वर्षपछि सर्वोच्चको अर्को इजलासले समेत यी तीन न्यायाधीशको न्याय सम्पादनमा खोटैखोट भेट्यो । जेपी गुप्ताको भ्रष्टाचारसम्बन्धी मुद्दा छिन्दा विशेषले गरेको फैसलालाई सर्वोच्चले उल्टाउँदै विशेष अदालतको फैसलामा देखिएका त्रुटिका विवरण सार्वजनिक गरिदिएको थियो । सुशीला कार्की र तर्कराज भट्टको इजलासले ९ फागुन ०६८ मा गरेको फैसलामा विशेषका न्यायाधीशले गम्भीर लापरबाही र त्रुटि गरेको उल्लेख छ । न्यायकर्ता अभियोगीलाई सफाइ दिने भावनाबाट ग्रसित भई काम गरेको फैसलामा छ । 'न्याय सम्पादनको कार्यमा विचलित भएको प्रस्ट देखिएको हुँदा प्रचलित कानुनबमोजिम आवश्यक कारबाहीका लागि यो फैसलाको प्रतिलिपिसहित न्याय परिषद् सचिवालयमा लेखी पठाउनू,' फैसलामा भनिएको छ ।

सर्वोच्चका तीन-तीन इजलासले न्यायाधीशलाई कारबाहीको सिफारिस गर्दा पनि तिनको सुनुवाइ भएन । बरु त्रुटिपूर्ण फैसला गर्ने न्यायाधीश र भ्रष्टाचार मुद्दाका आरोपितलाई जोगाउने नयाँ चक्र सुरु भयो । "इजलासले कारबाही हुनुपर्छ भनेकाहरू नै न्यायालयको नेतृत्वमा पुगेका छन् । यस्तो कामले न्यायालयप्रति सर्वसाधारणको आस्था कमजोर हुन्छ । न्यायमूर्तिमाथि अविश्वास भएपछि मुलुकमा न्याय मरेको सन्देश जान्छ," सर्वोच्चका पूर्वन्यायाधीश बलराम केसी रोष प्रकट गर्छन् ।

अर्को खेल

०६६ देखि ०६८ को अवधिमा क्रमैसँग मीनबहादुर रायमाझी, अनुपराज शर्मा र रामप्रसाद श्रेष्ठले सर्वोच्चको नेतृत्व सम्हालेपछि विकृतिविहीन

न्यायपालिका अभियान चलाए । हरेक वर्ष माथिल्ला अदालतले तल्ला अदालतको न्याय सम्पादनबारे अनुगमन गर्छ । अनुगमनमा वर्षभरिमा के-कति मुद्दा छिनिए, छिनिएका फैसला स्थापित न्यायिक मूल्य मान्यताअनुसार भए/नभएको, फैसलामा एकरूपता छ/छैन भनेर जाँचिन्छ । सर्वोच्चले विशेष अदालत, उच्च अदालत, न्यायाधीकरण तहका अदालतको अनुगमन गर्छ। पुनरावेदन तहकाले जिल्ला तहको अदालतको अनुगमन गर्छ ।

०६२ देखि ०६५ को अवधिमा विशेष अदालतका अधिकारी, शर्मा र राणाको टिमले गरेका फैसला अनुगमनमा कमजोर देखिएका थिए । शक्तिकेन्द्रका चलखेल भएका, शक्तिको जालोमा जेलिएका फैसला जताबाट हेरे पनि कमजोर, विवादित र त्रुटिपूर्ण देखिएको रिपोर्ट सर्वोच्चले तयार गरेको थियो ।

न्यायिक अनुगमन र पुनरावलोकन दुवैमा विशेष अदालतको फैसला खोटपूर्ण देखिएपछि सर्वोच्चले ती मुद्दा सुरुदेखि पुनः हेरिनुपर्ने भन्दै विशेषमै फर्काइदियो। प्राविधिक आधारमा फैसला गर्ने प्रवृत्ति देखिएको, फैसला कानुनसम्मत नभएको, हदम्यादका कारणले सफाइ नपाउने र तथ्यमा प्रवेश गर्नुपर्ने औंल्याएर मुद्दा विशेषमै फर्काइएको थियो ।

यहीअनुरूप जोशीको मुद्दा पुनः २४ पुस ०६८ मा सर्वोच्चले हदम्यादको आधारमा खारेज गर्न नहुने, प्रमाणको आधारमा न्याय निरुपण हुनुपर्ने भनेर विशेष अदालतमा पठाइदियो, सुनुवाइका लागि । त्यसपछि विशेष अदालतले १० साउन ०६९ मा जोशीको २ करोड १६ लाख १४ हजार ३ सय ७६ रुपैयाँ बराबरको सम्पत्तिको स्रोत नखुलेको प्रमाणित गरिदियो । तर बदनियतपूर्वक फैसला गर्ने न्यायाधीश चोखै रहे ।

सर्वोच्चको तीन वटा इजलासले विशेष अदालतको फैसलामा गम्भीर न्यायिक विचलन देखिएको भन्दै ती न्यायाधीशलाई कारबाहीको आशय राखेको थियो । कार्की र भट्टको इजलासले त त्रुटिपूर्ण फैसला गर्ने न्यायाधीशलाई कारबाहीका लागि न्याय परिषद्मा पठाउन किटान गरेको थियो।

तर त्यही बीचमा न्याय परिषद्मा एक पात्रको आगमनले यो मामिलाले अर्कै मोड लियो। गोविन्दराज जोशीको पक्षबाट सुरुमा मुद्दा लडेका वकिल उपेन्द्रकेशरी न्यौपाने न्याय परिषद् सदस्य नियुक्त भए, २७ पुस ०६८ मा । न्यौपाने ०७१ चैतसम्म न्याय परिषद्मा रहे । त्रुटिपूर्ण फैसला गर्ने न्यायाधीशमाथि कारबाही हुने खबर न्यायिक



न्याय परिषद् पूर्वसदस्य उपेन्द्रकेशरी न्यौपाने

वृत्तमा चल्न थालेपछि तीनमध्ये एक कोमलनाथले राजीनामा दिए भने भूपध्वजले अवकाश पाइसकेका थिए । चोलेन्द्र भने अडिए र लगत्तै सर्वोच्चको न्यायाधीश बने ।

न्यौपाने न्याय परिषद्मा आएपछि त्रुटिपूर्ण फैसला गर्ने विशेषका न्यायाधीशलाई जोगाउन लागिपरे। ०७० मा दामोदर शर्मा प्रधानन्यायाधीश बनेपछि झनै अनुकूलता थपियो । त्यसपछि सर्वोच्चमा पुनरावोलेकनका लागि आएको जोशीको मुद्दालाई लम्बाउने, कमजोर बनाउने अर्को व्यूहको रचना भयो। न्याय परिषद्को नयाँ समीकरणपछि सर्वोच्चको 'फैसला खण्डमा स्पस्ट केही उल्लेख नभएको, तपसिल खण्डमा मात्रै उल्लेख भएकाले विशेषका न्यायाधीशलाई कारबाही गर्न नपर्ने' निर्णय भयो ।

त्यसपछि सर्वोच्चमा रिक्त न्यायाधीश लामो समय पूर्ति गरिएन । प्रकाश वस्ती, भरतराज उप्रेतीलगायतका अस्थायी न्यायाधीशलाई स्थायी बनाउन न्याय परिषद्ले उदेकलाग्दो अरुचि देखायो । त्यसपछि गोपाल पराजुली, दीपकराज जोशी, कारबाहीको सिफारिसमा परेका चोलेन्द्रलाई लाभ मिल्ने गरी बाटो खुल्यो। पराजुली र राणाले प्रधानन्यायाधीश नै बन्ने अवसर पाए भने दीपकराज जोशीले पनि कायममुकाम प्रधानन्यायाधीशबाट अवकाश पाए ।

०७० वैशाखमै दलीय मिलेमतोमा लोकमानसिंह कार्की अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त बने। कार्कीको अयोग्यताको विषयमा प्रश्न उठ्यो । यो प्रश्न न्यायालय पनि प्रवेश गर्‍यो, रिटमार्फत । पराजुली र ओमप्रकाश मिश्रको इजलासले लोकमानको नियुक्तिलाई वैध ठहर्‍याइदियो, ८ असोज ०७१ मा । पराजुलीलाई प्रधानन्यायाधीशको लाइनमा उभ्याउन दामोदर शर्मा, उपेन्द्रकेशरी न्यौपानेको पनि भूमिका रहेको कतै छिपेको छैन ।

न्यायालयदेखि अख्तियारसम्म आफूअनुकूल पात्र खडा गरेपछि जोशीको भ्रष्टाचार मुद्दाको मिसिलमा संलग्न कागजात नै एकाएक गायब भयो। लोकमान अख्तियार प्रमुख छँदा प्रधानन्यायाधीश पराजुलीकी श्रीमती वसन्ता पराजुली वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट अख्तियारमा काज सरुवा भएकी थिइन् । पराजुलीका भान्जा नाता पर्ने बालचन्द्र आचार्यलाई लोकमानले प्राविधिक सल्लाहकारमा नियुक्त गरे। आचार्य र पराजुलीलाई अख्तियारमा असीमित पहुँच थियो ।

यही समय गोविन्दराज जोशी पक्षले 'जोशीमाथि अनुसन्धान गर्ने अख्तियारको निर्णय टिप्पणी' को कागज खोज्न थाल्यो । त्यसपछि सर्वोच्चले २९ भदौ ०७१ मा कागज झिकाउने आदेश दियो। संयोग कस्तो भने यो आदेश दिने इजलास पराजुली र दीपकराज जोशीको थियो । जबकि तीन पटक फैसला हुँदासम्म यो कागजात कसैको गन्तीमै थिएन। ०६३ मा विशेष अदालतले, ०६८ मा सर्वोच्चले र पुनः ०६९ मा विशेषले यो मुद्दामा फैसला सुनाएका थिए ।

एकाएक अख्तियारको निर्णय टिप्पणी झिकाउने सर्वोच्चको आदेशले जोशी पक्षलाई एकातिर आफूअनुकूल इजलासमा मुद्दाको पेसी चढाउने समय मिल्यो भने अर्कोतिर मुद्दासमेत चाहेअनुसारै लम्बियो । ०६९ मा सर्वोच्चमा दर्ता भएको यो मुद्दाको पेसी मात्रै ४४ पटक तोकिसकिएको छ । अहिले कागजात खोज्दैमा ठीक्क छ। संयोग कस्तो भने, जोशीलगायतका शक्तिशाली व्यक्ति मुछिएका मुद्दालाई त्रुटिपूर्ण तवरले सफाइ दिने व्यक्ति नै अहिले न्यायालयको नेतृत्वमा छन् । शक्तिको जालोमा जेलिएको यो मुद्दा सहजै किनारा लाग्ला ?

पूर्वप्रधानन्यायाधीश कार्कीले अघिल्लो वर्ष प्रकाशित आफ्नो पुस्तक *न्याय*मा पूर्वमन्त्री जेपी गुप्ताको फैसला गर्दाको अनुभव लेखेकी छन्, 'गुप्ताको मुद्दा किनारा लगाउँदै गर्दा मलाई धेरै खाले दबाब आए। मुद्दाको फैसला हुने दिनसम्म एउटा अनौठो फोन निरन्तर आइरह्यो। फोनमा ढोका खोलेको र बन्द गरेको आवाज आउँथ्यो। धेरै मानिसको सामूहिक बोली सुनिन्थ्यो । फोनको परबाट धम्कीपूर्ण भाषामा मलाई थर्काउने काम हुन्थ्यो।'

जोशी, गुप्ताजस्ता हाई-प्रोफाइल जोडिएका मुद्दा छिन्न चानचुने आँटले पुग्दैन भन्ने देखाउन भुक्तभोगीकै सम्झना पर्याप्त छन्। यति हुँदाहुँदै जोशी मुद्दाले हाम्रो प्रणालीमाथि केही प्रश्न खडा गरिदिएको छ, जसको जवाफ दिने क्रममा नेपालको न्यायालयमाथि आम विश्वासको पुनः परीक्षण हुनेछ । ने

KMG
KANTIPUR MEDIA GROUP

आजका नारी

महिला सशक्तिकरण र लैंगिक समानताका
लागि भएका बिविध गतिविधिहरू
विभिन्न क्षेत्रमा क्रियाशील
प्रेरणादायी महिलासँग कुराकानी

प्रत्येक आईतवार
११:०५ देखि १२:०० बजे
रश्मिला प्रजापतिसंग
मात्र रेडियो कान्तिपुरमा

Radio Kantipur
रेडियो राष्ट्रको

96.1 Mhz
Kathmandu Bhedetar Birgunj Bharatpur Bhairahawa

101.8 Mhz
Dhangadi Nepalgunj Pokhara

(अ) सहमति

मुठभेडको मुकुन्डो

भास्कर गौतम

अल्पज्ञान र दम्भमा सर्वश्रेष्ठता देख्ने सरकारले जनमतबाट स्थायित्व सुनिश्चित गर्ने अवसर पाउँदासमेत समाजमा अस्थिरता निम्त्याएको इतिहास दुनियाँमा धेरै पढ्न पाइन्छ । त्यस्तै इतिहासको भद्दा संस्करण नेपालमा पुनरावृत्ति भइरहेको छ । प्रधानमन्त्री केपी ओलीको नेतृत्व 'म जे सोच्छु, त्यही नै सर्वश्रेष्ठ विचार हो' भन्ने मान्यताबाट दिग्भ्रमित छ । नतिजा- हत्याको क्रूर शृंखला पुनः चालू छ । जनगणले दुई तिहाइ बहुमतसहित नेकपालाई जिताउँदा कम्तीमा राजनीतिक स्थायित्वको अपेक्षा थियो । तर सर्वसाधारण अस्थिरता भोग्न अभिशप्त छन् ।

सरकारको पछिल्लो मुकुन्डो 'मुठभेड' बनेको छ । मुठभेडको नाममा चलिरहेको व्यक्ति हत्याको शृंखला सरकारद्वारा सिर्जित शक्ति उन्मादको डरलाग्दो कडी हो । हाल भइरहेको व्यक्ति हत्यालाई धेरैले 'गैरन्यायिक हत्या' भनिरहे पनि यो मूलतः राज्य-आतंक हो । नेपालमा मृत्युदण्ड छैन । जुन देशमा मृत्युदण्डले कानुनी मान्यता पाएको छैन, त्यहाँ राज्यबाट गरिने कुनै पनि क्रूर हत्या 'गैरन्यायिक' हुन्न । राज्य-आतंक हुन्छ । राज्यलाई जस्तोसुकै अपराधमा समेत मृत्युदण्ड घोषणा गर्ने अधिकार छैन । यस्तो अवस्थामा राज्यले गरिरहेको एकपछि अर्को हत्या केवल राज्य-आतंक हुन्छ । मानव अधिकारकर्मी र कानुनी शासन चाहने सम्पूर्ण तप्काबाट व्यक्ति हत्या शृंखलाको जोडदार विरोध अत्यावश्यक छ । अन्यथा ढिलोछिटो राज्य-आतंकले आतंकित बनाउने सत्ताका ताबेदारबाहेक सबैलाई हो ।

आत्मरक्षाको क्रममा कसैको हत्या हुन सक्छ । आत्मरक्षाको क्रममा पुलिस वा राज्यका जिम्मेवार ओहोदामा बसेका व्यक्तिलाई विपक्षीको हत्या गर्ने अधिकार त्यति मात्रै छ, जति प्रत्येक नागरिकमा निहित छ । त्यसैले प्रहरीबाट आफ्नो भौतिक बचाउमा हुन गएकोबाहेक प्रत्येक हत्या क्रूरता, अत्याचार र ज्यादतीको द्योतक हो । यस्ता क्रियाकलापले राज्य-आतंक मात्र सिर्जना गर्छ । हाल पुलिसले 'मुठभेड' भनेका धेरै हत्या नियोजित देखिएकाले यस्ता कार्य सबै किसिमले निन्दनीय र त्याज्य छन् ।

केही महिनाको अन्तरालमा नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपाका तीन जनालाई पुलिसले हत्या गर्‍यो । लालबन्दीमा विप्लव नेतृत्वका सर्लाही जिल्ला इन्चार्ज कुमार पौडेल मारिए । गृहमन्त्री रामबहादुर थापाले पौडेल सुरक्षाकर्मीसँग दोहोरो भिडन्तमा मारिएको भनिरहँदा विप्लव नेतृत्वको नेकपाले यसलाई गैरन्यायिक हत्या भएको दाबी गरिरहेछ । जेठमा तीर्थराज घिमिरेमाथि गोली दागियो, भोजपुरमा । घाइते अवस्थामा रहेका उनको उपचारका क्रममा धरानमा मृत्यु भयो । पछिल्लो साता पुनः विप्लव समूहका जिल्ला इन्चार्ज निरकुमार राईको हत्या गरियो । दुवै हत्यालाई प्रहरीले मुठभेड भने पनि न सर्वसाधारणले यसलाई दोहोरो भीडन्त भएको पत्याए, न त विप्लव समूहले नै ।

अझ निरकुमार राईको सन्दर्भमा होटलमा घम्साघम्सी हुन्छ । प्रहरीको शव भने खुला चौरको खोल्सा नजिक भेटिन्छ । घटनाको अवस्थाबारे आधिकारिक रूपमा बाहिर नआउँदा कसैले गोली कोखामा लागेको भन्छ, कसैले टाउकोमा लागेर मारिएको भन्छ । अर्कोतर्फ विप्लव समूहका नेताको शव हत्कडी लागेको अवस्थामा फेला पर्छ । हत्कडी लागेको व्यक्तिसँग मुठभेड भएको पत्याउने कुनै आधार छैन । वरिपरिका सबै सर्वसाधारण यसरी हुने क्रूर हत्या मुठभेड नभएर राज्य-आतंक भएको लख काट्छन् । यस्तो घटनाको निन्दा जति खरो तरिकाले गरे पनि कम हुन्छ ।

राज्यले विप्लव नेतृत्वको नेकपामाथि गत फागुनमा प्रतिबन्ध लगायो । झट्ट हेर्दा लगानी सम्मेलनको पूर्वसन्ध्यामा र नख्खुस्थित एनसेल कार्यालयमा बम आक्रमणलगत्तै प्रतिबन्ध लगाइएको थियो । तथापि लगानी सम्मेलनभन्दा केही महिना पहिले नै सरकारले विप्लव समूहका प्रवक्ता प्रकाण्डलाई गिरफ्तार गर्‍यो । उनलाई हिरासतमा राख्नु देखावटी थियो । खासमा प्रकाण्डमार्फत विप्लवसँग वार्ता गर्ने धुन सरकारको थियो । प्रकाण्डमार्फत गरिएको कुराकानी सरकारले सोचे जसरी अघि बढेन । विप्लव समूहले तत्कालै वार्ता गर्ने कुनै रुचि पनि देखाएन ।

लगानी सम्मेलन धेरै निकट आइसकेकाले सरकारलाई हतार थियो । हिंसात्मक संघर्षमा लागेको समूहलाई तत्कालै मूलधारमा ल्याउँदा 'जस्तोसुकै समस्या सुल्झाउन ओली सरकार सक्षम छ' भनेर दुनियाँलाई देखाउने सरकारी अभीष्ट थियो । एकातर्फ सीके राउतको 'विखण्डनवाद' र अर्कोतर्फ विप्लवको हिंसात्मक राजनीतिलाई मूलधारमा ल्याएर लगानीका लागि नेपालमा उपयुक्त वातावरण छ भन्ने सन्देश दिन सरकार आतुर थियो । सरकारले सोचे जसरी राउत त गले तर विप्लव गलेनन् । त्यसपछि सरकारले विप्लव समूहको एउटा पक्षलाई मात्र आर्थिक प्रलोभन देखाएर फुटाउन चाह्यो भन्ने चर्चा सुनिए । सरकारको यस्तो शैलीले विप्लव समूहभित्र क्षणिक

गृहमन्त्रीले मुठभेडका नाममा हत्यालाई राज्यको नीति बनाउनु र विप्लवले हिंसात्मक विद्रोहको रणनीति लिनु बालसुलभ हठबाहेक केही होइन । यस्तो हठले राज्य-आतंकलाई मात्र बल मिल्छ ।

समयका लागि शंका उब्जियो । केही नेताहरूबीच अविश्वासको वातावरणसमेत सिर्जना भयो । यद्यपि विप्लव नेतृत्वको पार्टी फुटाउने सरकारी प्रयास सफल रहेन । असफलताको यही आवेगमा र दुनियाँलाई देखाउने ध्याउन्नमा सरकारले लगानी सम्मेलनको पूर्वसन्ध्यामा विप्लव समूहलाई आतंकवादी दस्ता घोषित गर्दै प्रतिबन्ध लगायो ।

प्रतिबन्ध लगाएयता प्रहरीको धरपकड व्यापक बनेको छ । विप्लव समूहका सयौँ पक्राउ परेका छन् । पक्राउ परेकामध्ये ५ सयभन्दा बढी कार्यकर्ताविरुद्ध मुद्दा दर्ता गरिएको छ । ७० जना पुर्पक्षका लागि कारागार चलान भएका छन् । ७० जनामाथि अनुसन्धान जारी छ । ३१ जना सोधपुछपछि छुटेका छन् । सयौँ मुद्दा दर्ता भइसकेपछि छुटेका छन् । धरपकड बढेपछि विप्लव समूह परित्याग गर्नेको संख्या पनि सयौँमा छ ।

त्यतिले पनि नपुगेपछि सरकारले एकपछि अर्को व्यक्ति हत्याको सिलसिला सुरु गरेको छ । यसरी विद्रोही पार्टीलाई प्रतिबन्ध लगाउने, पार्टीका कार्यकर्तालाई जहाँ भेट्यो, त्यहीँ समात्दै भौतिक कारबाही गर्ने, अन्ततः हत्या गरेर मुठभेडमा मारिएको दाबी गर्ने सरकारी रवैया देखिन्छ । यस्तो कार्यले हिंसा अन्त्य गर्दैन । राजनीतिक स्थायित्व निर्माण गर्न पनि सघाउँदैन । यस्तो कार्यको निन्दा मानव अधिकारकर्मी र समाजका सबै तप्काबाट हुनुपर्छ । अन्यथा विप्लव समूहमा आबद्ध रहेको बहानामा प्रहरीले भोलि जोकसैलाई मार्ने वातावरण बन्दै जान्छ । मूलतः प्रत्येक प्रतिपक्षीलाई सरकारले विप्लव समूहको दर्जामा राख्न सक्छ । सरकारमा हाबी असहिष्णुता त्यही दिशातर्फ लक्षित छ ।

प्रहरीलाई आत्मरक्षाबाहेक अन्य अवस्थामा कसैलाई मार्ने अधिकार छैन । प्रस्ट छ, हत्याका पछिल्ला घटना आत्मरक्षाको सिलसिलामा भएका मुठभेड होइनन् । प्रहरीलाई थाहा छ, आपराधिक अनुसन्धानको प्रक्रिया जटिल हुन्छ । अनुसन्धानपछि कसैलाई दोषी वा निर्दोष ठहर गर्ने काम प्रहरीको होइन, न्यायालयको हो । त्यसैले अपराधीलाई कसरी दण्डित गर्ने, कति जरिवाना गराउने वा कस्तो सजाय तोक्ने आदि कार्य प्रहरीको होइन, न्यायाधीशको हो । मुठभेडको नाममा आफैँ न्यायाधीशजस्तो देखिने अधिकार न हिजो प्रहरीसँग थियो, न त आज छ ।

सरकारको काम राज्य-आतंकको बचाउ गर्नु होइन । न राज्य-आतंक लाद्नु नै हो । तर गृहमन्त्री थापाले क्रूर हत्यालाई सत्ताको अधिकार सम्झिरहेका छन् । यस्तो विचारग्रन्थिले न उनलाई सत्ता सञ्चालनमा सघाउ पुग्छ, न त विद्रोहीका गतिविधि नियन्त्रण गर्न मद्दत मिल्छ । हिजो उनी विप्लवकै नेता थिए । त्यसबेला विप्लवजस्तै उनी पनि हिंसामा विश्वास गर्थे । आज उनी राज्यको जिम्मेवार ओहोदामा छन् र उनका सहकर्मी हिजोकै बाटोमा । फरक यत्ति हो, एक जना राज्यको जिम्मेवार पदमा बसेर हिंसात्मक आतंकमा विश्वास गर्दै छन्, अर्को असफल प्रायः बनेको हिंसात्मक विद्रोहलाई नै सही राजनीतिक बाटो ठान्दै छन् । सहकर्मीहरूबीच मनमुटावजस्तो देखिने हत्याको पछिल्लो सिलसिलालाई गृहमन्त्रीले राज्यको नीति बनाउनु र विप्लवले विद्रोहको रणनीति लिनु बालसुलभ हठबाहेक केही होइन । यस्तो बालसुलभ हठले राज्य-आतंकलाई मात्र बल मिल्छ ।

राज्य-आतंकलाई बल मिल्ने कार्य क्रान्तिकारी हुन सक्दैन । विगतबाट पाठ सिक्दै यो वास्तविकतालाई विप्लवको नेतृत्वले जतिसक्दो चाँडो आत्मसात गर्‍यो, त्यति छिटो आतंक रोक्ने वातावरण बन्छ । अन्यथा, मृतक निरकुमारकी पत्नी इन्द्रकला राईले जस्तै 'हिंसा बन्द होस्' भनिरहने दिन धेरैको आउन सक्छ । दुवै कम्युनिस्ट समूह आफ्नो अल्पज्ञानलाई नै जीवनको अन्तिम सत्य देख्ने बालसुलभ हठबाट जति छिटो निस्कन सक्छन्, त्यति चाँडो जनगणलाई राहत हुनेछ । ने

गौतम विराटनगरको नर्थ साउथ कलेक्टिभ्ससँग आबद्ध राजनीतिशास्त्री हुन् ।

न्यायमा चालबाजी

नेकपा र कांग्रेसको तानातानमा दुई आयोग गठन अनिश्चित

जनक नेपाल

सशस्त्र द्वन्द्वकालीन मानव अधिकार उल्लंघनका मुद्दालाई अन्तर्राष्ट्रियकरण गरेर कुनै बेला राज्य र माओवादी दुवैको टाउको दुखाइ बनेका थिए, अधिकारकर्मी गोविन्द बन्दी । नेकपा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले अहिले सत्य निरुपण तथा मेलमिलाप आयोगको अध्यक्षमा उनैलाई प्रस्ताव गरेका छन् ।

बन्दी प्रचण्डको रोजाइमा पर्नुका केही खास कारण छन् । खासगरी अन्तर्राष्ट्रिय मानव अधिकार समुदायसँगको उनको विश्वासिलो सम्बन्ध । उनी अन्तर्राष्ट्रिय कोर्ट अफ जस्टिस (आईसीजे) का नेपाल सल्लाहकार हुन् । अर्को, संक्रमणकालीन न्याय बुझेको र द्वन्द्वपीडितले समेत पत्याउन सक्ने पात्रका रूपमा उनलाई ल्याउन खोजिएको देखिन्छ ।

कांग्रेस सभापति शेरबहादुर देउवाले सुरुमा वरिष्ठ अधिवक्ता बद्रीबहादुर कार्की र महादेव यादवको नाम प्रस्ताव गरेका थिए । नेकपाका तर्फबाट बन्दीको नाम आएपछि भने उनले कानुनविद् सूर्य ढुंगेलको नाम अघि सारे । प्रथम राष्ट्रपति रामवरण यादवका सल्लाहकार रहिसकेका ढुंगेल अन्तर्राष्ट्रिय कानुनमा विद्यावारिधि हुन् । देउवाले प्रचण्डलाई सुझाएको अर्को नाम हो, रमणकुमार श्रेष्ठ । प्रचण्डबाट अनपेक्षित रूपमा बन्दीको नाम आएपछि उनले भनेका थिए, 'तपाईंका तर्फबाट त बरु रमण श्रेष्ठको नाम आउनुपर्ने नि ।'

कांग्रेस-माओवादी केन्द्रको अघिल्लो गठबन्धन सरकारमा प्रचण्डले नियुक्त गरेका श्रेष्ठ स्वार्थका केही मुद्दा टुंग्याउनकै लागि थोरै समय प्रधानमन्त्री देउवाका समेत महान्यायाधिवक्ता बनेका थिए । त्यही सम्बन्धका आधारमा देउवाले उनको नाम प्रस्ताव गरेका थिए । श्रेष्ठलाई अघि बढाउन नेकपाभित्र पूर्वएमाले समूह तयार छैन । पूर्वमाओवादी पृष्ठभूमिको नेतृत्वले राष्ट्रिय/अन्तर्राष्ट्रिय विश्वास जित्न मुस्किल हुनेमा अध्यक्ष प्रचण्ड 'कन्भिन्स' छन् । बन्दीप्रति लचिलो हुनुको अर्को कारण यो पनि हो ।

आफ्नै नेतृत्वमा शान्ति प्रक्रिया यहाँसम्म आइपुगेकाले आयोग अध्यक्ष आफ्नै सिफारिसमा हुनुपर्ने कांग्रेसको अडान छ । उसले ढुंगेलप्रति असहमति भए विकल्प दिन तयार रहेको जनाउ दिइसकेको छ । कांग्रेसले अघि सारेका कार्की र यादवले निवर्तमान अध्यक्ष सूर्यकिरण गुरुङसँग आयोगको वस्तुस्थितिबारे सोधपुछसमेत गरेको स्रोत बताउँछ । कांग्रेस नेता मीनेन्द्र रिजाल शान्ति प्रक्रियामा अन्तर्राष्ट्रिय विश्वसनीयताका लागि आफ्नो पार्टी सहयोग गर्न तयार रहेको बताउँछन् । "यसलाई आपसमा खेल्ने विषय नबनाऔँ," उनी भन्छन्, "प्रस्ट राजनीतिक आवरण र पोजिसन लिएका व्यक्तिभन्दा सबैले पत्याउने नेतृत्व छानौँ ।" कांग्रेसकै नेतृत्वमा १२ बुँदे सहमति, संविधान निर्माण र आमचुनाव भएकाले शान्ति प्रक्रियाको बाँकी कामको अगुवाइ गर्न उपयुक्त हुने उनको तर्क छ ।

नेकपाबाट भने बन्दीको विकल्प झट्ट देखिँदैन । राष्ट्रपति विद्यादेवी भण्डारीका सल्लाहकार सुशील प्याकुरेलको नाम गत वर्ष एकाएक चर्चामा आएको थियो । तर आममाफी उन्मुख भएको आरोप लागेपछि उनी पछाडि फर्किए । गत वर्ष अघि सारिएका संशोधित ऐनका मस्यौदाकार हरि फुयाल सर्वोच्च अदालतमा न्यायाधीश भइसकेका छन् । अघिल्लो आयोगका पदाधिकारी

दोहोऱ्याउने/नदोहोऱ्याउने टुंगो नलाग्दा निवर्तमान सदस्य श्रीकृष्ण सुवेदी ओझेल परेका छन्। यद्यपि संस्थागत स्मरणका लागि भए पनि केहीलाई दोहोऱ्याउने सम्भावना छ।

नेकपा अध्यक्ष प्रचण्ड पूर्वएमाले पृष्ठभूमिका बन्दीलाई ल्याउन तयार भए पनि कांग्रेसलाई नेतृत्व सुम्पिएर अर्को जोखिम उठाउन चाहँदैनन्। बन्दीको नाम आउनुअघि उनले कांग्रेसका तर्फबाट कृष्ण सिटौला र पूर्वसभामुख दमननाथ ढुंगानालाई पनि स्वीकार्न सकिने संकेत गरेका थिए। तर देउवाले ती नामप्रति चासो देखाएनन्। प्रधानमन्त्री ओली र पूर्वसभामुख सुवास नेम्वाङसँग परामर्शपछि उनी बन्दी उपयुक्त पात्र हुने निष्कर्षमा पुगेको बताइन्छ। पछिल्लो पटक १२ असारमा ललितपुरको समिट होटलको भेटमा प्रचण्ड र देउवाले आ-आफ्ना अडान दोहोऱ्याएका थिए। यही तानातानमा आयोग गठन प्रक्रिया तीन महिनादेखि अल्झिएको छ।

सूर्य ढुंगेल

गोविन्द बन्दी

विश्लेषक टीका ढकाल राजनीतिक नेतृत्वको त्रुटिले शान्ति प्रक्रिया अनावश्यक लम्बिएर यहाँसम्म आइपुगेको बताउँछन्। विस्तृत शान्ति सम्झौताको ६ महिनामा आयोग गठन गर्नुको सट्टा शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा जोड दिइयो। न्यायभन्दा राहत र क्षतिपूर्ति वितरणलाई प्राथमिकतामा राखियो। त्यसले संक्रमणकालीन न्याय ओझेल पऱ्यो। "पीडितको विश्वास नजिती गठन हुने आयोग सफल हुन सक्दैन," उनी भन्छन्, "आयोग गठन प्रक्रियादेखि नै पीडितको संलग्नता हुनुपर्छ। अन्यथा अन्तर्राष्ट्रिय समुदायले मान्यता नदिने खतरा पनि रहन्छ।" ढकाल कानुन संशोधन र आयोग गठनलाई सँगसँगै लैजानुपर्ने औँल्याउँछन्।

आयोग पदाधिकारी सिफारिस समितिले २५ चैतमै अध्यक्ष तथा सदस्यका लागि आवेदन आह्वान गरेको थियो। सुरुमा एक साताको म्याद दिइए पनि पीडितको मागपछि समय थपियो। व्यक्तिगत तथा संस्थागत सिफारिसका गरी आयोग पदाधिकारीका लागि ५७ आवेदन परेका छन्। तीमध्ये तीन पूर्वपदाधिकारी पनि छन्। अधिवक्ता बन्दीलाई भागीराम चौधरी अध्यक्ष रहेको द्वन्द्वपीडित समिति बर्दियाले सिफारिस गरेको छ। चौधरी द्वन्द्वपीडित साझा चौतारीका समेत अध्यक्ष हुन्।

त्यसबाहेक सिफारिस समितिले कुनै व्यक्तिको विशिष्ट योग्यता र अनुभवको आधारमा उसको नाम सिफारिसका लागि सूचीकृत गर्न सक्ने व्यवस्था छ। राजनीतिक नेतृत्वले आफूले चाहेको व्यक्ति अघि सार्न यो प्रावधान राखेको बुझ्न कठिन छैन। तर यस पटक विशिष्ट व्यक्तिको मापदण्ड तय गरिएको छ। राष्ट्रिय मानव अधिकार आयोगका प्रतिनिधि सदस्य प्रकाश बस्तीले बनाएको कार्यविधि २७ असारको बैठकमा पेस गरिएको छ। यसले नेताले चाहेका जोसुकै व्यक्ति सीधै सिफारिस हुनबाट रोकिने दाबी समितिको छ।

बेपत्ता छानबिन आयोगका निवर्तमान अध्यक्ष लोकेन्द्र मल्लिक राजनीतिक दल र सरकारको इच्छाशक्ति अभावले अघिल्ला आयोग असफल भएको बताउँछन्। "बेपत्ताको सत्यतथ्य पत्ता लागिसकेको छ। मुद्दा अघि बढाउन कानुन भएन," उनी भन्छन्, "विगतका कमजोरीबाट पाठ सिकेर आयोग बनाए सफल हुन सक्छ।"

द्वन्द्वपीडित साझा चौतारीले ११ जेठमा पीडितकेन्द्रित संक्रमणकालीन न्यायका लागि तत्काल कानुन संशोधन र विश्वसनीय प्रक्रियाबाट आयोग गठन गर्न विशेष प्रस्ताव गऱ्यो। गत फेब्रुअरीमा जेनेभास्थित मानव अधिकार समितिको बैठकमा परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले अन्तर्राष्ट्रिय मापदण्डअनुरूप मानव अधिकारका गम्भीर अपराधमा आममाफी नहुने गरी सर्वोच्च अदालतको १४ फागुन ०७१ को परमादेशबमोजिम तत्काल ऐन संशोधन गर्ने प्रतिबद्धता जनाएका थिए। पाँच महिनामा पनि उक्त प्रतिबद्धता पूरा गर्नतर्फ कुनै कदम चालिएको छैन।

चौतारीले ७ असारमा सिफारिस समितिका अध्यक्ष ओमप्रकाश मिश्रको ध्यानाकर्षण गर्दै कानुन संशोधन नगरी भुलभुलैयामा राखेर गठन गरिने आयोग पीडित समुदायलाई मान्य नहुने र न्यायका लागि अन्य विकल्प अवलम्बन गर्न बाध्य हुने चेतावनीसमेत दिइसकेको छ।

पीडित समुदायले अघिल्लो आयोग असफल हुनुका तीन कारण औँल्याएको छ। पहिलो, माफीप्रधान ऐन र अपारदर्शी प्रक्रियाबाट दलीय भागबन्डामा पदाधिकारी छनोट गर्नु। दोस्रो, संक्रमणकालीन न्यायको विज्ञताभन्दा दलप्रति वफादार व्यक्तिको नियुक्ति पीडितको पक्षमा नहुनु र तेस्रो, द्वन्द्वपीडित, अधिकारकर्मी तथा अन्तर्राष्ट्रिय समुदाय कसैको पनि विश्वास जित्न नसक्नुलाई असफलताको कारण मानेको छ। चार वर्षसम्म कुनै ठोस परिणाम दिन नसक्नु र आपसमा मिलेर काम गर्न नसकेकै कारण आयोगलाई असफल बनाएर पीडितलाई झन् पीडित बनाएको उनीहरूको आरोप छ। उनीहरूले आयोग पुनर्गठनमा तिनै पदाधिकारीलाई पुनः ल्याएर पुरस्कृत गरिए पीडित समुदायलाई स्वीकार्य नहुने अडान राखेका छन्।

सिफारिस समितिले पनि पूर्ववर्ती आयोगको समीक्षा गरेको थियो। आयोगका कर्मचारी, पीडित र मानव अधिकारकर्मीसँगका बेग्लाबेग्लै छलफलपछि असफलताको मुख्य कारण पदाधिकारीको कार्यक्षमतालाई औँल्याइएको स्रोत बताउँछ। "पदाधिकारी पीडितको न्यायभन्दा पार्टीप्रति प्रतिबद्ध

देखिए, जागिरे प्रवृत्ति पनि देखियो,” समितिका एक सदस्य भन्छन्, “आयोग अध्यक्षले काम गर्न सकेनन् । संक्रमणकालीन न्यायका क्षेत्रमा अनुभवहीन अध्यक्षले टिमलाई मिलाएर काम गर्न नसकेको हाम्रो निष्कर्ष छ ।”

प्रचण्ड-देउवा स्वार्थ

नेकपा अध्यक्ष प्रचण्डले एकातिर द्वन्द्वकालीन मनोविज्ञानबाट नेकपाभित्र पूर्वमाओवादीको सग्लो गुटको साथ पाइरहेका छन् भने अर्कोतर्फ माओवादीबाट भएका जघन्य मानव अधिकार उल्लंघनका घटनामा आफू तानिने त्रास त्यत्तिकै छ । उनी पछिल्लो समय अन्तर्राष्ट्रिय मापदण्डअनुरूपै शान्ति प्रक्रिया नटुंग्याई धर पाइँदैन भन्ने निष्कर्षमा पुगेको निकटस्थ बताउँछन् ।

प्रतिनिधिमूलक त्यस्ता घटनाका दोषीलाई सजाय दिलाएरै भए पनि उनी ती अपराध नीतिगत थिएनन् भन्ने देखाउन चाहन्छन् । “आयोगमा बयान दिन, विगतका गल्ती स्वीकार्न र पीडितसँग सार्वजनिक क्षमा माग्नसमेत उनी तयार हुनेछन्,” प्रचण्ड निकट एक नेता भन्छन्, “शान्ति प्रक्रियालाई टुंगोमा नपुर्‍याए जुनसुकै बेला आफू फस्न सक्ने चिन्ता उनमा देखिन्छ ।” त्यस्तै त्रास संकटकालीन सत्ता सम्हालेका तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवामा पनि देखिन्छ । आयोगमा आफ्नै व्यक्ति हुनुपर्छ भन्ने दुई नेताको दाबीको मुख्य आधार नै त्यही त्रासलाई मानिएको छ ।

प्रचण्डले अधूरो शान्ति प्रक्रियाबाट लाभ र जोखिम दुवै उठाइरहेका छन् । संविधान निर्माणपछि आफ्नै समर्थनमा बनेको ओली सरकारबाट ०७३ मा समर्थन फिर्ता लिँदा उनले शान्ति प्रक्रिया अघि नबढाएको आरोप लगाएका थिए । तत्कालीन कानुनमन्त्री अग्नि खरेलले शान्ति प्रक्रिया टुंग्याउन धेरै गृहकार्य गरिसकेको एमाले पक्षको दाबी थियो । ओली हटाएर आफैं प्रधानमन्त्री बने पनि प्रचण्डको नौ महिने कार्यकालभरि शान्ति प्रक्रिया भने जहाको तहीं रह्यो ।

अहिले उस्तै दृश्यको पुनरावृत्ति भइरहेको छ । शान्ति प्रक्रियालाई ओलीले बेवास्ता गरेको गुनासो प्रचण्ड आफ्ना निकटस्थसँग गर्न थालेका छन् । नेकपा सरकार गठनपछि आयोगका कामले गति लिन सकेनन्, बजेट कटौती भयो । असन्तुष्टि जनाउने नेताहरूलाई बालुवाटारले एउटै जवाफ फर्काइरह्यो, ‘यो टोलीबाट पार लाग्दैन ।’

नभन्दै ०७५ पुसमा चैतसम्मको म्याद दिएर सरकारले आयोग पदाधिकारीको कार्यकाल टुंग्याइदियो । सत्य निरुपण तथा बेपत्ता आयोगका अध्यक्ष सूर्यकिरण गुरुङ र सदस्य लीला उदासीले राजीनामा दिए । अरू आयोगमै रहे पनि काम गर्ने वातावरण भने थिएन । ओलीले आफूलाई लगाम लगाउन जुनसुकै बेला यही अस्त्र प्रयोग गर्न सक्छन् भन्ने त्रास प्रचण्डमा देखिन्छ । त्यो बुझेरै ओलीले अहिले आयोग गठनमा उनैलाई अघि सारेको देखिन्छ ।

माओवादी विद्रोहीलाई पहिलो पटक शान्ति वार्तामा ल्याउने र संकटकाल लगाएर सबैभन्दा अधिक दमन गर्ने दुवै जस पूर्वप्रधानमन्त्री देउवालाई जान्छ । उनकै कार्यकालमा सबैभन्दा धेरै नागरिक बेपत्ता पारिएको, गैरन्यायिक हत्या, बलात्कार र यातनाका डरलाग्दा घटना त्यसै बेला भएको भन्दै आलोचना हुने गर्छ । त्यसैले शान्ति प्रक्रियाको लगाम आफ्नै मुठ्ठीमा राख्नुपर्छ भन्ने उनलाई पर्नु स्वाभाविक देखिन्छ ।

द्वन्द्वकालीन घटनामा मुछिने डर प्रचण्ड र देउवा दुवैलाई छ । आफूलाई सहज हुने व्यक्ति नपरे कांग्रेसले उपयोग गर्ने र ‘सत्ता बार्गेनिङ’ को अस्त्रसमेत बनाउने विश्लेषण नेकपाकै शीर्ष तहमा भएको छ । त्यसैले सत्तारुढ नेकपा सत्य निरुपण तथा मेलमिलाप आयोग छाड्ने मनस्थितिमा देखिँदैन ।

देउवा बेपत्ता पारिएका व्यक्तिका मुद्दामा तानिने त्रासमा छन् । आफ्नै प्रस्तावमा आयोग नेतृत्व नियुक्त गराएर उनी त्यसबाट मुक्त हुन चाहन्छन् । बेपत्ता घटनामा संलग्न सुरक्षा अधिकारीमाथि उनको शासनकालमा कारबाही भएन । बाँके र बर्दियाका सयौं व्यक्ति बेपत्ता पारिए । तीमध्ये अधिकांश थारु समुदायका थिए । त्यसैले तत्कालीन सरकारले योजनाबद्ध रूपमै बेपत्ता र गैरन्यायिक हत्या गरेको भन्न मिल्ने थुप्रै आधार छन् ।

कांग्रेस नेता मीनेन्द्र रिजाल राज्यले हिंसात्मक गतिविधि नियन्त्रण गर्न वैधानिक बलको प्रयोग गर्ने चलन अन्यत्र पनि रहेकाले सोही कारण सभापति देउवा डराउनुपर्ने कुनै आधार नभएको दाबी गर्छन् । भन्छन्, “हामीले वैधानिक सत्ता सञ्चालन गरेको हो । तत्कालीन प्रधानमन्त्री डराउनुपर्ने कुनै कारण छैन ।”

अनमिनका पूर्वप्रमुख इयान मार्टिनको सन्देहात्मक नेपाल भ्रमण (२८ मंसिरदेखि ५ पुस ०७५ सम्म) होस् वा गत वर्ष अमेरिका, बेलायत, नर्वे, जर्मन, फ्रान्स, फिनल्यान्ड, स्विट्जरल्यान्ड, अस्ट्रेलिया र युरोपियन युनियनसँगै संयुक्त राष्ट्रसंघले सन् २०१९ मा नेपालको संक्रमणकालीन न्यायिक प्रक्रिया अगाडि बढाउने योजना प्रस्ट्याउन आग्रह गर्दै निकालेको संयुक्त विज्ञप्तिले गहिरो अन्तर्राष्ट्रिय चासो देखाउँछ ।

२१ जेठमा अस्ट्रेलियाका राजदूत पिटर बडले संक्रमणकालीन न्याय नदिइए माओवादी द्वन्द्वका बेला मानव अधिकार उल्लंघनमा प्रत्यक्ष वा अप्रत्यक्ष संलग्न नेताहरू जहिलेसुकै पक्राउ पर्न सक्ने अभिव्यक्ति दिएपछि पूर्वसत्तारुढ र विद्रोहीलाई झस्काइदियो । अधिवक्ता ओमप्रकाश अर्याल संक्रमणकालीन न्यायको टुटेको साङ्लो नजोडिए मानव अधिकारको विश्वव्यापी क्षेत्राधिकार आकर्षित हुन सक्ने बताउँछन् । विदेशीको क्षेत्राधिकार रोक्ने र आफू जोगिने प्रयत्न गरिरहनुभन्दा संक्रमणकालीन न्यायका लागि इमानदार हुनु बुद्धिमानी ठहर्ने उल्लेख गर्दै भन्छन्, “अन्तर्राष्ट्रिय राजनीतिले पनि जुनसुकै

बेला नेपाललाई अन्तर्राष्ट्रिय फौजदारी अदालत र राष्ट्रसंघीय सुरक्षा परिषद्मा पुऱ्याउन सक्छ।"

युरोप बस्ने द्वन्द्वपीडितको उजुरीका आधारमा पूर्वविद्रोही वा सत्तापक्षीय नेता बेलायतमा सेनाका कर्णेल कुमार लामाझैँ विदेशी भूमिमा पक्राउ पर्न सक्ने अधिवक्ता अर्याल औँल्याउँछन्। द्वन्द्वकालीन व्यक्ति हत्या, अपहरणपछि हत्या, बेपत्ता, यौन हिंसा र यातना नीतिगत अपराधका रूपमा मानव अधिकारको विश्वव्यापी क्षेत्राधिकारभित्र पर्ने उनको तर्क छ।

असफल संयन्त्र

शान्ति प्रक्रियाका बाँकी काम टुंग्याउन डेढ वर्षदेखि नेकपा-कांग्रेसका चार नेता सक्रिय छन्। नेकपा संसदीय दलका उपनेता सुवास नेम्वाङ, ऊर्जामन्त्री वर्षमान पुन, कांग्रेस नेताद्वय मीनेन्द्र रिजाल र रमेश लेखकको यो राजनीतिक संयन्त्र सफल भने देखिँदैन।

संक्रमणकालीन न्यायको जटिल विषयमा पीडित र मुख्य सरोकारवालासँग पर्याप्त परामर्शबिनै संयन्त्रले निर्णय लिने गरेको छ। गत वर्ष ऐन संशोधनको एउटा मस्यौदा ल्याइयो। नेताहरूले बृहत् छलफल नगरेरै स्वीकारिदिए। कानुन तथा न्याय मन्त्रालयले ७ असार ०७५ मा मानव अधिकार आयोगको सभाहलमा सुझावका लागि आयोग र द्वन्द्वपीडितलाई उपलब्ध गरायो। परामर्शका लागि ६, ९ र २० साउनको मिति तोकियो। तर आममाफी प्रेरित सो मस्यौदाको विरोधपछि मन्त्रालय पछि हट्नुपर्ने स्थिति आयो। 'जिरो ड्राफ्ट' भनिएको मस्यौदा पुनः छलफलमा ल्याइएन। तत्कालीन कानुनमन्त्री शेरबहादुर तामाङ भन्छन्, "जघन्य अपराधमा अन्तर्राष्ट्रिय मापदण्डअनुरूपै अभियोजन गर्ने र दण्ड-सजायमा आन्तरिक विधि बनाइएको थियो।" मस्यौदा आफैँमा नराम्रो नभए पनि स्वामित्व लिएर छलफल नहुँदा समाधान दिन नसकेको उनको भनाइ छ।

त्यसपछि अधिकारकर्मी सुशील प्याकुरेलको पहलमा शान्ति प्रक्रिया टुंग्याउने गरी राजनीतिक संयन्त्रले गृहकार्य गऱ्यो। आयोग विघटन गर्ने र दुवै आयोग मिलाएर एउटै बनाउने तयारी गरियो। प्याकुरेललाई नेतृत्व सुम्पिन नेकपा अध्यक्ष प्रचण्डसमेत तयार भइसकेका थिए। ५ मंसिरमा द्वन्द्वपीडितले गरेको राष्ट्रिय सम्मेलनले बहालवाला आयोगको औचित्यमाथि नै प्रश्न उठाइदियो। उक्त सम्मेलनलाई प्याकुरेल समूहको सहयोग थियो। आममाफी मोडलमा शान्ति प्रक्रियालाई लैजान लागिएको भन्दै द्वन्द्वपीडित समुदाय विभाजित हुन पुग्यो। राष्ट्रपतिका सल्लाहकारसमेत रहेका प्याकुरेललाई आयोगमा ल्याउन सेनाको स्वार्थ रहेको आरोप खेप्नुपरेपछि संयन्त्र पछि फर्कियो।

लगत्तै १० मंसिर ०७५ मा स्वीस कोषको कार्यक्रममा नेपालको शान्ति प्रक्रियाबारे छलफल गर्न टोली बैंकक पुग्यो। त्यहाँबाट पनि कुनै निष्कर्ष निस्किएन। अहिले पनि सिफारिस समितिभन्दा नेताहरू नै धेरै सक्रिय छन्। संविधानसभाका पूर्वअध्यक्षसमेत रहेका नेम्वाङ सम्मिलित राजनीतिक संयन्त्रका अपरिपक्व गतिविधिले शान्ति प्रक्रिया सहज टुंगिनेमा आशंका गर्ने थुप्रै ठाउँ छन्। 'जिरो ड्राफ्ट' नदोहोऱ्याउन जनार्दन शर्मालगायत सत्तारुढ दलकै नेताहरूले सक्रियता बढाएका छन्। उनी आफ्नै प्रदेश कर्णालीबाट बन्दीलाई आयोग अध्यक्ष बनाउन प्रचण्डसँग लबिइङ गरिरहेका छन्। तर ऐन संशोधन नगरेरै पदाधिकारी नियुक्तिमा देखाइएको चासोले राम्रो नतिजा निस्कन भने मुस्किल देखिन्छ। ■

सेनाको लबिइङ

सत्य निरुपण तथा मेलमिलाप आयोगले सही ढंगले काम अघि बढाउँदा नेपाली सेनाका थुप्रै अधिकृत र जवान अनुसन्धानको दायरामा तानिने स्थिति छ। अहिले यौन हिंसा, यातना र व्यक्ति बेपत्ताका सयौँ घटनाका दोषीले उन्मुक्ति पाइरहेका छन्। त्यसैले आयोग गठनमा सेनाको चासो देखिएको छ।

गत वर्ष सेनाले सरकारलाई पाँचबुँदे सुझाव दिँदै संक्रमणकाल समापनसँगै आयोगको औचित्य पनि सकिएको आशय व्यक्त गरेको थियो। सैनिक अधिकृत तथा जवानले गरेका गल्तीमा सैन्य अदालतबाट कारबाही पाइसकेकाले उनीहरूलाई पुनः आयोगमा उभ्याउनु दोहोरो सजाय र अन्याय हुने सेनाको जिकिर छ।

युद्धविरामका बेला भएका दोरम्बा हत्याकाण्ड, भैरवनाथ गणको हिरासतबाट बेपत्ता पारिएका ४९ बन्दी र बाँके-बर्दियामा गरिएको कर्णाली सर्च अपरेसनका क्रममा बेपत्ता पारिएका सयौँ व्यक्तिका घटनाले सेना अप्ठेरोमा परेको छ। बेपत्ता छानबिन आयोगले सैनिक अधिकारीलाई बोलाएर सोधपुछसमेत गरेको थियो। दर्जनौँ व्यक्ति बेपत्ता पार्ने घटनामा एउटै व्यक्ति संलग्न भएकोसमेत पाइएको अध्यक्ष लोकेन्द्र मल्लिक बताउँछन्। सेनाका तर्फबाट तत्कालीन बलाधिकृत रथी पूर्णचन्द्र थापा (हाल प्रधानसेनापति) ले घटनामा संलग्न कतिपयलाई सैनिक अदालतबाट कारबाही भइसकेको जनाएका थिए। आयोगले त्यसको विवरण माग्यो। तर सेनाले विवरण उपलब्ध गराउने प्रतिबद्धता जनाएर पनि दिएन।

पार्टी नेता, द्वन्द्वपीडित र मानव अधिकारकर्मीसँग पटक-पटक अनौपचारिक बैठक गर्दै सैनिक अधिकारीले परिपूरणमा जोड दिइरहेका छन्। अमेरिकी दूतावासको सहयोगमा ऱ्याडिसन होटलमा समेत त्यसबारे थुप्रै छलफल भइसकेका छन्। सेना समायोजनमा संलग्न पूर्वजर्नेल बालानन्द शर्मासमेत द्वन्द्वपीडितलाई थामथुम पार्ने बैठकमा उपस्थित हुने गरेका छन्। केही द्वन्द्वपीडित अगुवालाई सैनिक मुख्यालय बोलाएर पनि मुद्दा नचर्काउन सुझाव दिने गरिएको छ।

"सेनाका बहालवाला र रिटायर्ड अफिसर परिपूरणबाटै टुंग्याउने प्रस्ताव गर्छन्," द्वन्द्वपीडित साझा चौतारीका अध्यक्ष भागीराम चौधरी भन्छन्, "मानव अधिकार उल्लंघनका जघन्य अपराधमा आममाफी हामीलाई स्वीकार्य छैन।" जघन्य अपराधका दोषीमाथि कारबाही गर्ने कुराले बहालवालाभन्दा सेवानिवृत्त अधिकृत र जवान झस्किएका छन्। त्यसैले लबिइङमा सेवानिवृत्त जर्नेल पनि सक्रिय छन्। एउटा बैठकमा आफूले जघन्य अपराधका दोषीलाई कारबाही गर्न तयार नभएसम्म शान्ति प्रक्रिया पूरा हुँदैन भनिदिएको चौधरी सुनाउँछन्।

❝

संक्रमणकालीन न्यायप्रति इमानदार नभए जुनसुकै बेला नेपाललाई अन्तर्राष्ट्रिय फौजदारी अदालत र राष्ट्रसंघीय सुरक्षा परिषद्मा पुऱ्याउन सक्छ।

– ओमप्रकाश अर्याल
अधिवक्ता

फलोअप

कानुनी चेपुवामा रेडक्रस

असार मसान्तभित्र नवीकरण नभए वैधानिकतामै प्रश्न उठ्ने अवस्था

माधव बस्नेत

'रिट निवेदकको अन्तिम टुंगो नलागेसम्म यी निवेदक (सञ्जीव थापा) अध्यक्ष रहेको नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यसमितिलाई विघटन तथा ऐ सोसाइटीको तदर्थ केन्द्रीय कार्यसमिति गठन गरेको जिल्ला प्रशासन कार्यालय काठमाडौंको मिति ०७६/२/६ को निर्णय कार्यान्वय नगर्नू/नगराउनू भनी विपक्षीहरूका नाममा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम (४९) (२) (क) र मुलुकी देवानी संहिता कार्यविधि, २०७४ को दफा १५८ बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ।'

सर्वोच्च अदालतका न्यायाधीश प्रकाशमानसिंह राउतले २१ जेठ ०७६ मा रेडक्रसका निवर्तमान अध्यक्ष सञ्जीव थापाका पक्षमा जारी गरेको अन्तरिम आदेश हो, यो। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्देशनपछि गृह मन्त्रालय र काठमाडौं जिल्ला प्रशासन कार्यालयले छानबिन गरेका थिए। थापाले भ्रष्टाचार गरेको ठहर गर्दै जिल्ला प्रशासनले उनको कार्यसमितिलाई बर्खास्त गरी ८ जेठमा अर्को तदर्थ समिति गठन गरेको थियो। त्यसविरुद्ध थापा सर्वोच्च पुगेका थिए।

रोचक के भने रिट निवेदक थापा, रिट लेख्ने, बहस गर्ने अधिवक्ता र अन्तरिम आदेश दिने राउत कटारीस्थित एकै टोलका बासिन्दा र नातेदार हुन्। राउतको यस्तो आदेशपछि रिटले अझै किनारा पाउन सकेको छैन।

नेपाल रेडक्रस सोसाइटी संस्था दर्ता ऐन, ०३४ मा दर्ता संस्था हो। संस्था दर्ता ऐनअनुसार असार मसान्तमा सोसाइटीको नवीकरण हुनुपर्छ। रेडक्रसको केन्द्रीय कार्यालय, ७७ वटै जिल्ला शाखा र १ हजार ४ सय ५० भन्दा बढी उपशाखा छन्। नवीकरणका लागि उनीहरू सबैले गरेको वार्षिक खर्चको आयव्यय विवरण, लेखा परीक्षण प्रतिवेदन, प्रगति विवरणसमेत पेस गर्नुपर्छ किनभने रेडक्रसका देशभरका शाखा, उपशाखा सबैको प्यान नम्बर एउटै छ। यसपछि जिल्ला प्रशासन काठमाडौंले प्रतिवेदन ठीक भए/नभएको अध्ययन गरी नवीकरण गर्छ। अहिलेसम्म लेखा परीक्षण प्रतिवेदन संकलन गरिएको छैन। रेडक्रसका पूर्वकर्मचारी दीपक घिमिरे भन्छन्, "असार मसान्तभित्र रेडक्रस नवीकरण नभए यसको वैधानिकतामै प्रश्न उठ्न सक्छ।"

दुई वर्ष लगाएर प्रतिवेदन

संस्थाका पदाधिकारी र माथिल्लो तहका कर्मचारीले आफैँ निर्णय गरी मासिक रूपमा मानार्थ रकम, अतिरिक्त सेवा-सुविधा बुझेको पाइएकाले सो कार्य नियमविपरीत भएको हुँदा निजहरूबाट बुझेको सुविधा असुलउपर गर्न कारबाही अघि बढाउने।

संस्थाका पदाधिकारीले भूकम्पपछि लामो समयसम्म पनि कार्यसमितिको बैठक नबसी गैरजिम्मेवार तवरले वैदेशिक सहयोग परिचालन गरेको, परिषद्बाट विभिन्न समयमा दिएका सुझाव कार्यान्वयन नगरेको, प्रचलित कानुनविपरीत सेवा-सुविधा लिएको जस्ता कार्य गरेको देखिएकाले समाज कल्याण ऐन, २०४९ को दफा २० बमोजिम विद्यमान कार्यसमिति विघटन गर्न सिफारिस गरिन्छ।

संस्थामा लामो समयदेखि कार्यसमितिको जिम्मेवार पदमा बस्ने र नियामक निकायले दिएको प्रचलित कानुनबमोजिम सुझाव कार्यान्वयन नगर्ने, नियमविपरीत सेवा-सुविधा लिने पदाधिकारीलाई निश्चित समयसम्म कार्यसमितिका लागि अयोग्य घोषणा गरी नयाँ साधारण सदस्यलाई मौका दिने व्यवस्था गर्ने।

२० माघ, २०७५ प्रकाशित आवरण कथा

रेडक्रस केन्द्रीय कार्यालयको अनियमितता छानबिन गर्न गठित समितिको प्रतिवेदन ०७५ को पृष्ठ ३१ मा उल्लिखित अंश हो, यो। नेपाल रेडक्रसका तत्कालीन अध्यक्ष सञ्जीव थापालगायत उपल्लो नेतृत्वमा आसीनविरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र, अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरीका चाङ थिए। सम्बन्धित निकायले रेडक्रसको नियामक समाज कल्याण परिषद्लाई छानबिन गर्नू भनी पत्राचार गरे। त्यसपछि १७ फागुन ०७३ मा परिषद्ले ५ सदस्यीय छानबिन समिति गठन गरेको थियो।

समिति संयोजक समाज कल्याण परिषद्का सदस्य लक्ष्मीकुमारी कोइराला र सदस्यहरू कानुनी

सल्लाहकार रमेशराज कार्की, उपनिर्देशक सञ्जयकुमार मल्लिक, चार्टर्ड एकाउन्टेन्ट कौशलेन्द्रकुमार झा र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका अधिकृत ओम भट्टराई थिए । समितिले झन्डै २ वर्ष लगाएर ०७५ अन्त्यतिर ४६ पृष्ठको प्रतिवेदन बुझाएको थियो । त्यही प्रतिवेदनमा रेडक्रस अध्यक्ष थापा नेतृत्वको कार्यसमिति विघटन गर्न सिफारिस गरिएको हो ।

प्रतिवेदन सार्वजनिक हुनुअघि नै ६ जेठ ०७६ बाट लागू हुने गरी जिल्ला प्रशासन कार्यालय काठमाडौँले थापा नेतृत्वको कार्यसमितिलाई कारबाही गरेको थियो । उक्त कारबाहीविरुद्ध अदालतको शरणमा पुगेपछि थापाअनुकूल फैसला भएको हो ।

जिल्ला प्रशासन कार्यालयले तीन वटा विषयमा छानबिन गर्ने 'म्यान्डेट' पाएको थियो, रेडक्रसको केन्द्रीय गोदाम घर निर्माणका लागि भक्तपुरमा जग्गा खरिद, प्रदर्शनीमार्गमा केन्द्रीय रक्तसञ्चार भवन निर्माण र विभिन्न जिल्लामा खानेपानी परियोजना निर्माण गर्दाको अनियमितता छानबिन गर्ने । सोहीअनुसार प्रशासनले तीन महिनाभन्दा लामो समय लगाएर भक्तपुरस्थित केन्द्रीय गोदाम घर निर्माण गर्न खरिद गरिएको जग्गा अध्ययन गरेको थियो ।

त्यस क्रममा जिल्ला प्रशासनले जग्गा खरिदमा संलग्न अध्यक्ष थापा, महामन्त्री देवरत्न धाख्वा, कोषाध्यक्ष देवेन्द्रबहादुर प्रधान, कार्यकारी निर्देशक उमेश ढकाल, कामु कार्यकारी निर्देशक इन्द्रबहादुर केसी, अर्थ विभागमा कार्यरत धर्मरत्न बिडारी, मदनकृष्ण फोंजु र ईश्वर रेग्मीलाई बयानका लागि बोलाएको थियो । अध्यक्ष थापा र कार्यकारी निर्देशक केसीसँग प्रशासनले झन्डै आधा दर्जन पटक बयान लिएको थियो । यसबाहेक १ बिचौलिया र जग्गा बिक्री गर्ने ४ जनासँग पनि बयान लिएको थियो । जिल्ला प्रशासन स्रोतका अनुसार ६ करोड रुपैयाँको जग्गा खरिद गर्दा १ करोड ९२ लाख 'कमिसन मिलेको' बिचौलियाले बयान दिएका थिए ।

यति मात्र होइन, अध्यक्ष थापासहित रेडक्रसमा कार्यरत सातै जनाले एकअर्कालाई अनियमिततामा मुछेका थिए । यसपछि प्रशासनले थापा नेतृत्वको कार्यसमिति भंग गरेको थियो ।

सीआईबीको छानबिन

थापा नेतृत्वको कार्यसमितिले गरेको अनियमितताको एक चरणको छानबिनपछि त्यसमाथि थप अनुसन्धान गर्न जिल्ला प्रशासन कार्यालय काठमाडौँले प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) लाई फाइल जिम्मा लगाएको छ । पछिल्ला दिनमा सीआईबीले थप फाइल नियन्त्रणमा लिएर ठगीमा छानबिन गरिरहेको छ । प्रशासन स्रोतका अनुसार रेडक्रसको गोदाम घर निर्माणका लागि जग्गा खरिद गर्दा ठूलो परिमाणमा भ्रष्टाचार भएको तथ्य स्थापित भइसकेको छ । तर भ्रष्टाचार निवारण ऐनअनुसार रेडक्रसका पदाधिकारी 'सार्वजनिक पद धारण गरेको राष्ट्रसेवक व्यक्ति' नभएकाले उनीहरूविरुद्ध सीधै विशेष अदालतमा मुद्दा चलाउन नमिल्ने भयो । किनभने रेडक्रस संस्था दर्ता ऐनअनुसार परोपकारी सेवाका नाममा दर्ता र स्थापना भएको हो । त्यसैले प्रशासनले भ्रष्टाचार मुद्दा दायर गर्न नमिल्ने भएकाले थप कानुनी सहयोग लिएर सीआईबीमा मुद्दा पठाउनुपरेको हो ।



अख्तियारको निर्देशनअनुसार रेडक्रसभित्रको अनियमितता छानबिन गर्ने अधिकार प्रशासन कार्यालयलाई थिएन भने चार महिनाभन्दा लामो अवधिसम्म किन हात हाल्यो भन्ने प्रश्न पनि छँदैछ । "६ करोडको जग्गा खरिद गर्दा १ करोड ९२ लाख रुपैयाँ कमिसन मिलेको अभियुक्तहरूले प्रस्ट बताउँदासमेत कारबाही गर्न मिल्दैन ?" जानकार स्रोत भन्छ ।

सहायता रोक्का

रेडक्रसको अन्तर्राष्ट्रिय महासंघ आईएफआरसीले नेपाल रेडक्रसलाई दिने सहायता रोकेको छ । जेनेभाबाट आएको महासंघको 'स्कुपिङ मिसन' ले झन्डै चार महिनाअघि नै रेडक्रसबाट आवश्यक कागजात लगेको थियो । अध्ययनपछि प्रारम्भिक चरणमा सहायता रोकेको हो । फेडेरेसनले संस्थालाई गर्दै आएको आर्थिक सहयोगमा सेवा-सर्त बदलेको छ । "विगतमा फेडेरेसनले नेपाल रेडक्रसलाई वार्षिक बजेट दिन्थ्यो । अब काम गरेको बिल, भौचरअनुसार मात्र रकम दिने भयो," नेपाल रेडक्रसका पूर्वनिर्देशक ऋषि खनाल भन्छन्, "भ्रष्टाचारको प्रमाण भेटेपछि फेडेरेसनले कमै विश्वास गर्छ ।"

अघिल्ला वर्षमा नेपाल रेडक्रस आफैँले सञ्चालन गर्ने परियोजनाको सम्झौता पठाएपछि आईएफआरसीले किस्ताबन्दी रूपमा पेस्की रकम उपलब्ध गराउँथ्यो । तर पछिल्ला दिनमा परियोजना सम्झौता गरेको प्रमाण पठाएका भरमा मात्र पेस्की रकम नदिने भएको छ । अब परियोजना सम्पन्न हुँदा लागेको खर्च, बिल, भर्पाइ पठाएपछि मात्र आवश्यक अनुसन्धान गरी भुक्तानी दिने भएको छ ।

फेडेरेसनको यो कडाइले रेडक्रसको कार्यगतिमा शिथिलता आउने जानकारको भनाइ छ । यो किन पनि भने अब रेडक्रसको खातामा मौज्दात रकम भए मात्र परियोजना सञ्चालन हुन सक्छ । मौज्दात रकम छैन भने योजना कार्यान्वयन हुन सक्दैन । रेडक्रसको दुइटा खातामा गरी यसबेला साढे १ अर्ब रुपैयाँभन्दा बढी रकम बचत छ । तर करिब २ सय कर्मचारीले दुई-तीन महिनादेखि तलब पाउन सकेका छैनन् ।

मुद्दा सार्ने प्रपञ्च

२१ जेठमा न्यायाधीश राउतले थापाको पक्षमा अन्तरिम आदेश दिए । रिटको बहस १७ असारमा केदारप्रसाद चालिसे र आनन्दमोहन भट्टराईको इजलासमा परेको थियो । त्यस दिन पालो नआउँदा २२ असारमा तेजबहादुर केसी र सुषमालता माथेमाको बेन्चमा पुग्यो, यो रिट । उक्त दिन पनि सञ्जीव पक्षका वकिलका कारण सुनुवाइ हुन सकेन । स्रोतका अनुसार थापा पक्षका वकिलको नियत मुद्दाको पेसी सारिरहने छ, जुन अध्यक्ष थापा स्वयंले 'यो मुद्दा माघसम्म पुग्छ' भनेर सार्वजनिक रूपमै बोलिरहेका छन् ।

रोचक के भने २२ असारको सुनुवाइमा वरिष्ठ अधिवक्ता रमण श्रेष्ठले ठूलै रमिता देखाए । सुरुमा रेडक्रसको तदर्थ कार्यसमितिका तर्फबाट वकालत सूचीमा उनको नाम थियो । कतिसम्म भने तदर्थ समिति र सरकारका तर्फबाट मुद्दासमेत उनैले लेखेका थिए । त्यसबापत त्रिपुरेश्वरस्थित आफ्नो ल फर्ममा उनले ५० हजार रकमसमेत बुझेका थिए । तर बहस गर्नुपर्ने अन्तिम घडीमा श्रेष्ठले 'विपक्षीले समेत वकालतमा मेरो नाम हालेको रहेछ । त्यसैले म तपाईंहरूका तर्फबाट बहस गर्न सक्दिनँ' भनेर थापा पक्षका अधिवक्ताको गाडीमा हुइँकिए ।

यसरी कानुनी चेपुवामा परेको परोपकारी संस्था रेडक्रसको भविष्य के होला ? ने

बिजुली सपना

एक दशक पर्खंदा पनि टुकी र सोलारकै भर

माधव अर्याल/पाल्पा

निस्दी–४, मित्याल भीरपानीका नर बहादुर गाहा मगर, ६३, ले बिजुली बाल्न पैसा बुझाएको १० वर्ष बितिसक्यो। बत्ती चाँडै बल्छ भनेर सुरुमै ७ हजार रुपैयाँ बुझाएका थिए।

ग्रामीण विद्युतीकरण कार्यक्रमअन्तर्गत बिजुलीका लागि घरमा गरिएको वायरिङ धूलोधूँवाले कालो र घरअगाडि ठेकेदारले गाडेका पोल पनि ढल्ने अवस्थामा पुगिसकेका छन्। गाहा दुखेसो पोख्छन्, "बिजुली बाल्ने रहर सपनै हुने हो कि भन्ने लागेको छ।"

यस वर्ष पनि निस्दी गाउँपालिकाको मित्यालका ३० घरपरिवारलाई सोलार वितरण गरियो। जिल्लाकै दुर्गम भेगमा पर्ने निस्दी गाउँपालिकाका ५ वडा अहिलेसम्म टुकी र सोलारमै चित्त बुझाउन बाध्य रहेको प्रमुख प्रशासकीय अधिकृत शालिकराम बस्याल बताउँछन्। भन्छन्, "केन्द्रीय प्रसारण लाइनको अवस्था यस्तै छ। गाउँपालिकाले टुकीरहित कार्यक्रम चलाउन बाध्य छ।"

झिरुवास, गल्धा, अर्चले, ज्यामिरे, मित्यालमा वर्षौंअघि उठाएको पैसाले नेपाल विद्युत् प्राधिकरणको सामुदायिक तथा ग्रामीण विद्युतीकरण विभागबाट टेन्डर भए पनि काम अघि बढेको छैन। निस्दी गाउँपालिकामै लालीगुँरास सामुदायिक विद्युत् समितिसमेत गठन भएको छ।

बिजुली बाल्नकै लागि ५ वडाका २ हजार परिवारले उपभोक्ता संस्थामार्फत डेढ करोड रुपैयाँ बढी पैसा उठाएका थिए। सुरुमा व्यक्तिगत खातामा पैसा राखेको विवाद र केही पदाधिकारीले पैसा चलाएको आरोप पनि लाग्यो।

बिजुलीमा भएको ढिलाइप्रति ठेकेदार र सामुदायिक तथा ग्रामीण विद्युतीकरण विभागमा डेलिगेसन गइसकेको गाउँपालिका अध्यक्ष मुक्तबहादुर सारु सुनाउँछन्। भन्छन्, "विद्युत् प्राधिकरणको अटेरीपन र समन्वयमा कमजोरी देखियो।" सिंगो निस्दी गाउँपालिकामा केन्द्रीय प्रसारण लाइन विस्तार हुन सकेको छैन।

विद्युत् प्राधिकरण बुटवल क्षेत्रीय कार्यालय प्रमुख भानुभक्त भट्टराई भने लसुने (सिद्धार्थ राजमार्ग)–सिलुवा प्रसारण लाइन निर्माणमा भएको ढिलाइले निस्दीमा बिजुली नबलेको बताउँछन्। भन्छन्, "अब विवाद समाधान भएको अवस्था छ। निर्माण व्यवसायीलाई बोलाएर काम अगाडि बढाउँछौँ।"

लसुनेदेखि सिलुवासम्मको प्रसारण लाइनमा जग्गा विवाद भएपछि ठेकेदारले अन्य क्षेत्रमा काम अघि बढाएका छैनन्। पूर्वखोला गाउँपालिकाको सिलुवामा बनेको सब-स्टेसन पनि वर्षौंदेखि अलपत्र छ। उक्त स्टेसनमा लगेपछि निस्दीमा बिजुली बाल्ने योजना रहेको विद्युत् प्राधिकरण पाल्पा वितरण केन्द्र प्रमुख रामु श्रेष्ठ बताउँछन्।

रम्भा गाउँपालिका प्रमुख विष्णुप्रसाद भण्डारीका अनुसार लसुने क्षेत्रको समस्या समाधान भइसकेको छ। भन्छन्, "निर्माण व्यवसायी नै नआउँदा काम अघि नबढेको हो। हाम्रोमा विवाद छ भन्नुभन्दा ठेकेदारलाई ल्याएर काम गराउनुपर्छ।"

विद्युत् प्राधिकरणले केन्द्रीय प्रसारण लाइन निर्माणमा ढिलाइ गरेपछि गाउँपालिकाले हावाबाट बिजुली निकाल्ने प्रक्रिया अगाडि बढाएको छ। यसअघि १ हजार २ सय वाट (६ सय सोलार र ६ सय हावा) बिजुली निकालेर परीक्षण गरेको गाउँपालिकाले अब २५ किलोवाट निकाल्ने तयारी थालेको हो।

निस्दी गाउँपालिका अध्यक्ष सारुका अनुसार ठेकेदारले सोलार प्यानल, मुख्य पोललगायत ल्याएर काम थालेको छ। सिद्धार्थ राजमार्गबाट ४५ किलोमिटरपूर्व बेलडाँडाबाट मित्याल पुग्न पुनः १४ किलोमिटर कच्ची सडक छ। वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमार्फत कृष्ण ग्रील एन्ड इन्जिनियरिङ वर्क्स प्रालि, विराटनगरले यहाँ कामको ठेक्का लिएको थियो।

हावा र सोलार पावरको ब्याकअपबाट अहिले पनि १ हजार २ सय वाट बिजुली निस्केको छ। हावा बिजुलीबाट १ सय ५० घरले बत्ती बाल्न पाउनेछन्। ■

परिषद् कि प्राधिकरण ?

वातावरण संरक्षण र जलवायु परिवर्तन विश्वव्यापी मुद्दा बनिरहेका बेला नेपालमा भने स्थायी संरचना अभाव

यम बम

‘वातावरण संरक्षण तथा जलवायु परिवर्तनसम्बन्धी कार्यलाई राष्ट्रिय स्तरमा प्रभावकारी सञ्चालन गर्न प्रधानमन्त्रीको अध्यक्षतामा वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन राष्ट्रिय परिषद् रहनेछ ।’

वातावरण संरक्षणसम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयकमा रहेको व्यवस्था हो, यो । संघीय सरकारका चार मन्त्री र सात वटै प्रदेशका मुख्यमन्त्रीसहित सदस्य रहने वातावरण परिषद्को मुख्य काम, कर्तव्य र अधिकारमा ‘दीर्घकालीन नीति, योजना तय गर्ने, तीन वटै सरकारलाई मार्गदर्शन गर्ने, आर्थिक स्रोत व्यवस्थापन र मूल्यांकन गर्ने’ विषय छन् ।

वातावरण संरक्षण ऐन, २०५३ अनुसार गठित वातावरण संरक्षण परिषद् र जलवायु नीतिअनुरूप गठन भएको जलवायु परिवर्तन परिषद्को बैठक भने वर्षौंदेखि बस्न सकेको छैन । ०६६ मा वातावरण परिषद्को बैठक सात पटक बसेको थियो । माधवकुमार नेपाल नेतृत्वको मन्त्रिपरिषद् बैठक कालापत्थरमा भएको थियो, विश्वलाई जलवायु परिवर्तनको असरबारे सन्देश दिन ।

वातावरण संरक्षण र जलवायु परिवर्तनको विश्वव्यापी एजेन्डामा नेपाल प्रत्यक्ष रूपमा जोडिएको छ । यसरी हेर्दा परिषद् अझ चलायमान हुनुपर्ने भएकाले पूर्वकानुनमन्त्रीसमेत रहेका नेकपा सांसद शेरबहादुर तामाङले परिषद् वातावरणविज्ञको अध्यक्षतामा हुने गरी संशोधन दर्ता गराएका छन् ।

“अहिलेको विधेयकमा आलंकारिक परिषद्को परिकल्पना गरिएको छ । यसले वातावरण संरक्षण र जलवायु परिवर्तनका मुद्दामा काम गर्न सक्दैन,” सांसद तामाङ भन्छन्, “वातावरणविज्ञको अध्यक्षतामा कार्यकारी परिषद् रहनुपर्छ ।” तामाङले दर्ता गराएको संशोधन प्रस्तावमा संघमा मन्त्री तथा प्रदेशका मुख्यमन्त्रीलाई राखिएको छैन । परिषद्को सदस्यमा संघीय संसद्को वातावरण संरक्षणसम्बन्धी विषय हेर्ने सभापति, राष्ट्रिय योजना आयोग, वातावरण हेर्ने सदस्य, वन तथा वातावरण सचिव, वातावरणविज्ञबाट दुई महिलासहित सरकारले नियुक्त गरेका ५ सदस्य रहने व्यवस्थाको संशोधन दर्ता गरिएको छ । विधेयकमा वातावरण सचिवलाई सदस्यसचिव प्रस्ताव गरिए पनि संशोधनमा भनिएको छ, ‘नियुक्तमध्येबाट परिषद्ले तोकेको सदस्य नै सदस्यसचिव हुनेछन् ।’

वातावरण संरक्षण तथा जलवायु परिवर्तनसम्बन्धी क्रियाकलापको प्रभावकारी रूपमा सञ्चालन र व्यवस्थापनका लागि वातावरण प्राधिकरणको आवश्यकता देख्छन्, वातावरण मन्त्रालयका पूर्वसहसचिव पुरुषोत्तम

घिमिरे । भन्छन्, "वन आफैँमा ठूलो क्षेत्र हो, वातावरणलाई वनका अगाडि ओझेल पारिएको छ । जलवायु परिवर्तन न्यूनीकरणलाई एउटा महाशाखामा थन्काइएको छ ।"

वनका संरचना तल्लो तहसम्म रहे पनि वातावरण विभागमै सीमित छ भने जलवायु परिवर्तन महाशाखाभन्दा तल जान सकेको छैन । परियोजनामुखी कार्यक्रमबाहेक वातावरण क्षेत्रको संरचना विकेन्द्रीकृत हुन सकेको छैन । प्रदेश तहमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय छन् । तर वातावरणसम्बन्धी कुनै पनि संस्थागत संरचना तयार भएका छैनन् ।

अब वातावरण परिषद्को पनि औचित्य नहुने बताउँछन्, वातावरण तथा जलवायु परिवर्तनविज्ञ विमल रेग्मी । भन्छन्, "परिषद्को अध्यक्षमा विज्ञ नियुक्ति गरे पनि यो संस्था स्वतन्त्र हुँदैन, सरकारी संयन्त्रमै सीमित हुन्छ । प्राधिकरण बनाउनु नै उपयुक्त हुन्छ, यसमा सरकारी र निजी दुवै क्षेत्रको सहभागिता रहन्छ ।"

जलवायु परिवर्तनका कारण हिमाल र हिमनदी पग्लिन थालेका र हिमताल बढ्न थालेको अध्ययनले पुष्टि गरेको छ । वायु प्रदूषण, अनियन्त्रित फोहोर निष्कासन, नदीजन्य स्रोत दोहन, अव्यवस्थित विकास तथा कानुन र मापदण्डको फितलो कार्यान्वयन वातावरणीय मुद्दा हुन् । खुम्बु हिमनदीको पीँध (१ सय ९२ मिटर गहिराइ) मा हिउँको तापक्रम शून्यदेखि माइनस ३ डिग्री सेल्सियस पाइएको अध्ययन प्रतिवेदन सार्वजनिक भएको थियो, २७ जेठमा । यो अध्ययन बेलायतको युनिभर्सिटी अफ लिड्स र हिमालयन रिसर्च सेन्टरले संयुक्त रूपमा गरेका हुन् ।

"जलवायु परिवर्तन नेपालका लागि स्रोतमा पहुँचको अवसर बनेको छ," रेग्मी भन्छन्, "आर्थिक र प्राविधिक सहायता प्राधिकरणमार्फत प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिन्छ, यसले अनुकूलनमा मद्दत गर्छ ।"

सन् २०३० सम्म कमविकसित देशबाट मध्यम स्तरको आम्दानी भएको देशमा रूपान्तरण गर्ने लक्ष्य चुम्न विकासलाई जलवायु उत्थानशील बनाउनु जरुरी देखिन्छ । अहिले पनि जलवायु र वातावरण संरक्षण क्षेत्रमा दातृ निकाय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले नेपालमा ठूलो धनराशि खर्च गरिरहेका छन् । सन् २०११ देखि २०१६ सम्म जलवायु परिवर्तनका नाममा मुलुकमा १५ अर्ब रुपैयाँ भित्रिएको थियो, जुन प्रकृति रिसोर्सेस सेन्टरले गरेको बजेट लेखाजोखा हो ।

विधेयकमा के छ	संशोधन प्रस्ताव
वातावरण परिषद्को अध्यक्ष प्रधानमन्त्री	वातावरणविज्ञको अध्यक्षतामा परिषद्
अधिकृत कर्मचारी वातावरण निरीक्षक	वातावरण विज्ञान, वातावरण व्यवस्थापन वा वातावरण इन्जिनियरिङ अध्ययन गरेको निजामती कर्मचारी
मापदण्ड पालना नगरे परामर्शदाताले ५ वर्षसम्म ईआईए तयार गर्न नपाउने	एक पटक सुधारको मौका, त्यसपछि कालोसूचीमा
ईआईए प्रतिवेदनमा जाँचबुझ गर्न सकिने	मापदण्डविपरीत स्वीकृत गरे विभागीय कारबाही र जरिवाना । प्रतिवेदन खारेज
प्रदूषण मापदण्ड पालनाको अनुगमन र मूल्यांकन विभागले गर्ने	मापदण्ड पालना नभए उद्योग वा निकायलाई कानुनमा तोकिएबमोजिम दण्ड, सजाय हुने
प्रदूषणयुक्त क्षेत्र घोषणा गर्न सकिने	पेट्रोलियम र कोइला प्रयोगलाई निरुत्साहित गरिनेछ । विद्युतीय गाडी र मेसिनरी सञ्चालन गरिने
वातावरणीय दृष्टिले सुधार भए प्रदूषणजन्य क्षेत्रको रूपमा कायम नराख्न सकिने	उपत्यकाको बागमती, विष्णुमती र हनुमन्ते नदीलाई नापी नक्साअनुसार संरक्षण गरी प्रदूषणमुक्त बनाइने
वातावरण संरक्षण गरी स्थानीय समुदायलाई सहभागी गराइने	उपत्यकाका सडकमा बिहान ७ देखि बेलुका ८ बजेसम्म भारी गाडी, टिपर, डोजर चलाउन रोक लगाइने
संक्षिप्त वातावरणीय अध्ययन स्वीकृत नगराए वा उल्लंघन गरे ५ लाखसम्म जरिवाना	५ लाखसम्म जरिवाना वा ६ महिना कैद वा दुवै सजाय
आईईई स्वीकृत नगराए वा उल्लंघन गरे १० लाखसम्म जरिवाना	१० लाखसम्म जरिवाना वा १ वर्ष कैद वा दुवै सजाय
ईआईए स्वीकृत नगराए वा उल्लंघन गरे ५० लाख रुपैयाँसम्म जरिवाना	५० लाखसम्म जरिवाना वा ३ वर्षसम्म कैद वा दुवै सजाय

दातृ राष्ट्र र निकायले अर्थ, कृषि तथा पशुपन्छी, वन तथा वातावरण र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमार्फत जलवायु परिवर्तनको क्षेत्रमा करिब ४८ करोड खर्चिँदै छन्, आगामी आर्थिक वर्ष ०७६/७७ मा । गैरसरकारी संस्था तथा साझेदार आफैँले खर्चने रकम यसमा समावेश छैन । जलवायु नीति, २०६७ अनुसार जलवायु परिवर्तन न्यूनीकरणका नाममा छुट्याइने बजेटको ८० प्रतिशतसम्म रकम समुदाय स्तरमा खर्च गर्नुपर्ने हुन्छ । तर कार्यान्वयनमा ठीक उल्टो छ ।

पूर्वसहसचिव घिमिरे वातावरण र जलवायु परिवर्तनको क्षेत्रमा भित्रिने धेरैजसो रकम सरकारी 'फ्रेमवर्क' भन्दा बाहिरै खर्च हुने गरेको बताउँछन् । भन्छन्, "अनुकूलनका लागि भनेर आएको रकमको ठूलो हिस्सा समुदाय स्तरसम्मै पुग्दैन, मन्त्रालयलाई हेर्ने फुर्सद छैन ।" अन्तर्राष्ट्रिय, बहुसरोकारवाला र अन्तरविषयगत रहेको जलवायु परिवर्तन न्यूनीकरणको सञ्चालन र व्यवस्थापन गर्ने निकायको अभाव खड्किएको छ । रेग्मी वातावरण विनाश, प्रदूषण तथा जलवायु परिवर्तनको रोकथाम, अनुकूलन र न्यूनीकरणका लागि अनुसन्धान, स्रोत खोजी, परिचालन गर्न सकिने बताउँछन्, प्राधिकरणमार्फत ।

तीन वटै सरकारका आ-आफ्ना ऐन, नियम, मापदण्ड र प्राथमिकता छन् । नीति फाउन्डेसनका कार्यकारी निर्देशक मोहनदास मानन्धर वातावरण र जलवायु परिवर्तनको सवालमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको ढाँचालाई अँगाल्न

सकिने देख्छन् । प्रधानमन्त्रीको अध्यक्षतामा परिषद्, गृहमन्त्रीको अध्यक्षतामा कार्यकारी समिति रहने व्यवस्था छ भने प्राधिकरणको कार्यकारी निर्देशक विज्ञ नियुक्त हुने प्रावधान छ।

त्यति मात्र होइन, प्रदेश र स्थानीय तहसम्म यसको सञ्जाल रहनेछ। मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन समिति, प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला विपद् व्यवस्थापन समिति र पालिका प्रमुखको अध्यक्षतामा स्थानीय विपद् व्यवस्थापन समिति । नियमावली राजपत्रमा प्रकाशित भए पनि प्राधिकरण गठन भइसकेको छैन ।

मानन्धरको भनाइमा वातावरण प्राधिकरणमार्फत अघि बढे परिषद्बाट स्वीकृत योजना, कार्यक्रम वा निर्णय तीन वटै सरकार तहमा कार्यान्वयन गर्ने निकाय हुन सक्छन्। भन्छन्, "जलवायु र वातावरणको मुद्दा अन्तरमन्त्रालय र अन्तरसरकारी हो। प्राधिकरणले अनुगमन, नियमन र अध्ययन गर्छ।" अन्तर्राष्ट्रिय प्रचलन हेर्ने हो भने वातावरण संरक्षणको क्षेत्रमा काम गर्ने छुट्टै निकाय छन् । अमेरिकामा वातावरण संरक्षण नियोग छ भने भारतमा केन्द्रीय प्रदूषण नियन्त्रण बोर्ड ।

'विचरा' विभाग

चन्द्रागिरि हिल्सले वातावरणीय प्रभाव मूल्यांकन (ईआईए) प्रतिवेदनविपरीत कंक्रिट टावर बनाएपछि वन तथा वातावरण मन्त्रालयलाई कारबाही सिफारिस गऱ्यो, वातावरण विभागले। जबकि १९ भदौ ०६९ मा स्वीकृत चन्द्रागिरिको ईआईए प्रतिवेदनमा वातावरणमैत्री ४० वटा कटेज निर्माण गरिने उल्लेख छ।

विभागले अनुगमन गरी गत वैशाखमा कारबाही सिफारिस गरे पनि मन्त्रालय अनिर्णीत छ। वातावरण संरक्षण ऐन, २०५३ को दफा १८ (१) मा वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकनसम्बन्धी प्रस्ताव स्वीकृत नगराई वा स्वीकृत प्रस्तावविपरीत कुनै कार्य गरे तोकिएको अधिकारीले त्यस्तो कार्य तुरुन्त बन्द गराउन सक्ने र त्यस्तो कार्य कुनै व्यक्ति वा संस्थाले गरेको भए निजलाई कसूरको मात्रा हेरी १ लाख रुपैयाँसम्म जरिवाना गर्न सक्ने उल्लेख छ। वातावरण विभागका महानिर्देशक नारायणप्रसाद सापकोटा भन्छन्, "विभागको अधिकार क्षेत्रभित्र रहेर कारबाही सिफारिस भइरहेको छ, कारबाहीको अधिकार मन्त्रालयलाई छ।"

विभागको अधिकार क्षेत्र वातावरणीय मापदण्ड पालना भए/नभएको अनुगमन गरेर कारबाहीका लागि मन्त्रालयमा सिफारिस गर्ने, मन्त्रालयलाई प्राविधिक सहयोग उपलब्ध गराउने, वातावरण प्रयोगशाला सञ्चालन गर्ने, प्रयोगशालासम्बन्धी विषय राजपत्रमा सूचना प्रकाशित गर्न सिफारिस गर्ने। विभागका तत्कालीन महानिर्देशक झलकराम अधिकारीले गत वर्ष भनेका थिए, 'निर्देशनात्मक आदेश दिन सक्ने शक्तिशाली निकाय नहुँदा वातावरणका मुद्दा व्यवस्थापन हुन सकेनन् । कारबाही गर्ने अधिकार विभागलाई छैन । प्राधिकरणको खाँचो छ।' ०६९ मा स्थापना भएको विभाग मन्त्रीस्तरीय निर्णयले प्रत्यायोजित अधिकार क्षेत्रको भरमा चलिरहेको छ।

नयाँ विधेयकमा पनि अधिकार मन्त्रालयमै केन्द्रित गरिएको छ। जस्तो, प्रस्तावित विधेयकको दफा ३ मा संक्षिप्त वातावरणीय प्रभावको हकमा स्थानीय तह, प्रारम्भिक वातावरणीय परीक्षणको हकमा प्रदेश मन्त्रालय र वातावरणीय प्रभाव मूल्यांकनको हकमा तोकिएका प्रक्रिया पूरा गरी वन तथा वातावरण मन्त्रालयमा पेस गर्नुपर्ने उल्लेख छ। यसमा विभागको भूमिकालाई नजरअन्दाज गरिएको छ। तत्कालीन महानिर्देशक अधिकारीले परीक्षण विभागबाट गरिनुपर्ने व्यवस्था कायम गराउन फरक धारणा पेस गरेका थिए । तर उनी सरुवा भएर आन्तरिक राजस्व कार्यालय पुगेका छन् । प्रतिनिधिसभाको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिले विधेयकमा सहमति जुटाउन सांसद शान्तिमाया पाखिनको संयोजकत्वमा उपसमिति गठन गरेको छ।

"अहिलेको विधेयकमा आलंकारिक परिषद्को परिकल्पना गरिएको छ, यसले वातावरण संरक्षण र जलवायु परिवर्तनका मुद्दामा काम गर्न सक्दैन ।

– शेरबहादुर तामाङ
पूर्वकानुनमन्त्री

अलमलिएको विधेयक

प्रस्तावित विधेयकमा भनिएको छ, 'वातावरण संरक्षण, प्रदूषण रोकथाम तथा नियन्त्रण, जलवायु परिवर्तन व्यवस्थापन र राष्ट्रिय सम्पदाको संरक्षणका लागि वातावरण संरक्षण कोष रहनेछ।' कोषमा संघ सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त रकम तथा स्वदेशी तथा विदेशी संघसंस्थाबाट प्राप्त रकम जम्मा हुने व्यवस्था भए पनि सञ्चालनबारे विधेयक मौन छ।

घिमिरे भन्छन्, "तीन वटै सरकारको दायित्व रहने गरी कोष स्थापना हुने तर सञ्चालनबारे विधेयक किन मौन ? यसरी त यो कोषलाई पनि प्रदूषण करबापत असुल गरिएको रकमको जस्तै हालत नबनाऊलान् भन्न सकिन्न ।" सरकारले १० वर्षअघि प्रदूषण करबापत भनेर पेट्रोलियमबाट प्रतिलिटर ५० पैसा असुल्न सुरु गऱ्यो। अहिले यो रकम १३ अर्ब रुपैयाँ पुगिसकेको छ। तर कार्यविधि नबन्दा वातावरण कोषमा जम्मा हुन पाएन, अर्थ मन्त्रालयमै थन्किएर बसेको छ।

विधेयकमा जलवायु परिवर्तन अध्ययन संस्थान समावेश हुन सकेको छैन । जबकि जलवायु परिवर्तनको असरलगायतको अध्ययन, अनुसन्धानका लागि संस्थानको व्यवस्था गरिएको थियो, जलवायु नीति, २०६७ मा। "अहिले थिति बसाउने बेला हो, पहिले थिएन भनेर संस्थागत संरचना नबनाई पन्छिन मिल्दैन," अधिवक्ता पद्मबहादुर श्रेष्ठ भन्छन्।

संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्यांकन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनविपरीत प्रस्ताव कार्यान्वयन गरे क्रमशः ५ लाख, १० लाख र ५० लाख रुपैयाँसम्म जरिवाना प्रस्ताव विधेयकमा छ । यो दण्ड वातावरण संरक्षण ऐन, २०५३ को प्रावधानभन्दा ५० गुणा बढी हो ।

पूर्वस्वास्थ्यमन्त्रीसमेत रहेका कांग्रेस सांसद गगन थापाले ती कसूरमा दण्डसँगै कैद सजाय पनि जोडनुपर्ने संशोधन दर्ता गराएका छन् । दर्ता भएको संशोधनमा संक्षिप्त वातावरणीय अध्ययनमा दण्ड वा ६ महिनासम्म कैद, प्रारम्भिक वातावरणीय परीक्षणमा १ वर्षसम्म र वातावरणीय प्रभाव मूल्यांकनको सवालमा ३ वर्षसम्म कैद वा दुवै सजाय व्यवस्था माग गरिएको छ। ने

सहकारीमा विचलन

सहकारीलाई राजनीतिक भोट-बैंकका रूपमा मात्र हेरिंदा नियमन कमजोर

सरोज बैजु

विजयराज खनाल

स्ट्यान्डर्ड बचत तथा ऋण सहकारी संस्थामा ७ वर्षअघि जम्मा गरेको ७ लाख रुपैयाँ फिर्ता पाइने आशमा समस्याग्रस्त सहकारी व्यवस्थापन समितिमा धाइरहेकी छन्, चावहिलकी अम्बिका ढकाल । यसपालि एसईई गरेका कान्छा छोरा राजेन्द्रको थप पढाइ अघि बढाउन समस्या भएपछि उनको झिनो आशा त्यसमै छ । अम्बिकाका जेठा छोरा राजन १२ पढ्दै छन् भने तरकारी बेच्दै आएका पति विष्णु बर्खा लागेसँगै फुर्सदिला छन् । काभ्रेपलाञ्चोकबाट ल्याउने अन्नपातले दैनिकी र मलेसियाबाट भाइले पठाउने पैसाले अम्बिकाको कोठा भाडालगायत खर्च भरथेग गर्दै आएको छ ।

अम्बिकाजस्तै उच्च ब्याज पाइने आशमा सहकारी संस्थामा रकम राखेका हजारौँ अहिले बिलखबन्दमा छन् । करिब ६ वर्षदेखि सहकारीपीडितलाई रकम फिर्ता गर्ने भन्दै सरकार लागे पनि निकास निस्केको छैन । "सहकारीबारे केही पनि बुझ्दिनथेँ, सहकारीमै काम गर्ने साथीले १७ प्रतिशतसम्म ब्याज पाइन्छ भनेपछि ७ लाख रुपैयाँ राखेँ," अम्बिका सुनाउँछिन्, "रकम फिर्ता पाइन्छ/पाइन्न केही थाहा छैन ।"

सैद्धान्तिक अवसान

६६ वर्षअघि सरकारले सहकारी संस्थालाई मान्यता दिए पनि नियमन पाटो अहिलेसम्म व्यवस्थित हुन सकेन । परिणाम, अहिले समस्याग्रस्त सहकारीबाट बचतकर्ताको अर्बौं रुपैयाँ गुम्ने अवस्था छ । ओरेन्टल को-अपरेटिभ लिमिटेड र त्यसका भगिनी संस्था सहकारी इतिहासमै सबैभन्दा धेरै रकम हिनामिना गर्नेमा दरिएका छन् । ओरेन्टल को-अपरेटिभका अध्यक्ष सुधीर बस्नेतबाट सहकारीको रकम हाउजिङमा समेत लगानी भएपछि संस्था बचत फिर्ता गर्न नसक्ने अवस्थामा पुग्यो । सरकारले ०७४ देखि हालसम्म ओरेन्टल र यसका ९ वटा भगिनी संस्थालाई समस्याग्रस्त घोषणा गरेको छ ।

बस्नेतको नाममा सहकारीका बचतकर्ताको ८ अर्ब ६८ करोड, बैंकबाट ऋण लिएको १ अर्ब ९८ करोड र अपार्टमेन्ट बुकिङकर्ताबाट लिएको ४ अर्ब ९२ करोड रुपैयाँ दायित्व छ । करलगायत सबै गरेर हाल बस्नेतको नाममा कुल १६ अर्ब १ करोड रुपैयाँ दायित्व देखिएको छ ।

"हामीले बस्नेत र उनको समूह तथा सहकारीको नाममा रहेको सम्पत्ति बेचेर दामासाहीमा दायित्व

< स्ट्यान्डर्ड बचत तथा ऋण सहकारीमा राखेको निक्षेप प्रमाणपत्र देखाउँदै अम्बिका ।

भुक्तानी गरिदिने विकल्प देखेका छौं," समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका अध्यक्ष युवराज सुवेदी भन्छन्, "प्रक्रिया सम्बन्धमा अदालती कारबाही चलिरहेकाले थप काम भएको छैन ।"

बस्नेतले बालकुमारीको ४९ रोपनी जग्गामा बनाउन लागेको भेगास सिटी अझै पूरा हुन सकेको छैन। समिति भेगास सिटी पूरा गर्न नसक्ने अवस्थामा रहेकाले बस्नेतलाई थप रकम उठाउन नदिने पक्षमा छ। बस्नेत पक्ष भने उक्त संरचना पूरा नगरी पैसा फिर्ता दिने अवस्था नरहेको बताउँछ। सहकारीबाट ठगी र अनियमितताका खबर बेलाबेला आइरहेका छन्। हालै मात्र सिभिल सेभिङ एन्ड को-अपरेटिभ लिमिटेडबाट जारी कर्जामा अनियमितता भेटिएपछि सहकारी विभागले अध्ययन प्रतिवेदन तयार पारे पनि हालसम्म सार्वजनिक भएको छैन। यद्यपि सहकारीले आफ्नै समूहका संस्थापकको परियोजनामा ८८ प्रतिशतभन्दा बढी कर्जा लगानी गरेको भेटिएको छ । कर्जा लगानीको नियमित ब्याजसमेत उठ्न सकेको छैन । समस्याग्रस्त सहकारीको छानबिन गर्न बनेको जाँचबुझ आयोगले ०७० मा पेस गरेको प्रतिवेदनमा २५ वटा बचत तथा ऋण सहकारी समस्याग्रस्त रहेको उल्लेख थियो । यो सूचीमा ओरेन्टल र त्यस सम्बद्ध केही सहकारीसमेत छन्। त्यसबाहेकका सहकारीबाट बचतकर्तालाई रकम फिर्ता गर्नेलगायतका काम हुन सकेको देखिँदैन । समितिले ओरेन्टल सम्बद्ध र गत चैतमा समस्याग्रस्त घोषणा गरिएको काठमाडौं बानेश्वरस्थित सोसाइटल बचत तथा ऋण सहकारीको मात्र रकम फिर्ता प्रक्रिया थालेको छ।

मुलुकमा सहकारीलाई अर्थतन्त्रका तीनमध्ये एउटा खम्बाको रूपमा व्याख्या गरिएको छ । सबैजसो राजनीतिक दलले सहकारीलाई महत्त्व दिएका पनि छन्। नेकपा सरकारको चालू आवको बजेटले आवास, ऊर्जा, शिक्षा, स्वास्थ्य, उद्योग, पर्यटनजस्ता क्षेत्रको विकासमा सहकारीलाई पनि सँगै लैजाने परिकल्पना गरेको छ। अनुमानको आधारमा अर्थतन्त्रमा सहकारी क्षेत्रको ३/४ प्रतिशत योगदान रहेको मान्ने गरिएको छ। आर्थिक सर्वेक्षणअनुसार फागुन ०७५ सम्म मुलुकभर ३४ हजार ७ सय ३७ सहकारी छन् । यिनमा ६५ लाख १२ हजार सहकारी सदस्य छन्। यी सहकारीले लगभग ३ खर्ब ३२ अर्ब रुपैयाँ रकम परिचालन गरिरहेका छन्। सदस्यलगायत गरी ६३ हजारले सहकारीबाट प्रत्यक्ष रोजगारी पाइरहेको अनुमान छ।

मुलुकमा करिब १ करोड ४० लाख मतदाता छन् । यस आधारमा हेर्ने हो भने मतदातामा सहकारीका सदस्य नै लगभग ५० प्रतिशत हाराहारी छन्। यद्यपि एकै व्यक्ति विभिन्न सहकारीमा सदस्य बन्ने प्रवृत्ति पनि छ। ठूला दलका नेता नै सहकारी अभियन्ता बन्न पुग्नुले यसप्रति कार्यकर्तापंक्तिको बढ्दो रुचि देखिन्छ।

गत वर्ष संघीय संसद्बाट पारित सहकारी ऐन, २०७४ को विधेयकमा मात्रै ६४ सांसदले ६ सय ९४ बुँदामा संशोधन प्रस्ताव पेस गरेका थिए । ६ महिनाभन्दा बढी समय लगाएर पारित भएको ऐनमा सहकारी नियमनका लागि प्रस्तावित केही प्रावधानसमेत हटाइएको थियो । व्यक्तिगत बचत राख्ने सीमालाई खुकुलो पारेर संस्थाहरूकै विधानअनुसार गर्न सकिने बनाइयो । कर्जा लिएर कारोबार गरेका सदस्यलाई समेत लाभमा समावेश गर्ने गरी नाफाको रकमबाट जगेडा कोषमा राखेपछि बचतमध्ये ४० प्रतिशत रकम संरक्षित कोषमा राख्नुपर्ने प्रस्तावमा संशोधन भएर २५ मा प्रतिशतमा सीमित पारियो । "सम्भवतः सबैभन्दा धेरै संशोधन परेको विधेयक नै यही होला," आयोग अध्यक्ष गौरीबहादुर कार्की भन्छन्, "तर सहकारीबाटै राजनीतिक जीवन पाएकासमेत आफ्नो संघमा दर्ताबाहेकका सहकारीमा रकम हिनामिना भए पनि चासो नभएको धारणा सुनाउँदै हिँड्छन् ।" जिम्मा नलिए पनि समस्या समाधानमा उनीहरूको पनि ध्यान जानुपर्ने कार्कीको तर्क छ।

तत्कालीन माओवादीको कोटेश्वर पेरिसडाँडामा रहेको पार्टी कार्यालय र त्यहाँको जग्गाका आधारमा अहिलेको ठूलोमध्येको एक लालीगुराँस बचत तथा ऋण सहकारीले कर्जा दिएको थियो । पार्टी कार्यालय निर्माणका लागि व्यक्ति खडा गरेर कर्जा जारी भएको यो घटनालाई सहकारी सञ्चालक र राजनीतिकर्मीबीच निकटताको रूपमा हेरिन्छ।

कुनै समय ओरेन्टलका बस्नेत राजनीतिक दललाई चन्दा दिने हैसियतमा समेत रहेको स्रोत बताउँछन् । "सुधीरको हैसियत बलियो हुँदा राजनीतिक दलहरूले समेत ठूलै रकम चन्दा लिने गरेको देखिन्थ्यो," स्रोतले भन्यो, "बैंकहरू पनि तरलता अभाव हुँदा उनैको सहकारीलाई गुहार्थे।"

संक्रमणकालीन व्यवस्थापन

न्यूनतम ३० जना सदस्य मिलेर पनि सहकारी खोल्न सकिने प्रावधान छ । सहकारीको उद्देश्य आफ्नै सदस्यबाट आयआर्जन, व्यवसायका गतिविधि गर्ने र आफ्नै सदस्यमै मुनाफा बाँड्ने हुन्छ। अन्य सबै वित्तीय संस्थाको तुलनामा यही आधारमा सहकारी फरक छन् । तर तिनीहरू नै यही मान्यताबाट विचलित भइरहेका छन्।

"सञ्चालन भइरहेका अधिकांश सहकारी आफ्नो मुख्य उद्देश्य छाडेर बचत तथा ऋण लगानीमै केन्द्रित हुने गरेका छन्," सहकारी विभागका सूचना अधिकारी शशिकुमार लम्साल भन्छन्, "सदस्यबाहेकलाई ऋण जारी गर्ने, बचत उठाउनेजस्ता अभ्यास भएको पाइने गरेको छ।"

> अधिकांश सहकारी आफ्नो मुख्य उद्देश्य छाडेर बचत तथा ऋण लगानीमै केन्द्रित हुने गरेका छन् ।
>
> **– शशिकुमार लम्साल**
> सूचना अधिकारी, सहकारी विभाग

करिब ३० हजार सहकारी रहेको अनुमान रहे पनि विभागसँग सबैको तथ्यांक उपलब्ध छैन। हाल सरकारले सहकारीलाई ५ प्रकारमा वर्गीकरण प्रयास गरिरहेको छ । यसअघि अन्यसहित १६ प्रकारमा वर्गीकरण गरिएको थियो। केन्द्र सरकार हाल सञ्चालनमा रहेका सहकारीको संख्या आधाले घटाउने उद्देश्यमा छ। तर सबैको साझा अधिकारमा राखिएकाले यो उद्देश्य पूरा हुनेमै संशय छ।

हाल केन्द्रअन्तर्गत सहकारी विभागले १ सय २२ सहकारी, प्रदेशले ५ हजार र बाँकी स्थानीय तहको दायरामा छ। सहकारी डिभिजनल कार्यालय विघटनसँगै ५ करोड रुपैयाँभन्दा माथि रकम बचत दायित्व भएकाको स्थानीय तह र प्रदेशले, २५ करोडभन्दा बढी बचत दायित्व हुनेको स्थानीय तह, प्रदेशसहित विभागबाट र ५० करोडभन्दा माथि बचत हुने सहकारीको राष्ट्र बैंकबाट अनुगमन हुने व्यवस्था छ।

ससाना र आवश्यक समुदायलाई सहकारीको अभ्यासले आर्थिक राहत र उद्यमशील बनाए पनि बचत तथा ऋण कारोबारमै उद्यत हुने परिपाटीले यसमा समस्या ल्याएको छ। ससाना व्यवसायमै सीमित हुनुपर्छ भन्ने एउटा वर्ग र ठूला पूर्वाधार, उद्योगमा समेत यसको भूमिका हुनुपर्छ भन्ने धारणाबीचको टकरावले पनि सहकारी क्षेत्रलाई दिशाहीन बनाएको छ। ने

सेन्सरको नाममा चीरहरण

सिर्जनामा कैँची, सिनेकर्मीलाई सास्ती

गोकर्ण गौतम

पाँच वर्षअगाडि बनिसकेको सिनेमा हो, *कीर्तिपुर*। १३ असारमा बल्ल रिलिज भयो। ढिला हुनुको कथा दर्दनाक छ।

पृथ्वीनारायण शाहले अढाई शताब्दीअघि कीर्तिपुर कब्जा गरेको इतिहासलाई निर्देशक प्रदीप खड्गीले कीर्तिपुरको कोणबाट देखाउन सिनेमा बनाए। युद्धमा पराजितहरूको कथा भनिएको सिनेमा लिएर खड्गी सेन्सर बोर्ड पुगे। हेरेपछि बोर्ड पदाधिकारीले भने, 'राजदरबारको कुरा रहेछ। गणतन्त्र आए पनि राजनीतिक स्थिरता छैन। त्यही भएर यो सिनेमालाई तत्काल स्वीकृति दिन सक्दैनौँ। केही दिनमा बैठक बसेर निर्क्योल गर्छौं।'

खड्गीले दुई महिना कुर्दा पनि कुनै खबर आएन। आफैँले ताकेता गरे। बोर्डमा सदस्य परिवर्तन भइसकेछन्। सिनेमा पुनः सेन्सर गराउन भनियो। जस्तो, पृथ्वीनारायणले कीर्तिपुरमा लड्न हिन्दुस्तान गएर बन्दुक र बन्दुक चलाउने मान्छे लिएर आएको प्रसंग तथा टाउको काटिएपछि ढलपल गर्दै हिँडेको दृश्य काट्न भनियो।

'युद्धबन्दीलाई कस्तो व्यवहार गर्नुपर्छ भन्नेसमेत थाहा नभएको जंगली काँठे राजाको सामु म के बोलौँ' भन्ने संवाद म्युट गराउन उर्दी जारी भयो। खड्गी दुखेसो पोख्छन्, "गृह मन्त्रालयका प्रतिनिधिले यस्तो सिनेमा चल्न दिए देशको शान्तिसुरक्षा खलबलिन्छ भनेर तर्साए।"

उसो त चलचित्र विकास बोर्ड र सञ्चार मन्त्रालयबाट *कीर्तिपुर*को पूर्ण संवादसहितको पटकथा पहिल्यै पास भएको थियो। तर करोड रुपैयाँ लगानी गरेर सिनेमा बनेपछि यस्तो खप्की! खड्गी दुखेसो पोख्छन्, "सिनेमै चल्न नदिने

धम्की आएपछि उनीहरूले भनेजस्तै गर्न बाध्य भयौं । सेन्सरका मान्छेकै संकुचित विचार देखेर दिक्दार लाग्यो ।"

*कीर्तिपुर*जस्तै सेन्सरबाट सास्ती भोग्न अभिशप्त छ, सिनेमा *प्रेमनाथ*। *कीर्तिपुर* चल्यो । *प्रेमनाथ*को टुंगो छैन ।

बुद्धको कृपाले पुनर्जन्म पाएका केटाकेटीको कथा भन्छ सिनेमाले । क्लाइमेक्समा लुम्बिनीमा एक्सन सिक्वेन्स छ । निर्देशक गणेश बेल्वासेका अनुसार विकास बोर्डबाट स्क्रिप्ट पास भयो, सुटिङका लागि लुम्बिनीमा स्वीकृति पाए । तर सेन्सर बोर्डले सिनेमा रोकिदियो । बोर्डको जिकिर छ, 'शान्तिभूमिमा द्वन्द्वात्मक दृश्य खिच्न मिल्दैन । क्लाइमेक्स हटाएपछि मात्र चल्न दिन्छौं ।'

सोही कारण पूर्वघोषित मिति २२ चैत ०७५ मा सिनेमा रिलिज हुन सकेन । बेल्वासेको प्रश्न छ, "चीनका सिनेमामा बुद्धका विभिन्न अवतारले फाइट नै गरेका छन् । हामीले स्क्रिप्ट पास गराएपछि पनि लुम्बिनीमा एक्सन खिच्न नपाउने ?" क्लाइमेक्समा २२ लाख र पूरा सिनेमाका लागि १ करोड २० लाख रुपैयाँ खर्च भएको छ । यो लगानी बालुवामा पानी खन्याएझैं हुने हो कि भन्ने भयबाट गुज्रिरहेका छन्, बेल्वासे ।

नेपालमा सिनेमामा सेन्सर सुरु भएको थियो, राजा महेन्द्रको पालामा । अहिले गणतन्त्रमा पनि सिनेमा सेन्सरमा 'पञ्चायतको पिशाच' जीवित छ । *कीर्तिपुर* र *प्रेमनाथ* सेन्सरका पछिल्लो सिकार हुन् । हामीकहाँ यस्ता सिनेमा असाध्यै कम हुन्छन्, जसको सेन्सरसँग लफडा नपरेको होस् । सिनेमालाई साहित्यिक उत्पादन, सिर्जना मानिन्छ तर सत्ता सधैं त्यसमाथि कैंची चलाउन अग्रसर हुन्छ । निर्देशक मनोज पण्डित भन्छन्, "चलचित्रले फड्को मार्‍यो, चलचित्रमा लोकतन्त्र आयो भन्नु व्यर्थ छ ।" पण्डित आफैं सेन्सरपीडित हुन् । उनका *वधशाला, दासढुंगा*जस्ता सिनेमा सेन्सरको तारोमा परे ।

नेपालको संविधानको प्रस्तावनामै पूर्ण अभिव्यक्ति स्वतन्त्रता प्रत्याभूत गरिएको छ । आफ्नो अभिव्यक्ति र सिर्जना पस्कने दृश्यात्मक माध्यम सिनेमामा हरेक दृश्य र संवाद काँटछाँट गरिन्छ । जबकि किताब, नाटक, संगीत, पेन्टिङ, टेलिसिनेमाजस्ता सिर्जनाका अन्य माध्यममा सेन्सर छैन । *समर लभ* उपन्यास निर्बाध बिक्यो । त्यसैमाथि सिनेमा बनाउँदा मुस्कान ढकालले चाहिँ सेन्सर गराउनुपर्‍यो । माओवादी युद्ध रक्तपातपूर्ण थियो । कैयौं निहत्था नागरिकको घाँटी रेटेर हत्या भयो । तर त्यस्तो दृश्य सिनेमामा राख्न दिइँदैन । सरकार मातहतको निकाय विकास बोर्डमा पास भइसकेको स्क्रिप्ट हुबहु सुटिङ गर्दा पनि सेन्सरले निहुँ खोज्छ ।

यो प्रवृत्तिबाट आजित भएका निर्देशक नवीन सुब्बाले राजधानीमा आयोजित एक कार्यक्रममा भनेका थिए, 'हामीले त पत्रकारको जत्ति पनि स्वतन्त्रता उपभोग गर्न पाएका छैनौं । अखबारमा प्रकाशित समाचारमाथि सिनेमा बनाउँदासमेत कठोर सेन्सर भोग्नुपर्छ ।' लामो समयपछि सेन्सरविरुद्ध र स्वतन्त्रताको पक्षमा पैरवी गर्दै आएका सुब्बा यसलाई समाज नियन्त्रण गर्ने शासकको मनोविज्ञानको परिणाम मान्छन् ।

राजा महेन्द्रको सिनेमा नीति र सोच छिमेकी भारतबाट पूर्ण प्रभावित थियो । त्यसैले निर्माण, वितरण, सेन्सरदेखि प्रदर्शनसम्म उताकै जस्तो प्रणाली अवलम्बन गरियो । सुरुमा भारतमा सेन्सर प्रमुख सरकारी कर्मचारी हुन्थे, सिनेमाकर्मी र सेन्सर पदाधिकारीबीच रस्साकस्सी हुन्थ्यो । *वाटर, फायर, ब्ल्याक फ्राइडे*जस्ता कैयौं सिनेमालाई सेन्सरले रोकिदियो । तर बिस्तारै भारत सेन्सरमा उदार हुन थाल्यो । कर्मचारी हटाएर चलचित्र क्षेत्रकै विज्ञलाई सेन्सरको जिम्मेवारी दिइयो । त्यसैले सेन्सरसिप रहे पनि चलचित्रकर्मीका कारण स्वतन्त्रता फराकिलो हुँदै गयो । *मन्टो, पार्च्ड*जस्ता सिनेमासमेत अड्किएनन् । हाल गीतकार तथा सिनेमा लेखक प्रसून जोशी सेन्सरको नेतृत्वमा छन् ।

नेपालमा भने अझै कर्मचारीतन्त्रको बोलवाला छ, (*हेर्नुस्, इन्फो*) । सिनेमा निर्देशक कुमार भट्टराई भन्छन्, "सिनेमा चेत नभएका मानिसले सिर्जनामाथि कैंची चलाउनु शर्मनाक हो । कर्मचारीको सिनेमाप्रतिको सोच संकुचित हुन्छ ।" विदेशी सिनेमामा डोनाल्ड ट्रम्प र भ्लादिमिर पुटिनलाई एकसाथ उडाउन पाइन्छ । तर नेपाली सिनेमामा 'कम्युनिस्ट', 'कांग्रेस' उच्चारण गर्दासमेत माथापच्ची हुन्छ । सेन्सरले 'म्युट' गर्न आदेश दिन्छ । त्यसैले स्क्रिप्ट लेख्न बस्दा नै दिमागमा सेन्सरको भूत सवार हुने सिनेमाकर्मीको गुनासो छ । *कीर्तिपुर*का निर्देशक खड्गी भन्छन्, "नयाँ र चुनौतीपूर्ण कथा भन्न पहिल्यै डर मान्नुपर्छ । ऐतिहासिक र राजनीतिक विषय उठायो भने त सेन्सरले लफडा झिक्छ, झिक्छ ।" आफ्नो राजनीतिक विचारभन्दा फरक देखिएपछि सेन्सरका पदाधिकारी सिर्जनामाथि जाई लाग्ने उनको अनुभव छ ।

कर्मचारीतन्त्र त छँदै छ, सेन्सर पनि चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ अनुसार नै हुन्छ । यो ऐनको दफा ८ उपदफा ३ मा शान्ति र व्यवस्था, मित्रराष्ट्रसँग, विभिन्न वर्ग वा जातिबीचको सम्बन्ध बिगार्ने, सार्वजनिक हित, सदाचार वा नैतिकताको प्रतिकूल असर पर्ने देखिए त्यस्तो चलचित्रलाई प्रदर्शन गर्न चलचित्र जाँच समितिले अनुमति दिने छैन भन्ने उल्लेख छ । कुनै व्यक्ति-विशेषको मानहानि, अदालतको अवहेलना, लैंगिक हिंसालाई बढावा दिने 'कन्टेन्ट' मा पनि रोक लगाइएको छ । समयसँगै राज्यप्रणाली, नागरिकको सोच, सामाजिक व्यवहार बदलिए, उदार भए तर सिनेमा सेन्सरमा उही पुरानो ऐन छ । समयानुकूल नयाँ कार्यविधि बनाउन खोजे पनि त्यत्तिकै अड्किएको सेन्सर बोर्डका सदस्य सुवास गजुरेल सुनाउँछन् ।

सिनेकर्मीको साझा आरोप हुन्छ, 'सेन्सरमा सिनेमा नबुझ्ने मान्छे हुन्छन् । सिनेमा जस्ताको तस्तै पास गर्‍यो भने आफ्नो भाउ हुन्न भनेर 'ब्लर' र 'म्युट' गर्न लगाउँछन् । दृश्य काटिदिन्छन् ।' त्यस्तै हुन्छ त ? सञ्चार तथा सूचना प्रविधि

मन्त्रालयका सहसचिव तथा सेन्सर बोर्डका अध्यक्ष ऋषिराम तिवारी भन्छन्, "हुन्न । ऐन र नियमावलीभित्र बसेर चलचित्र हेर्छौं । राष्ट्रिय हित, सामाजिक सद्भाव र शान्ति-सुरक्षामा संवेदनशील हुन्छौं ।" यसअघिका बोर्ड अध्यक्षको यथार्थ पनि तिवारीको भन्दा खास भिन्न थिएन । त्यसैले सिनेकर्मी सोधिरहेछन्, 'सिर्जनाप्रतिको आधारभूत ज्ञान नभएकाले यो काट, त्यो राख भन्न मिल्छ ?'

केही वर्षअघि प्रदीप के उदय एक एक्सन सिनेमाको सेन्सर गराउन बोर्ड पुगेका थिए । ठूल्ठूलो आवाज र द्वन्द्वका दृश्य हुने भइहाले । तर सिनेमा हेर्नुअगावै सेन्सरका तत्कालीन अध्यक्षले भनेछन्, 'म त मुटुको रोगी हुँ, एक्सन सिनेमा हेर्दा डर लाग्छ । त्यसैले हेर्दिनँ, पास गर्दिनँ ।' अध्यक्षको तर्कले उदय अचम्मित भए । सिनेमाको रिलिज नजिक आइसकेकाले जसरी भए पनि सेन्सर गराउन बाध्य भए । उदय भन्छन्, "हाम्रो लगानी, आत्मसम्मान अनि सिनेमाको विधागत सौन्दर्यमाथि यस्तो खेलवाड गर्न पाइन्छ ? सिनेमा बनाउनभन्दा सेन्सर पास गराउँदा टाउको दुख्छ ।"

सिनेकर्मी मात्र होइन, सेन्सर बोर्डका सदस्य भइसकेकासमेत हचुवामा सेन्सर गरिने तीतो पोख्छन् । मीनेन्द्र रिजाल सञ्चारमन्त्री हुँदा बोर्ड सदस्य नियुक्त भएका प्रकाश सुवेदी भन्छन्, "त्यहाँ गएपछि थाहा पाएँ, बोर्ड त पार्टीको विशुद्ध भर्तीकेन्द्र पो रहेछ । सिनेमै नबुझेका मान्छे हुँदा रहेछन् ।" उनका अनुसार अध्यक्षले मन पराएका सिनेमा पास हुन्छन्, अरू रोकिन्छन् । ऐनमा भएका अमूर्त शब्दको अपव्याख्या हुन्छ । पत्रकार तथा फिल्म साउथ एसियाका अध्यक्ष कनकमणि दीक्षित भन्छन्, "कन्टेन्टअनुसार रेटिङ गर्नुपर्छ तर सेन्सरसिप गर्नुहुन्न । सेन्सरसिपको नाजायज र अन्धाधुन्ध प्रयोगले सिर्जनामाथि आघात पुग्छ ।"

निश्चित कार्यविधि नभएकाले हुनुपर्छ, उस्तै प्रकृतिका दृश्य कुनै सिनेमामा हुबहु राख्न दिइन्छ, कुनैमा काटिन्छ । सेन्सरपछि दिइने सिनेमा सर्टिफिकेटमा त्यत्तिकै राजनीति हुन्छ । चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ अनुसार १६ वर्ष पूरा भएका दर्शकले मात्र हेर्न मिल्ने 'एल्डट', १६ वर्षभन्दा मुनिकाले अभिभावकको साथमा रहेर हेर्न मिल्ने 'पीजी' र सबैले हेर्न पाउने 'युनिभर्सल' सर्टिफिकेट दिइन्छ । त्यस्तै निश्चित पेसा वा क्षेत्रका व्यक्तिले मात्र हेर्न मिल्ने गरी छुट्टै सर्टिफिकेट दिन सकिने प्रावधान छ । तर सिनेकर्मीको गुनासो छ- भरमार दृश्य र संवाद काटिसक्दा पनि 'युनिभर्सल' होइन, 'एडल्ट' प्रमाणपत्र दिइन्छ । अर्थात्, दोहोरो मार ।

भारतमा एल्डट सिनेमाको व्यापार स्वतः २० प्रतिशत घट्ने विभिन्न अध्ययनले देखाएका छन् । त्यसको असर डिजिटल राइट्समा पनि पर्छ । 'ट्रेन्ड सेटर्स' सिनेमा लूटका निर्देशक निश्चल बस्नेत बरोबर आक्रोश पोख्ने गर्छन्, 'दृश्य काटेपछि र संवादमा वीप लगाएपछि पनि युनिभर्सल सर्टिफिकेट दिइन्न । बरु केही नकाटी एडल्ट दिए भइहाल्यो नि ।' उनको लूटदेखि लूट २ सम्म हरेक पटक सेन्सरमा लफडा भएको छ ।

सत्ताले सिनेमा सेन्सरलाई त्रासको मनोविज्ञान सिर्जना गरिरहने र आफ्नो भक्तिगान गाउन बाध्य पार्ने माध्यम बनाइरहेको छ । यत्तिकै तीतो यथार्थ हो, सेन्सरविरुद्ध सिनेकर्मीले आवाज उठाउन नसक्नु । पण्डित भन्छन्, "प्रेसमा अंकुश लगाउन खोजिएको थियो तर प्रेस लड्यो । सिनेमाले कहिल्यै त्यसो गर्न सकेन । मनोरञ्जनको साधनमै सीमित राखियो ।"

सिनेमालाई संसारभर सांस्कृतिक र कलात्मक उत्पादन मानिन्छ । त्यस हिसाबमा सिनेमालाई संस्कृति मन्त्रालयअन्तर्गत राखिनुपर्ने हो । तर हामीकहाँ सञ्चार मन्त्रालय मातहत चलचित्र विकास बोर्ड छ, सेन्सर छ ।

जबसम्म सिनेमा सञ्चार मन्त्रालय र कर्मचारीतन्त्रको पञ्जाबाट मुक्त हुन्न, तबसम्म न साहित्य वा कलाका अन्य विधामा जस्तै स्वतन्त्रता उपभोग गर्न पाइन्छ, न त चलचित्रलाई प्राज्ञिक उत्पादनका रूपमा राज्यले स्वीकार्छ । बोर्डका पूर्वसदस्य सुवेदी भन्छन्, "संसारभर सिर्जनामाथि सेन्सर गर्नुहुँदैन भनेर आवाज उठेका बेला यस्तो बोर्डको अर्थ छैन । स्वनियमनकै खाँचो छ ।"

सवाल उही हो, सेन्सरविरुद्ध सिनेकर्मीको सामूहिक आवाज कहिले मुखरित हुन्छ ? *प्रेमनाथ*का निर्माता/निर्देशक गणेश बेल्वासे सेन्सरमा सिनेमा रोकिएपछि निर्माता संघमा दिएको उजुरी सुनुवाइ नभएर तड्पिरहेका छन् । तर सेन्सर बोर्ड अध्यक्ष फुर्तिसाथ भन्दै छन्, "म आएपछि कुनै सिनेमाकर्मीको गुनासो सुनिएको छैन ।" ने

प्रक्रियामै झमेला

सरकारले सेन्सरलाई काखी च्यापे पनि सेन्सर बोर्ड भने स्वायत्त छैन । त्यसैले सेन्सर गराउन सुरुमा चलचित्र विकास बोर्डमा स्वीकृति लिनुपर्छ । त्यसपछि सञ्चार मन्त्रालय धाउनुपर्छ । मन्त्रालय सिंहदरबारभित्र छ, भित्र छिर्नै सकस हुन्छ । ५ हजार रुपैयाँको बैंक भौचर बुझाएपछि बोर्डले सेन्सरका लागि समय दिन्छ । निर्माता प्रदीप के उदय भन्छन्, "सरकारी कर्मचारी अध्यक्ष हुन्छन् । त्यसैले अफिस छुटेपछि फुर्सद समय बल्ल सेन्सर हुन्छ ।"

दुःखलाग्दो के भने, सेन्सर बोर्डसँग आफ्नै हल छैन । ०५३ मा सञ्चार मन्त्रालयले आग्रह गरेपछि नेपाल चलचित्र संघले हल त बनाइदियो तर न त्यहाँ अहिले सेन्सर हुन्छ, न त सरकारले प्रतिबद्धताबमोजिम नै हल बनाउन संघलाई आर्थिक सहायता गर्‍यो । अचेल नेपाली सिनेमा सञ्चार मन्त्रालयभित्रै सेन्सर हुन्छ । सिनेमा प्राज्ञिकसँगै प्राविधिक उत्पादन हो । तर गुणस्तरीय हलको सट्टा सञ्चार मन्त्रालयको कोठे प्रोजेक्टरमा हेर्दा त्यसको विशिष्टताको चीरहरण हुन्छ । उदयका अनुसार राम्रोसँग आवाज नसुनिने र कलाकार नै नचिनिने प्रोजेक्टरमा सिनेमा देखाउनुपर्छ । त्यसमाथि सबै पदाधिकारी जम्मा हुनै महाभारत हुन्छ ।

सिनेमा देखाएपछि निर्माताले अध्यक्षलाई २१ सय र बाँकी सात सदस्यलाई १ हजार ७ सय ५० रुपैयाँ भत्ता बुझाउनुपर्छ । रसिद भने हुँदैन । खाजाको छुट्टै व्यवस्था गर्नुपर्छ । निर्माता सुनाउँछन्, "खाजा विशेष भएन भने त्यसको असर सेन्सरमा देखिन्छ ।" कुनै सदस्य सिनेमा हेर्न आएको छैन भने पनि उसको 'भाग' राखिदिनुपर्छ । चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ मा भने बोर्डका अध्यक्ष र सदस्यले एक घन्टासम्म स्वदेशी चलचित्र वा विज्ञापन चलचित्रको जाँच गरेबापत निर्माताबाट ५ सय रुपैयाँ र एक घन्टाभन्दा बढी अवधिको स्वदेशी वा विदेशी चलचित्रको जाँच गरेबापत १ हजार रुपैयाँ पारिश्रमिक र मन्त्रालयले तोकेबमोजिम यातायात खर्च पाउने उल्लेख छ ।

रङ



सरोज बैजु

सत्र सालका भुइँनायक

राजकुमार बानियाँ

क्रान्तिमा मर्ने र मारिने भुइँतहकै कार्यकर्ता हुन्छन् । विश्वका कुनै क्रान्तिमा अपवादबाहेक नेता मारिएका छैनन् । तर इतिहास तिनै नेताको लेखिएको छ । महान्को पगरी पनि तिनैलाई गुथाइएको छ । इटालेली

दार्शनिक अन्टानियो ग्राम्सीका पक्का चेलाजस्ता देखिन्छन्, कृष्णविक्रम नेम्बाङ, ७७ । त्यसैले त उनले ०१७ को शाही 'कू' पछि पूर्वाञ्चलको मेची अञ्चलमा रहेर लोकतन्त्र र मानव अधिकारका निम्ति पञ्चायतविरूद्ध भुइँतहबाट लडेका मुक्ति योद्धाको रूमानी इतिहास उधिनेका छन्, *सत्र सालको क्रान्तिको सम्झनामा* ।

लामो समय नेपाली कांग्रेसको राजनीतिमा संलग्न थिए, नेम्बाङ । उनको मातृ पार्टीमा बीपी कोइराला, गणेशमान सिंह, सुवर्णशमशेर, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, महेन्द्रनारायण निधि आदि नेताहरूको इतिहास मात्रै दुरूस्त राखिएको छ । जसले जीउज्यान अर्पेर देश र जनताका लागि लडे, तिनीहरू अझै गुमनाम छन् । सक्रिय राजनीति बिसाएपछि उनलाई लागिरहयो- आजसम्म जे-जति इतिहास लेखिएको छ, त्यसमा नेताहरूको मात्रै एकलौटी रहयो । पार्टीले त्यसको खोजीनिती गरेन । कसैलाई लेख्न प्रोत्साहन पनि गरेन । कार्यकर्ताले गरेका संघर्ष, त्याग र बलिदानको इतिहास खोइ ?

अरूबाट आश गर्नुको कुनै अर्थ थिएन । अन्ततः उनी आफैं अघि सरे । आफ्नो पाँचौं किताबमा लेखे- देशमा क्रान्ति गर्नुको उद्देश्य के थियो ? जनसंघर्ष कुन स्तरमा पुगेको थियो ? ती शहिद, जेलनेल भोगेका, मुद्दामामिला र यातना खेपेका, निर्वासनमा गएका, सिक्किम-भुटान पसेका १ सय ६० कार्यकर्ताको नाम, तस्बिर र गतिविधिको एकमुष्ट अभिलेखन गरे ।

“मैले इच्छा हुंदाहुंदै पनि कतिपय मुक्ति योद्धाका बारेमा खोज्न सकिनँ । मेरो जानकारीमा आएका इतिहासका तिनै नायकहरूलाई समेटेको छु,” उनी भन्छन्, “यो इतिहासको गौरवमय सम्झना हो, एउटा क्रान्तिकारीले युद्ध मैदानमा कस्तो कस्तो कुराको अनुभूति गर्न सक्यो भन्ने दस्तावेज हो ।”

उनको काम पक्कै सजिलो थिएन । उनले जुन समयको इतिहास लेखेका छन्, त्यो समय फोटो खिच्ने उपकरण जहाँतहीं पाइंदैनथे । घरव्यवहारमा पनि फोटो चाहिंदैनथ्यो । क्यामेरा दुर्लभ यन्त्र थियो गाउँघरमा । नेम्बाङका नायकहरू त्यही गामबेंसीमा जन्मेहुर्केका थिए । ५०-६० वर्षअघिको फोटो जतनले राख्ने चेतना पनि कहाँ थियो र !

“यो नितान्त मेरो संस्मरण हो । राजनीतिक इतिहास नहराओस् भनेर सुरूआत मात्र गरेको छु, यसलाई सन्दर्भग्रन्थ बनाएर भविष्यमा सन्तान-दरसन्तानले खोज्न सकून् भन्ने मेरो सद्भाव छ,” उनी भन्छन्, “तर आफ्नो मान्छे भनेर कसैलाई राखिएको छैन । राख्नैपर्ने नाम मात्र छन् । मलाई खेद केमा छ भने सम्पर्क कांग्रेससित मात्र भयो । मैले भेटेको भए कम्युनिस्टलाई पनि समेट्थें । एक-दुई जनाचाहिं कांग्रेसका हुन् कि के हुन् यकिन छैन ।”

“ नेपालमा असली इतिहास लेखिएकै छैन । राम्ररी छानबिन र सोधखोज नगर्दा कृष्णविक्रम १८ वर्ष प्रवास बसेको लेखिएको छ ।

निबुखोला उत्तर धनकुटा जिल्लाको पौवा गाउँमा जन्मेका थिए, नेम्बाङ । ०१८ मा जिल्ला विभाजन हुंदा उनी पाँचथरका बासिन्दा भए । ११ दाजुभाइमा साइँला उनको परिवार खानदानी कांग्रेस हो । उनका बडाबा सुब्बा नरबहादुर र बाबु ००७ को क्रान्तिमा लागेका रहेछन् । माइला बाबुका छोरा नरेन्द्रविक्रम कांग्रेसबाट मन्त्री भए, साइँला बाबुका छोरा भूविक्रम र तिलविक्रम (बैरागी काइँला) पनि पार्टी राजनीतिमै थिए । त्यसैले थाहै नपाईकन सहभागी भए नाराजुलुसमा । बिस्तारै त्यस्तै काम प्यारो लाग्दै गयो । एक प्रकारको नयाँ क्षेत्र भेटेजस्तो लाग्यो उनलाई ।

०१७ को कू' का बेला उनी आफ्ना दाजुभाइसितै दार्जिलिङमा स्कुले विद्यार्थी थिए । दार्जिलिङको सभ्यता, स्वतन्त्रता, विकास र सामाजिक उत्तरदायित्वपूर्ण व्यवहार देख्दा उनलाई के छाप पर्‍यो भने यी सबै लोकतन्त्र भएको मुलुकमा मात्रै हुन्छ । पत्रपत्रिकामा पनि स्वतन्त्रता सेनानीका रोमाञ्चक कहानी छापिइरहन्थ्यो । त्यस्तो बेला आफ्नै देशमा लोकतन्त्र अपहरण भएपछि उनलाई लाग्यो- यो बेठीक भयो । त्यहींको चोक बजारमा ४ पुसमा भएको विरोध सभालाई विद्यार्थीको नेतृत्व गर्दै कृष्णविक्रम, ठूला दाइ दिव्यविक्रमलगायतले सम्बोधन गरेका थिए ।

लगत्तै सेन्ट रोबर्ट्स स्कुल पढ्दापढ्दै उनीहरू क्रान्ति थाल्ने भनी गाउँतिर आए अनि भूविक्रम नेम्बाङको नेतृत्वमा आन्दोलन सञ्चालन समितिअन्तर्गत मुक्ति सेना गठन गरे । त्यही सेनाले १६ फागुन ०१७ मा पाँचथरको सुकिया पोखरीमा पहिलो पटक फौजी कारबाही गर्‍यो । कांग्रेसका तत्कालीन कार्यवाहक सभापति सुवर्णशमशेरले सत्याग्रह थाल्ने धम्कीपूर्ण पर्चा मात्र छरिरहेका बेला सुकियापोखरी एक्सन नै लोकतन्त्रवादीका तर्फबाट गरिएको पहिलो सशस्त्र विद्रोह भएको उनको जिकिर छ । ०१८ कात्तिकमा

मात्रै पार्टीले सशस्त्र क्रान्तिको बाटो लियो ।

११ जेठ ०१८ मा पार्टी संगठनको काममा सिलौटीबाट अन्यत्र जान लाग्दा धोबीनाथ नेम्बाङ र उनी पक्राउ परे । पाँचथर, जोरसालको सैनिक क्याम्पमा एक रात राखेर धनकुटा लगियो दुवैलाई । धनकुटा बडाहाकिम कार्यालयले दोषी प्रमाणित गऱ्यो । धोबीनाथलाई अराष्ट्रिय तत्त्वको आरोपमा शान्ति सुरक्षा कानुनअन्तर्गत थुनामा राख्यो भने उनलाई सुकियापोखरीमा प्रहरीका राइफल लुटेको अभियानमा धनकुटा ट्राइब्युनलले मुद्दा चलाउँदै पुर्पक्षका लागि जेलमा कोच्यो । कांग्रेस हाइकमान्डले क्रान्ति स्थगन गरेपछि ०१९ मंसिरमा बन्दीगृहबाट धनकुटा बजारमै स्थानहद रहने गरी मुक्त भए । चार वर्ष हैरानीपछि उनले 'फार्स्या' पाए । त्यो फैसलामा के लेखिएको छ, उनलाई अहिलेसम्म थाहा छैन ।

त्यसपछि नेम्बाङ झापामा कांग्रेसको संगठन गर्दै बसे । ०२९ मा उनका नाममा पक्राउ पुर्जी जारी भयो र मेचीपारि नक्सलबाडी गएर बसे । उनलाई उदेक कतिखेर लाग्छ भने इतिहासमा गलत र भ्रामक तथ्यकै बोलवाला छ । "नेपालमा असली इतिहास लेखिएकै छैन । राम्ररी छानबिन र सोधखोज नगर्दा कृष्णविक्रम १८ वर्ष प्रवास बसेको लेखिएको छ," उनी भन्छन्, "त्यही इतिहासलाई बंग्याउने चलनविरूद्ध नै मैले *आक्षेप र पाठक प्रतिक्रिया* (०७२) लेखेको हुँ ।" नयराज पन्त परिवार र संशोधन मण्डलकै कारण इतिहासमा केही काम भएको उनको ठम्याइ छ । भन्नै परोइन, उनलाई इतिहासकार मन पर्ने संशोधन मण्डलकै हुन् ।



०१७ देखि ०५९ असारसम्म कांग्रेसी राजनीतिमा व्यस्त भए नेम्बाङ । पार्टी फुटेपछि नेताहरूलाई नै सूचना दिएर निष्क्रिय भए । "गिरिजाबाबु, सुशील दाइसित निर्वासनदेखि नै मेरो राम्रै सम्बन्ध थियो, नेताहरूले हुँदैन भन्दाभन्दै मैले छाडिदिएँ," उनी सम्झन्छन्, "म इमानदारीसित लागेँ, इमानदारीसित छाडेँ । दायाँबायाँ केही गरिनँ ।" एकीकृत पार्टी छाड्दा उनी जिल्ला सचिवको हैसियतमा थिए । आफू पद लिनेभन्दा पनि साथीहरूले जुन पद माग्छन्, त्यही दिएर काम लगाए । कांग्रेसका सम्पूर्ण आन्दोलनमा सरिक भए ।

राजनीति छाडेपछि पनि उनी चुपचाप बसेका छैनन् । पढ्छन्, लेख्छन् । नेताहरूलाई चिट्ठी लेख्दा र पार्टीका प्रतिवेदन लेख्दा इतिहासमा रस बस्यो । कानुनसम्बन्धी किताब पढेर उनी समाजको विकास कसरी भयो भन्ने थाहा पाउँछन् । छोराछोरीले बेलायत घुम्न बोलाए, उनले संस्मरण लेखे, *डायरीमा बेलायत* । ०१७ मा बीपी कोइरालाको क्रान्ति सशस्त्र क्रान्ति आह्वानबारे लेखे, *स्मृतिमा बीपी आन्दोलन* ।

त्यसो त अब नेम्बाङ परिवार सग्लो कांग्रेस रहेन । कतिपय सदस्य कम्युनिस्ट पार्टीमा लागेका छन् । इलाम नगरपालिकाकी उपमेयर सुशीला नेम्बाङ उनकी बहिनी हुन्, नेकपाका तर्फबाट जितेकी छिन् । अर्की बहिनीले ताप्लेजुङको सिनाम गाउँपालिकाको एउटा वडालाई निर्वाचित भएर नेतृत्व दिएकी छन् नेकपाबाटै । दशक ६० को सुरुमा चर्चामा आएको पुस्तक *सम्झनाका तरेलीहरू* लेखेका माइला दाजु अमर नेम्बाङ पाँचथरको फाल्गुनन्द गाउँपालिका अध्यक्ष थिए । उनको भर्खरै निधन भयो । चार छोरा र चार छोरीका पिता कृष्णविक्रमकी पत्नी तुलसाको क्यान्सरका कारण निधन भइसकेको छ । उनी कहिले पाँचथर त कहिले काठमाडौं गर्दै बुढेसकाल बिताइरहेका छन् ।

पक्का लोकतन्त्रवादी कृष्णविक्रम नेम्बाङ वकालत र पत्रकारिताबाट आएका मान्छे राजनीति सफल भएको केही दृष्टान्त स्मरण गर्छन् । महात्मा गान्धी, बल्लभभाई पटेल, बीपी कोइराला वकालतबाट आएका थिए भने चर्चिल पत्रकारिता पेसाबाट । *सत्र सालको क्रान्तिको सम्झना* ०७१ मै मुद्रित भएको थियो । त्यो किताब परिमार्जन भएर दोस्रो संस्करण आउँदासमेत कांग्रेसका नेताहरूबाट कुनै प्रतिक्रिया नपाउँदा उनलाई अनौठो लागेको छैन । "अहिले त को पढ्छन् हो ? मैले अनुरोध गर्नुपर्ने मान्छे नै छैनन् । सुशील दाइ भएको भए पढिदिनोस्, विमोचन गरिदिनोस् भन्थेँ होला," उनको कसैसित गुनासो छैन, "अहिलेकालाई म चिन्दिनँ, उनीहरूले पनि मलाई चिन्दैनन् । पार्टी अफिसको लाइब्रेरीमा पठाइदिएको छु, बस् ।"

घनचक्कर **बाबा**

[पर्सोनाज २.०]

कुमार नगरकोटी

धुम्रगृहको भूमिगत क्याबिनमा थियौँ । टेबलमै जडिएको डिजिटल समय यन्त्रमा अपराह्नको १३ बजेको थियो । घनचक्कर बाबाले बेयरालाई आफ्नो अर्डर टिपाए : फ्रोजन मिन्ट लेमोनेड । बेयराका जिज्ञासु आँखाले मलाई सोध्यो- तपाईं चैं के लिन चाहनुहुन्छ ? मेरो आँखाले भन्यो- हुक्का ।

- कुन फ्लेबरको हुक्का ?
- सेक्स अन द बिच ।
- ड्रिंक्स पनि केही लिनुहुन्छ कि !
- लिन्नँ । हामी लेमोनेड आलोपालो पिउँछौं ।

त्यसपछि तु गएँ, तु आएँ भनी कुलेलम ठोकेको बेयरा नभन्दै तु आइपुग्यो लेमोनेड र हुक्का लिएर ।

ग्रिन जल र ग्रे धुवाँ पालैपालो पिउन थाल्यौं ।

यस्तैमा घनचक्कर बाबाले भने, 'कुमार ! केही दिनका लागि मलाई तिम्रो अनुहार देऊ । चिन्ता नगर, फिर्ता गरिहाल्छु ।' म मुस्कुराएँ । तर उनी गुरुगम्भीर देखिए ।

घनचक्कर बाबाको सांसारिक नाम सञ्जीव उप्रेती हो क्यारे ! परन्तु मेरा निम्ति सांसारिकता छु मतलब ! हु केयर्स । म त यी भला मानुषलाई घनचक्कर बाबा नै भन्थें अघिल्लो जन्ममा । भन्छु यो जन्ममा । र, भनी नै रहनेछु आगामी जन्ममा पनि ।

अघिल्लो जन्मका हाम्रा रोचक किस्सा कहानीको बयान कुनै बखत फुर्सदमा गरौंला । अहिलेलाई भने धुम्रगृहकै कुरा गरौं, जहां उनले मेरो अनुहार पैंचो मागेका थिए । हामीबीच ऐंचोपैंचो उधारो-सापटी चली नै रहन्छ ।

कहिले म उनको अनुभव पैंचो माग्छु, कहिले उनी मेरो अनुभूति सापटी माग्छन् । आ-आफ्नो म्याडनेस र अब्सर्डिटी हामी सट्टापट्टा गर्छौं । स्मृति एवं सपनाहरू लेनादेना गर्छौं । पाप र पुण्यहरू विनिमय गर्छौं । त्यो दिन अनुहार माग्दा मैले भनें, 'तपाईंलाई अनुहार मात्र चाहिएको हो कि मेरो हुलिया र विचार पनि ?'

उनले भने,

- 'विचार आफैंसित राख । हुलियाचाहिं देऊ ।'
- अनि मेरो आवाज नि ?
- आवाज पनि देऊ ।
- फिर्ताचाहिं कैले गर्नुहुन्छ ?
- आज शुक्रबार ! पर्सि आइतबार फिर्ता गरिहाल्छु ।

ठीक १३:३१ बजे हामीले बिदाइको हात मिलायौं । हात मिलाउने क्रममा नै मैले आफ्नो अनुहार, हुलिया र आवाज उनलाई हस्ते गरें । म फिजिकल्ली एन्ड स्पिरिचुअल्ली उनको देह र आत्मामा ट्रान्सफर भएँ । र, उनी मभित्र ट्रान्सफर भए । एकअर्कामा कायाकल्पित हुन हामीलाई धेरै समय लागेन । त्यसपछि घनचक्कर बाबा भूमिगत क्याबिनबाट अलप भए ।

पर्सिपल्टको आइतबार । म त्यहीं थिएँ, घनचक्कर बाबाको अनुहार ओढी बसेको । फ्रोजन मिन्ट लेमोनेड र सेक्स अन द बिचसितै । म उनैलाई पर्खिरहेको थिएँ । १३ बज्यो तर उनी आएनन् । १४, १५, १६ बज्यो तैपनि उनी देखा परेनन् । १७ बजेतिर बरू टुप्लुकिए प्रोफेसर अरूण गुप्तो । उनको हातमा *घनचक्कर* थियो ।

उनी सामुन्नेको खाली सिटमा बसे । उपन्यासलाई मतर्फ बढाउंदै भने, 'यो किताबमा तिम्रो अटोग्राफ छुटेको रहेछ । केही लेखेर सिग्नेचर गरिदेऊ । तर सञ्जीव, तिमी त अचेल निकै मोटएछौ ! के खाने गर्छौ ? हाम्रो भेट नभएको पनि युगौं भएछ ।'

म केही बोलिनँ । केवल मुस्कुराएँ । उपन्यासमा टु माई इटरनल फ्रेन्ड अरूण गुप्तो, विथ इटरनल लभ लेखेर दस्तखत गरें । त्यसलाई उनले पढे र आश्चर्यचकित हुंदै भने, 'सञ्जीव, तिम्रो त ह्यान्डराइटिङ र सिग्नेचर पनि बदलिएछ !'

मैले भनें, 'हो अरूण ! धेरै चीज बदलिसकेका छन् । तिम्रो चस्माको फ्रेम बदलियो, मेरो सिग्नेचर बदलियो । मौसम-हावापानी, मान्छे-जिन्दगानी सबै सबै बदलिसकेका छन् ।'

युग बितेर गयो ।

धुम्रगृहको भूमिगत क्याबिनमा म अझै पनि घनचक्कर बाबालाई पर्खिबसेको छु । उनका अनेक मित्र, शुभचिन्तक र प्रशंसकको *घनचक्कर*मा दस्तखत गरिरहेको छु । उनीहरूको किताबमा 'विथ लभ फ्रम सञ्जीव' लेखिरहेको छु ।

घनचक्कर बाबा कहाँ छन्, के गर्दैछन् ? मलाई केही थाहा छैन । कोही भन्छन्, उनी नदी बने । कोही भन्छन् चरा । कोही भन्छन्, उनी बतास बनी लेक र पर्वतमा सुसेल्दै बहेका छन् । कोही भन्छन्, उनी ग्रेभयार्ड र चिल्ड्रेन पार्कहरूमा घाँस बनी उम्रेका छन् ।

यस्ता किंवदन्तीमा मेरो कुनै विश्वास छैन । कुनै दिन उनी अवश्य पनि फर्कनेछन् । मलाई मेरो अनुहार, हुलिया र आवाज फर्काउने छन् । ने

तीन किताब

इन्द्र अधिकारी | सुरक्षाविद्

विनाशविरूद्ध विमर्श

लोकतन्त्रलाई परिपक्व, विकसित र समृद्ध पार्न कुनकुन पक्षलाई एकत्रित र समाहित गर्नु जरूरी छ ? लारी डायमन्डले १ सय ७७ देशको अध्ययन गरेका छन्, ***डेभलपिङ डेमोक्रेसीः टुवार्ड कन्सोलिडेसन***मा । लोकतन्त्र स्थापना गर्न र हुर्काउन चाल्नुपर्ने कदमबारे चर्चा गरेका छन्, उनले ।

डायमन्डले हन्टिङ्टनको थर्ड वेभ अफ डेमोक्रेसीलाई जोडेर प्रश्न गर्छन्, के अब हुने आन्दोलन लोकतन्त्रको चौथो लहर हो त ? सन् ९० को दशकपछि अमेरिका महाशक्ति राष्ट्रको रूपमा उदाएको मानिन्छ, उता रूस टुक्रियो । ती दुई देशबाट नियन्त्रित र प्रभावित राज्यहरू जसोतसो स्वतन्त्र भए । राज्य नियन्त्रित राजनीतिक माहोल अब जनताकेन्द्रित हुने अवधारणा विकसित भयो । जनता स्वतन्त्र र स्वायत्त भएपछि लोकतान्त्रिक गठबन्धनको शक्तिले वैश्विक स्तरमै आफ्नो प्रभाव बढायो । त्यसपछि लोकतन्त्र नै उन्नत हुन्छ भन्ने अवधारणा थियो । त्यसका लागि विगतमा राज्यले तय गर्ने गर्थ्यो भने वर्तमानमा जनता सार्वभौम भएकाले अधिकार, कर्तव्य, इच्छा र आकांक्षालाई लिएर आन्दोलित हुन्छन् । जनताको भावनालाई राज्यले त्यही ढंगले ग्रहण नगरे त्यसले उठाउने अर्के रूपलाई चौथो लहर मान्न सकिन्छ कि भन्छन् उनी । कर्पोरेट लोकतन्त्रदेखि र्‍याडिकल लोकतन्त्र र समाजवादी लोकतन्त्रसम्मको अभ्यास देखेका छौं । लोकतन्त्रका स्वरूप मात्रै होइनन्, उही नामको लोकतन्त्रभित्र पनि अनेक खाले अभ्यास भएका छन् । जनताकेन्द्री संरचना आफैं बन्दैन । त्यसका लागि अरू आन्दोलनको खाँचो हुन्छ । के ती आन्दोलनले 'फोर्थ वेभ' रूप लिन्छ ? यो नै डायमन्डको केन्द्रीय प्रश्न हो । कस्तो लोकतन्त्रमा जनताको अधिकार स्थापित, सुनिश्चित र संस्थागत हुन्छ भन्ने विषयमा डायमन्डले विमर्श गरेका छन् ।

व्यवस्था परिवर्तनलाई मुख्य केन्द्रमा राखेर लेखिएको ***नेपालः प्रोब्लम्स अफ गभर्नेन्स*** नीति अनुसन्धानको एउटा हिस्साजस्तो लाग्छ । लोकराज बरालको यो किताबमा सन् १९९० को परिवर्तनपछि दलमा देखा परेको गुटगत स्वार्थखेल र कलहद्वारा सिर्जित बेथितिको चित्रण छ । बरालको बुझाइमा नेपालको परिवर्तन क्रमिक विकासभन्दा छलाङ बढी भएकाले विचार र मुद्दाले जनता आश्वस्त भए पनि अनुकूलन हुन गाह्रो हुन्छ । सामाजिक रूपमा सहजै समायोजन नभएकाले फड्को मारेर आएको परिवर्तन आफैंमा एक चुनौती हो । हिजोको हुकुमबाट शासन गर्ने राजतन्त्रका अवशेष परिवर्तनकारी नेतृत्वमा पनि रहन सक्ने सम्भावनालाई बरालले औंल्याएका छन् । हाम्रो समझ, भोगाइ र अभ्यासबीचको अन्तरले राजनीतिक परिवर्तन र व्यवस्थामा समस्या आउन सक्छ । यही विरोधाभासले हाम्रो व्यवस्थामा अनेक संकट पैदा भइदिन्छ । भनाइ र गराइको खाडलले वैधताको खडेरी पर्छ । अधिकार प्रत्याभूति, पुँजीको न्यायोचित वितरण र सुशासनको अपेक्षामा जनताले परिवर्तनलाई समर्थन गरेको हुन्छ । तर परिवर्तनपछि अघिका वाचा र आश्वासन जनताले मात्रै सम्झिने खालको संकट नेपालको हरेकजसो परिवर्तनपछि देखा परेका छन् । परिवर्तनपछि लोकतन्त्रको आधारभूत मान्यताअनुरूप प्रणालीलाई चुस्त पार्न सकिएन भने व्यवस्था नै संकटमा फस्ने विचार बरालले राखेका छन् ।

फ्रान्सिस्को ह्वाइटेकर फेरेराको पुस्तक ***टुवार्ड्स अ न्यू पोलिटिक्स***ले अर्को संसार सम्भव छ भन्ने आशा जगाउँछ । उनी पुरानो व्यवस्था र प्रणालीको क्रमिक विकासबाट पनि नवोन्मेष, अभ्यास र ढाँचा सुरू भएको देख्छन् । ब्राजिलमा जन्मिएका उनले इन्जिनियर भएकाले सहरी योजनाअन्तर्गत रहेर रोजगारीको विषय उठाए । सन् १९६४ मा 'कू' भएपछि उनी प्रतिपक्षसँग मिलेर काम गरे पनि अन्त्यतः फ्रान्समा निर्वासित भए । त्यहाँ उनले युनेस्कोकोसँग मिलेर विकासोन्मुख देशका मजदुरलाई प्रशिक्षण दिए । १९८२ मा ब्राजिलको सैन्य सरकारले संविधान निर्माणको अभ्यास गरिरहँदा उनी स्वदेश फर्किएर 'संविधानको खाका' का १ सय २२ बुँदामा सच्याउनुपर्ने ठाउँ देखाइदिए । केही संशोधनसहित संविधान जारी भएपछि उनी दलकै सदस्यता लिएर सामाजिक-राजनीतिक अभियानमा हिंडे । प्रतिपक्षमा रहेको 'ब्राजिलियन वर्कर पार्टी' मा लागेपछि काउन्सिलरसमेत भएका फ्रान्सिस्को पार्टीबाट निराश भए । समानता र न्यायका लागि काम गर्नुपर्ने मजदुर पार्टीमा समेत बेथिति देखेपछि उनले राजीनामा दिएर चुनावी भ्रष्टाचारविरूद्ध राष्ट्रिय अभियान थाले । त्यसमा पनि करोडौंको हस्ताक्षरसहित निजी विधेयकका रूपमा ब्राजिली संसद्मा पेस गरेर दर्जनौं नागरिक समाजका संगठनको सहमतिसहित तीव्र दबाब सिर्जना गरे । यही विधेयक लागू भएपछि रकम बाँडेर निर्वाचित भएका चार हजार जना निलम्बित भए । उनी अर्को ब्राजिल मात्र होइन, अर्को विश्व पनि सम्भव छ भन्दै विश्वव्यापी बौद्धिक अभियन्तालाई परिवर्तनको मञ्चमा एकजुट पार्न लागिपरे ।

लोकतन्त्रको नाममा गरिने धोका, शान्तिको नाममा सैन्यकरण र युद्ध, पर्यावरणीय चुनौती, अन्याय र समानता, वर्गीय खाडल, आदिवासीका हक-अधिकारजस्ता पाटोमा जनताले निर्णय गर्नका लागि वैश्विक अनुभवमाथि मन्थन हुनुपर्नेमा फ्रान्सिस्को जोड दिन्छन् । अहिले वैश्विक-क्षेत्रीय-राष्ट्रिय-स्थानीय सामाजिक मञ्चबाट वैकल्पिक अभियान अगाडि आएका छन्, जसले विकासको नाममा भएका विनाशविरूद्ध विमर्श गर्छन् । जब नागरिक समाज सचेत र सक्रिय भई रक्षकको भूमिकामा उत्रन्छ, तब सरकार पारदर्शी, उत्तरदायी र जवाफदेही हुन बाध्य हुन्छ भन्ने अवधारणा *टुवार्ड्स अ न्यू पोलिटिक्स*मा छ ।

■ **प्रस्तुति : गुरुङ सुशान्त**

गणितज्ञको गहकिलो बायोपिक

गोकर्ण गौतम

बायोपिक फिल्मको बाढी छ, बलिउडमा । खेलाडी, कलाकार, डन, नेतादेखि ऐतिहासिक पात्रका जीवनकथा पर्दामा अटाउन थालेका छन् । यही शृंखलाको नवीन संस्करण हो, *सुपर ३०* । गरिब विद्यार्थीलाई सित्तैमा कोचिङ पढाएर ख्याति कमाएका भारतीय गणितज्ञ आनन्द कुमारको संघर्ष फिल्मको केन्द्रमा छ । निर्देशक हुन्, विकास बहल । आनन्द कुमारको भूमिकामा छन्, ऋतिक रोशन । आम बायोपिकमा जस्तै यसमा पनि मुख्य पात्रको सबलतालाई मात्र चित्रण गरिएको छ । फरक कति भने आनन्द कुमार आफैंमा प्रेरणा-पुञ्ज भएकाले फिल्म हेरिरहँदा उनलाई आत्मसात् गर्न सकिन्छ । त्यसो नहुँदो त गणितजस्तो जटिल विषयका अध्यापकको कथा कसरी सरल र मर्मस्पर्शी हुन्थ्यो ! भलै सहायक पात्र र घटनाक्रम सोही अनुपातमा सशक्त लाग्दैनन् ।

बिहारको तल्लो वर्गीय परिवारमा हुर्किएका आनन्द कुमार गणितमा तेज छन् । क्याम्ब्रिज विश्वविद्यालयमा पढ्न पाउने मौका जुर्छ तर पैसा जुटाउन नसक्दा जान पाउँदैनन् । यही झोकमा प्रतिष्ठित इन्डियन इन्स्टिच्युट अफ टेक्नोलोजी (आईआईटी) को प्रवेश परीक्षाका लागि गरिब र आदिवासी विद्यार्थीलाई बिनाशुल्क कोचिङ पढाउन थाल्छन् । तर उनको यो शुभकार्य लाखौं असुलेर कोचिङ पढाइरहेका 'माफिया' का लागि सह्य हुन्न । त्यसैले उनीहरू आनन्द कुमार र उनका विद्यार्थीलाई सिध्याउन लागिपर्छन् । एक कर्तव्यनिष्ठ र प्रतिभाशाली शिक्षकले आफ्ना विद्यार्थीको उज्यालो भविष्यका लागि गरेको अथक प्रयासको फेहरिस्त हो, यो फिल्म ।

'शिक्षामा समान पहुँच' को नारा खुब घन्कने गर्छ । तर वास्तविकता शिक्षामा सम्पत्तिवालाको मात्र पहुँच हुन्छ । जेहेनदार भए पनि निम्न वर्गका विद्यार्थीले स्तरीय विषय र कलेज पढ्न पाउँदैनन् । राज्य प्रणालीले उनीहरूको सपनामै कैंची लगाइदिन्छ । यो विभेद भारतीय समाजमा अझ गहिरो छ । यसकै सिकार हुन्, आनन्द कुमार । र, प्रणालीलाई ध्वस्त पार्न प्रयासरत पनि उनै । यति सानदार पात्रलाई निर्देशक बहल तथा लेखक सञ्जीव दत्तले संवेदनशील शैलीमा प्रस्तुत गरेका छन् । चरित्र स्थापितका लागि खर्चिएका दृश्य भने परम्परागत लाग्छन् । कोचिङ सेन्टर खोल्ने क्रममा आनन्द कुमारले भोगेका आन्तरिक र बाह्य द्वन्द्वका दृश्यसँगै फिल्मले पूरापूर ध्यान खिच्छ ।

गणितज्ञको जीवनमार्फत राजनीति र गुन्डागर्दीको आडमा मौलाइरहेको शैक्षिक माफियाकरणमाथि तीखो कटाक्षले *सुपर ३०* को वजन बढाएको छ । शिक्षालाई धन्दा बनाइरहेका व्यापारी ललन सिंह (आदित्य श्रीवास्तव) र बिहारका शिक्षामन्त्री (पंकज त्रिपाठी) जस्ता पात्र भारतीय मात्र होइन, नेपाली समाजमा पनि छ्यापछ्याप्ती भेटिन्छन् । पैसाकै अभावमा उच्च शिक्षा हासिल गर्न नपाएर तड्पिने विद्यार्थी पनि उत्तिकै छन् हामीकहाँ । त्यसैले *सुपर ३०* मा अपनत्वबोध हुन्छ । आनन्द कुमारले बर्सेनि पढाउने विद्यार्थीको समूह 'सुपर ३०' नामले परिचित छ, जसलाई सन् २०१० मा *टाइम* म्यागजिनले 'द बेस्ट अफ एसिया' मा सूचीकृत गरेको थियो । यति हो, निर्देशक बहलले आनन्द कुमार र उनको *सुपर ३०* को मर्ममाथि न्याय गरेका छन् ।

सुरूआतजस्तै मध्यान्तरपछिको २० मिनेट फितलो छ । अस्पतालमा आक्रमण हुँदा विद्यार्थीको प्रतिरोध पत्याउन मुस्किल पर्छ । आनन्द कुमारमाथि एक युवतीले यौन दुर्व्यवहारको आरोप लगाएको दृश्य पनि 'फेक' लाग्छ । फिल्ममा आनन्द कुमारले पढाएको भन्दा विरोधी समूहसँग भिडेको र आर्थिक जोहो गर्न खटिएका दृश्य धेरै छन् । उनको लभ अफेयरलाई पनि निर्देशकले खास वास्ता गरेका छैनन् । पत्रकार (अमित साध) को चरित्र अतिरञ्जित छ । तर निर्देशकले जबर्जस्ती ज्ञान लाद्न खोजेका छैनन् । पात्रका भोगाइलाई प्राथमिकता दिएका छन् । आनन्द कुमार र विद्यार्थीको सम्बन्धले दिल खुस हुन्छ । तर विद्यार्थीको चरित्र चित्रणमा चाहिं कन्जुस्याइँ गरिएको छ । संवाद उत्तिकै चोटिला छन् ।



फिल्म : सुपर ३०
रेटिङ : ३/५
★★★☆☆

शारीरिक बनोटले उतिविघ्न साथ नदिए पनि अभिनयकलाको बलमा ऋतिकले आनन्द कुमारको चरित्र जीवन्त बनाएका छन् । यो फिल्मले उनलाई राष्ट्रिय अवार्ड दिलाए अनौठो नमाने हुन्छ । टेलिसिरियलबाट फिल्ममा फड्को मारेकी मृनल ठाकुरको भूमिका छोटो तर रमाइलै छ । पंकज त्रिपाठी अर्को रोचक पात्र हुन् । उनको बोलीचाली, हुलिया र चालढालले दर्शकको मन जित्छ । विद्यार्थीको कास्टिङमा मिहिनेत गरिएको छ । पार्श्वध्वनिले फिल्मलाई विशिष्ट बनाउन कुन हदसम्म भूमिका खेल्न सक्छ भन्ने उदाहरण बन्न सक्छ, फिल्म । प्रशंसाका हकदार हुन्, अजय-अतुल । उनीहरूले नै कम्पोज गरेका गीत कथावाचनका अभिन्न हिस्सा हुन् । *शानदार*बाट निराश बनाएका विकास बहल *सुपर ३०* बाट पुरानै लयमा फर्किएका छन् ।

ऋतिक रोशनका फ्यान मात्र होइन, संघर्षबाट सपना पूरा गर्न मरिमेट्ने जोकोहीलाई *सुपर ३०* प्रिय लाग्छ । फिल्म हेरेपछि अरू केही नभए पनि आनन्द कुमारप्रति सम्मानभाव पैदा हुन्छ, मनबाटै । ने

'अब कस्तूरी पाल्ने, बिना बेच्ने'

कस्तूरीमा विद्यावारिधि गर्ने तेस्रा नेपाली हुन्, पारसविक्रम सिंह । चाइनिज एकेडेमी अफ साइन्सबाट 'कस्तूरीको आनीबानी र पर्यावरण' शीर्षकमा पीएचडी सकाएर भर्खरै नेपाल फर्किएका उनले हिमालयको दक्षिणी मोहडा केन्द्रित स्थलगत अध्ययन गरेका थिए ।

नेपालमा कस्तूरीको संख्या कति छ ?

सूर्य अस्ताएपछि र उदाउनुअघि मात्रै क्रियाशील हुने जन्तु भएकाले ठ्याक्कै संख्या निकाल्न गाह्रो छ । बास बस्ने ठाउँमा भेटिएको दिसाको घनत्व हेर्दा २ हजारदेखि २५ सयको संख्यामा हुन सक्छ ।

संरक्षण नभएर कम संख्या देखिएको हो ?

दुर्लभ वन्यजन्तु भएकाले संरक्षण स्वाभाविक हो । संरक्षित वन्यजन्तु हेर्न पर्यटक आउँछन् तर यस्ता वन्यजन्तुको संख्या घटिरहेकाले संरक्षणको परम्परागत धारणा बदल्नुपर्छ ।

संख्या कसरी बढाउने ?

विभिन्न कारणले लोपोन्मुख र दुर्लभ वन्यजन्तुको संख्या घटिरहेको छ । संख्या घट्नुको मुख्य कारण चोरी सिकारी हो । अब प्रकृति र पालन दुवै माध्यमबाट यसको संरक्षण गर्नुपर्छ ।

पालनबाट कस्तूरी संरक्षण कसरी हुन्छ ?

पालेपछि एकातिर संरक्षण हुन्छ भने अर्कोतिर चोरी सिकारी रोकिन्छ । फेरि वन्यजन्तुको संरक्षण मात्र होइन, उपयोग पनि जरुरी छ । कस्तूरीको बिना महँगो मूल्यमा बेच्न सकिन्छ । यसको नाभिमा हरेक वर्ष सुगन्धित गोलो थैली अर्थात् बिना निस्कन्छ । एउटा निकालेपछि फेरि अर्को पलाउँछ । कस्तुरी १५ देखि २० वर्ष बाँच्छ । एक वर्षको उमेरदेखि भाले कस्तूरीको बिना निकाल्न मिल्छ । एउटा कस्तूरीले औसतमा १५ वटा बिना दिन सक्छ ।

कस्तूरीको बिना कहाँ बेच्ने ?

चीनले सन् १९५० देखि नै कस्तूरी पाल्न थाल्यो । थुप्रै कस्तूरी फार्म छन् । कस्तूरीपालनका लागि मात्र थुप्रै अनुसन्धान संस्था छन् । तैपनि त्यहाँ मागअनुसार बिना उत्पादन हुन सकिरहेको छैन । प्रतिवर्ष हजारदेखि १ हजार ५ सय किलो माग भएको चीनमा ७० किलो मात्रै उत्पादन हुन्छ । सन् २०२५ सम्म प्रतिवर्ष ३ सय किलो पुऱ्याउने उसको लक्ष्य छ । हामीलाई बजारको चिन्तै छैन ।

चीनमा बिनाको मूल्य कति पर्छ ?

सुनभन्दा तीनदेखि पाँच गुणा बढी मूल्यमा बिक्री हुन्छ । नेपालमा पाइने हिमाली कस्तूरी सबैभन्दा ठूलो जातको हो । हिमाली र कस्मिरी कस्तूरीपालन अहिलेसम्म भएको छैन । यसैले हाम्रो कस्तूरीका बिना अझ बढी मूल्यमा बेच्न सकिन्छ । ठूलो जातको कस्तूरीको बिनामा मस्कोन नामक तरल रसायन बढी हुन्छ ।

बिनाको उपयोग केमा हुन्छ ?

चिनियाँ परम्परागत पद्धतिमा बन्ने औषधीमा यो खपत हुन्छ । जडीबुटीबाट बन्ने औषधीमा त्यो मिसाइन्छ । चार सय किसिमका औषधीमा यो प्रयोग हुने चिनियाँले पत्तो लगाइसकेका छन् । यसबाहेक युरोपमा बिना मिसाएर महँगा अत्तर बन्छन् ।

नेपालमा यसको उपयोग हुँदैन ?

मैले पुराना व्यक्तिसँग कुरा गर्दा नेपालमा बिना टनिकका रूपमा प्रयोग हुन्थ्यो भन्ने थाहा पाएँ । खासगरी बच्चालाई खुवाउँदा रोग प्रतिरोधात्मक क्षमता बढ्छ ।

कानुनी रूपमा कस्तूरी पाल्न मिल्छ ?

यसबारे वन मन्त्रालयमा पटक-पटक छलफल गऱ्यौँ । पाल्न सकिने जनावरको सूचीमा कस्तूरी पनि राख्ने हिसाबले कानुन संशोधनको तयारी भइरहेको छ ।

यसको पालन कुन क्षेत्रमा गर्नु उपयुक्त हुन्छ ?

चिसो ठाउँमा बस्ने भएकाले २५ डिग्रीभन्दा बढी तापक्रम हुनुहुँदैन । हाम्रो हिमाली क्षेत्रमा यो एकदमै फस्टाउन सक्छ ।

कस्तूरी पालेपछि नियमन जटिल नहोला ?

यो नियन्त्रित व्यापार हो । खुला बजारमा यसलाई प्रवेश गराउनु हुँदैन । क्रेता र बिक्रेता दुवैले कारोबारको लाइसेन्स लिएका हुन्छन्, चीनमा । लाइसेन्सवालाले मात्रै कारोबार गर्न सक्छन् । नियमनबारे चाहिँ सरकारले राम्ररी सोच्नुपर्छ ।

▪ **मनबहादुर बस्नेत**

दमित चेतनाको बन्दी वृत्तान्त

यादव देवकोटा

नेपाली कांग्रेसभित्र प्रखर गणतन्त्रवादीको छवि बनाएका र पार्टीभित्र गणतन्त्रको वकालत गरेबापत त्यसबखत कारबाही र किनारामा पारिएका नरहरि आचार्य केही वर्षयता स्वास्थ्यमा अकस्मात् आएको असुविधापछि राजनीतिबाट केही छायामा परेजस्तो समय व्यतीत गरिरहेका थिए । त्यही असुविधा सामना गरिरहेको दिनमा उनले सरल, पठनीय र आकर्षक शैलीमा बन्दी वृत्तान्त लिएर आफ्नो सक्रियताको भिन्न स्वरूप जारी राखेका छन् । यो राजा ज्ञानेन्द्रद्वारा मञ्चित शाही कदमका दिनमा सञ्चालित धरपकड, नियन्त्रण र दमनका सिलसिलामा दुई पटक बन्दी रहेका बेला लिखित डायरी हो । नेपाली भाषामाथिको आचार्यको गहिरो पकड, लेखनशैलीको उच्चता र सरलता यो पुस्तकमा खुलेर आएको छ ।

गणतन्त्रलाई बयलगाडा चढेर अमेरिका जाने तमासा भनेर सस्तो टिप्पणी गर्नेहरू सत्तामा आसीन भएको यो समय डेढ दशकअघिको नेपाली समाजले कोल्टे फेर्न गरेको तपस्या विस्मृतितिर गएको छ । यही बेला आचार्यको *गणतन्त्रको यात्रा बन्दी वृत्तान्त*ले एक पटक सतही रूपमा भए पनि स्मरण गराउँछ । भलै यसले गणतन्त्रका 'खास यात्री' हरूलाई सर्वथा बेवास्ता गरेको छ । गणतन्त्र आउनुको वस्तु यथार्थलाई नजरअन्दाज गरेको छ । तर कसरी बयलगाडा सिद्धान्तका विश्वासीहरू राजाकै तानाशाहीमा पनि केही दिन पक्राउ गरिएजस्तो गरेर छाडिए । उनीहरूभन्दा तल्लो हैसियत भएका उही पार्टीका कार्यकर्ता महिनौं सरकारी बन्दी जीवन बिताउन विवश भए भन्ने तथ्यले हामीलाई गणतन्त्रको ताज कसरी यसको 'स्वत्व' लाई नै नामञ्जुर गर्नेहरूकोमा बन्दी छ भन्ने प्रस्ट्याउँछ ।

पुस्तकमा आचार्यले उल्लेख गरेको विवरणले कांग्रेसभित्र कसरी चक्र बाँस्तोलाहरू पछाडि धकेलिए र कृष्ण सिटौलाहरू राजनीतिमा गड्गडाएर अघि आए, दिल्लीलाई पानीपँधेरो बनाउने सिटौला, सुजाताहरूको क्रियाशीलताले नेपाली राजनीतिमा बाह्य योजनामा कसरी नेताहरू अघि सारिन्छ भन्ने संकेत गर्छ ।



गणतन्त्रको यात्रा
बन्दी वृत्तान्त

लेखक : **नरहरि आचार्य**
प्रकाशक : **सांग्रिला बुक्स**
पृष्ठ : **६३७**
मूल्य : **९९५ रुपैयाँ**

आचार्य आफैं पनि आफ्नो वृत्तान्तभरि नेपाली राजनीतिको निर्णायक स्तम्भ जनता र तिनको बलियो संघर्ष हो भन्ने विश्वासमा रहन सकेको देखिँदैन । कहीं-कतै आन्तरिक रूपमा नेपाली दलहरूले गर्ने निर्णय प्रमुख हो भनेर उल्लेख गरे पनि निरंकुशताविरूद्धको संघर्ष या राजनीतिका निर्णायक जनताको भूमिका, उनीहरूको धारणालाई आचार्यले दोयम रूपमा समेत महत्त्व दिएको देखिँदैन ।

भारत, अमेरिका या विदेशीले के गर्लान्, माओवादीले के गर्ला भन्ने परमुखी अपेक्षामा आचार्य केन्द्रित देखिन्छन् किताबमा, मुखर रूपमै । यो परमुखी चिन्तन उदेकलाग्दो छ । जनतामा, जनताको प्रतिक्रिया के होला भन्नेमा रत्तिभर उत्सुकता, भरोसा नदेखिनु उनको राजनीतिक प्राथमिकताको त उद्घाटन हो नै, नेपाली राजनीतिको परमुखी प्रवृत्तिको नजानिंदो सत्यको उद्घाटन पनि हो ।

आचार्यको बन्दी वृत्तान्तमा उल्लिखित परमुखी प्रवृत्तिले निराश तुल्याएपछि मलाई बीपी कोइरालाको बन्दी वृत्तान्तको सम्झना हुन्छ । बीपी जनतामाथि, आधारभूत तहका मानिसप्रति अदम्य विश्वास र श्रद्धा गर्छन् । लेख्छन्, 'तानाशाही व्यवस्थाको विरूद्ध जुलुस झिकेछन् । ...दाजुभाइ दिदीबहिनीहरू, गरिब देशबासीहरू मेरा माटाका देवता पनि त्यसमा लागेका रहेछन् (जेल जर्नल, पृ १६) ।

सत्ताविरूद्ध भएका एकाध जनविरोधलाई पनि बीपी भव्य सौन्दर्यकरण गर्छन् । आशा-उज्यालोको अद्भुत उद्घाटन देख्छन् । उनलाई जनताको चलमलाहट, तानाशाही सत्ताविरूद्ध कार्यकर्ताको विरोध अँध्यारोमा चम्किएको बिजुली लाग्छ । लेख्छन्, 'त्यस अँध्यारो बादलको सबभन्दा कालो क्षेत्रमा- एउटा बिजुली हठात् झल्केछ । त्यहाँको नरनारी, सैनिक-असैनिक अनुहारलाई एकछिन उज्यालो पार्दै- केवल बादलको अन्धकारलाई झन् कालिमामय बनाउँदै । ..यो एउटा बडो साहसको कार्य थियो, जुन साहसलाई महान लक्ष्यका निम्ति मानिसले कहिलेकाहीं मात्र प्रदर्शित गर्छ । ..इतिहासका यी तमाम सानासाना कुरा- मानिसले नै आफ्नो सानो मुटुमा साहस बटुलेर मृत्युको सामना गर्दै पाशविकतालाई चुनौती दिएको कुरा सम्झन्छु र भन्छु- मनुष्यलाई हरेस खाने आवश्यकता छैन (कोइराला, उही, पृ १५/१६) ।'

आचार्यलाई भने संसारलाई चकित पार्ने लाखौंलाख मानिस सडकमा उत्रिएको प्रलयकारी जनआन्दोलनले पनि उत्साहपूर्ण बयान गर्नुपर्ने स्तरमा प्रभावित पारेको देखिन्न । आन्दोलनको आकार, जनताको लोकतन्त्रप्रतिको भव्यतम अनुरागबारे आचार्यले थाहा पाएनन् भनौं भने पनि उनकै भनाइमा बीपीजस्तो कालकोठरीमा होइन, मोबाइल फोन प्रयोग गर्न सकिने 'थुनुवा' जीवनमा थिए । यो त उदाहरण मात्रै हो नेताहरूबारे, उनीहरूको प्राथमिकता, जनताप्रतिको उनीहरूको आत्मीयता, समर्पण र विश्वासको ।

आचार्य भने परमुखी भएर किताबभर उद्घाटित हुन्छन् । उनी लेख्छन्, 'राजा ज्ञानेन्द्रको घोषणा र अबको सन्दर्भमा माओवादीले कसरी लेलान् ? उनीहरूको तुरून्तै र १५ दिनभित्र देखिने प्रतिक्रिया व्यवहार र कार्यक्रमले पनि यस कुराको आकलन र मूल्यांकन गर्न सकिन्छ ।

त्यसैगरी अन्तर्राष्ट्रिय सन्दर्भमा कस्तो प्रतिक्रिया आउला (पृ १९) ?' राजाका कदम र लोकतन्त्रको अपहरणका सम्बन्धमा भारतको वास्तविक नीति बुझ्न सकिँदैन (पृ २४) । 'नेपालमा भएको घटना' लाई सामान्य मान्न नसकिने र यस्तो परिस्थितिमा भारतले सम्मेलनमा भाग लिन कठिनाइ हुने भन्नु राजनीतिक महत्त्वको देखिन्छ (पृ ३१) । माओवादीको हौवा देखाएर अन्तर्राष्ट्रिय समुदायको आँखामा छारो हाली देशभित्रका लोकतन्त्रवादीलाई दबाउन सकिन्छ कि भन्ने ज्ञानेन्द्रको मनसाय पूरा हुन त्यति सहज र सजिलो देखिएन (पृ ४६) । अमेरिकी विदेशमन्त्री कोन्डालिजा राइसको भारत भ्रमण र भारतीय विदेशमन्त्री नटवर सिंहसमेतको संयुक्त प्रेस सम्मेलनमा अभिव्यक्त विचार नेपालका निम्ति पनि गम्भीर महत्त्वको देखियो (पृ १२३) । यस्ता प्रसंग अनेकन पटक दोहोरिएका छन् ।

अझ आपत्तिजनक के भने कुनै दुई विदेशी राष्ट्रबीचको भेटघाट र जारी वक्तव्यमा तेस्रो राष्ट्र नेपाललाई मुछ्ने विषय महत्त्वको हुन्छ कि आपत्तिको ? अन्तर्राष्ट्रिय कूटनीतिक अभ्यास, राष्ट्रसंघीय बडापत्रविपरीत नेपाल उपस्थित नै नरहेको तेस्रो पक्षको वक्तव्यमा नेपालको आन्तरिक राजनीतिबारे टिप्पणी गर्ने विषय आचार्यलाई महत्त्वको लाग्नु खेदजनक छ । त्यसरी नै संविधान जारी भएपछि विभिन्न अन्तर्राष्ट्रिय फोरममा जारी भारत र तेस्रो राष्ट्रबीच जारी वक्तव्यमा नेपाललाई मुछ्ने हौसला आचार्यजस्तै त्यस्ता कदमलाई महत्त्वपूर्ण मान्ने राजनीतिककर्मीको भित्री उक्साहटमा प्रकट भएको रहेछ भन्न सकिन्छ ।

●●●

उनै आचार्यका आदर्श बीपीमा भने राजनीतिप्रति कति गहिरो प्रतिबद्धता छ ! आफूले वितरण गरेको विश्वासमा बाँधिएर जेलनेल भोग्न विवश कार्यकर्ता पंक्तिप्रति कति उत्तरदायित्वको अनुभूति छ उनमा ! लेख्छन्, 'जब उनीहरूलाई सम्झन्छु, मलाई उत्साह आउँछ र जीवनका तुच्छता मबाट टाढा हुन्छन् । यदि मैले नेपालका लागि केही गर्न सकेँ भने म... त्यस्ता अनेकानेक व्यक्तिहरूप्रति आफ्नो कर्तव्य पूरा गरेको ठान्नेछु (कोइराला, उही, पृ ३८) ।' तर आजका दिनमा आचार्य त बरू अरूभन्दा निकै संवेदनशील मानिन्छन्, आफैंलाई नेता बनाउन लड्दा कोखमा अड्किएको छर्रा निकाल्ने उपचार खर्च नपाएर कार्यकर्ता बिचल्ली हुंदा नेताहरू बिचौलियासँग क्रान्तिको साँवाब्याजको हिसाब असुलिरहेका भेटिन्छन् ।

पुस्तकभरि आचार्य आफ्नो परिवारको सुख-दुःख, छोरीहरूको पढाइ, उनीहरूको प्रगति, शैक्षिक आर्थिक उन्नतिले उनमा ल्याएको खुसीलाई एउटा गम्भीर पिताको हिसाबले उचित जिम्मेवारी देखाउँछन् । यो स्वाभाविक पनि हो- हरेक अभिभावकलाई आफ्ना सन्तानको शिक्षा-दीक्षा, उनीहरूको प्रगति, उन्नयनले खुसी तुल्याउँछ । तर आचार्य पुस्तकभरि आफ्नो परिवार, सन्तानबारे यति धेरै केन्द्रित छन् कि त्यसले नेपाली राजनीतिक पेसेवरहरूको आत्मचरित्रको उद्घाटन गर्न सहयोग पुर्‍याउँछ । आफ्ना छोरीबारे जुन स्तरको चिन्ता, सरोकार प्रकट भएको देखिन्छ आचार्यमा- नेपाली समाज, जनताबारे रत्तिभर चिन्तन उनको डायरीमा देखिँदैन । त्यो एउटा विम्ब पनि होला, नेताहरू किन परिवारमुखी हुन्छन् र सत्तामा पुगेपछि जनता उनीहरूको प्राथमिकतामा पर्दैन भन्ने । भन्नका लागि त भनिएला, राजनीति गरिएको, जेलनेल बसेको नै देश र जनताका लागि हो । तर व्यवहारमा हेर्दा देश र जनता झन्झन् किन हीनत्तर भएका छन् र राजनीतिबाहेक अर्को कुनै आयमूलक पेसा नअपनाएका राजनीतिकर्मीको

आफ्नो बन्दी वृत्तान्तभरि आचार्य नेपाली राजनीतिको निर्णायक स्तम्भ नेपाली जनता र तिनको बलियो संघर्ष हो भन्ने विश्वासमा रहन सकेको देखिँदैन ।

जीवन सुकुम्बासीबाट समृद्ध हैसियतमा कसरी पुगिरहेको छ भन्ने प्रश्नको उत्तर राजनीति गर्नेहरूको दिमागमा प्राथमिकतामा को छ भन्नेले पुष्टि गर्छ । भलै, आर्थिक इमानदारीमा आचार्य फरक होलान् ।

निजी जीवनको अन्तर्यको सत्य भनिने डायरीमा मानिसले आफ्नो चेतना, चरित्रको सत्य उद्घाटित गर्छ भन्ने गरिन्छ । आन्दोलनका दिनमा बन्दी बनेको राजनीतिककर्मी कुनै पनि दिनको डायरीमा भुइँमा टाँसिएका नेपाली जनता, तिनका सन्तानहरूको भविष्य, दुःख-सुखबारे कहीं पनि चिन्तनमा देखिँदैन । केवल राजाको कदमले खोसिएको आफ्नो सत्ताभोग कुन स्वरूपमा फिर्ता ल्याउने भन्ने सवालमा अरूभन्दा अलि बढी अगाडि जान खोजेजस्तो देखिन्छ । अरू राजासहितको लोकतन्त्र भनिरहेका बखत आचार्यले राजारहितको लोकतन्त्र भनेका हुन्छन् । त्यो राजाबिनाको लोकतन्त्रमा जनता कहीं पनि उनको बहसको केन्द्रमा छैन । जनताको भविष्य कसरी उज्यालो बनाउने भन्ने चिन्ता र चिन्तन देखिँदैन । तर परिवारको चिन्ता र चिन्तन यति प्रभावी भएर उद्घाटित हुन्छ कि त्यसले नेताहरू दिमागमा परिवार, तिनको उन्नति, सुखसयललाई मन-मुटुमा राखेर राजनीति गरिरहेका हुन्छन् । र, पदमा पुगेपछि मनमा सुषुप्त तवरले गडेर बसेको त्यही परिवार, नातेदार, आफन्त सुख, खुसीको संसार जोड्न पदको 'सदुपयोग' गर्छन् भन्ने प्रस्ट्याउँछ । त्यसैको प्रकटीकरण आजका दिनमा सासंदहरूले आफ्ना पीए सालासाली, भान्जाभान्जी, छोराछोरी रोजेको देखिन्छ । नियुक्तिमा नातावाद र पैसा प्राथमिकताका साथ अघि आएको छ । उल्लिखित विवरणले आचार्यको पुस्तक हाम्रा नेताहरूमा निहित तर दमित रूपमा रहेको चिन्तन, चरित्रको उद्घाटन गर्ने वृत्तान्त हो भन्दा फरक पर्दैन ।

●●●

राजाको सम्पत्ति पारदर्शी हुनुपर्छ भन्दा कारबाही भोगेको उल्लेख गरेका आचार्यले नेताको सम्पत्ति पारदर्शी हुनुपर्छ भनेको कहीं पढ्न पाइँदैन । आचार्यले पुस्तकमा कसरी एउटै पार्टीमा रहे पनि राजनीति गर्नेहरूको नाभि भिन्नभिन्न स्वार्थग्रन्थिद्वारा पालित-परिचालित भएको हुन्छ भन्ने प्रस्ट संकेत गरेका छन् । उही पार्टीका सहमहामन्त्री गोविन्दराज जोशी, रामशरण महत खुलेआम पत्रकार सम्मेलन गर्दै हिंड्दा, सभा-गोष्ठीमा सरिक हुंदा पनि पक्राउ नपर्ने तर काठमाडौं कांग्रेसका नेता भीमसेनदास प्रधानसमेत लुकीलुकी हिंड्नुपर्ने अवस्था आउनुले नेताहरूको नाभि कता जोडिएको छ भन्ने संकेत गरिदिन्छ । त्यो त उदाहरण मात्रै हो । महाकाली सन्धि गर्दा देशलाई स्याटेलाइटमार्फत बिजुली बेचेर यति खर्ब, उति अर्ब नाफा हुन्छ भन्दै सार्वजनिक तवरले बोल्नेहरू सन्धि पारित गराउन पार्टीका सांसदलाई होटलमा थुनेर भेडाबाखाको जस्तो मोल लगाउनेहरू जनता झुक्याउन राष्ट्रवादीको अभिनय गरेको र भोटको स्वार्थ पूरा भएपछि सक्कली अनुहारमा प्रकट हुन थालेको तथ्य हाम्रैसामु छ । ने

'भगवान्' को इच्छा

फेसन क्षणिक हुन सक्छ तर शैली अनन्तसम्म रहिरहन्छ । प्याजी रङको अनारकली पहिरनमा इच्छा कार्की स्टाइलिस देखिन्छिन् । क्लासिक रातो टीका र रातो लिपिस्टिकमा इच्छा 'भगवान्' कै इच्छाले बनेजस्ती सुन्दर देखिन्छिन् । नागपोखरीस्थित इनोभेटको पहिरनमा उनी फेसेनेबल लाग्छिन् ।

महेश प्रधान

संवादको मूर्ति



भुइँतलाको कोठामा फलामको वेल्डिङ भइरहेको छ, सँगैको दोस्रो कोठामा कार्पेटमा कागजबाट बनेका स-साना आकृति छन् । कुनै प्यागोडा शैलीको मन्दिरजस्ता छन् त कुनै अर्धचन्द्राकार । दुवैको टुप्पोमा मान्छेजस्तै डल्लो स्वरूप छ । लालकाजी लामाले तयार पारेका डमीलाई इस्पातमा ढाल्नुअघि नाम दिइएको छ, 'संवाद' ।

ललितकला प्रज्ञाप्रतिष्ठानको मूर्ति विभागका प्रमुखसमेत रहेका लामा संवाद मन पराउँछन् । भन्छन्, "संवादमा मान्छेका विभिन्न मुद्रा देखिन्छन् । फेरि संसार बनाउन संवादजतिको महत्त्वपूर्ण के होला ?" १० कलाकारद्वारा इस्पातको मूर्ति पछि प्रदर्शन गरिने प्रतिष्ठानले जनाएको छ ।

गुप्ता पुरस्कृत

प्रतिभामा नेपाली कोहीभन्दा कम छैनन् । त्यसैले अनुसन्धानकर्ता अरूण गुप्ता जापानिज सोसाइटी अफ न्युक्लियर मेडिसिन, जापानको 'कन्ट्रिब्युसन टु एसियन यङ इन्भेस्टिगेसन अवार्ड २०१९' बाट पुरस्कृत भएका छन् । यसपालि गुप्तासहित न्युक्लियर मेडिसिनमा अनुसन्धान गर्दै आएका ३ अन्तर्राष्ट्रिय अनुसन्धानकर्ताले पाए ।

क्यान्सरका लागि प्रयोग हुने न्युक्लियर मेडिसिन पद्धतिले रोगलाई सुरूकै चरणमा चिनेर उपचार गर्न सजिलो बनाउँछ । गुप्ताले क्यान्सर रोगीलाई औषधीको डोज के-कति चाहिन्छ भनेर अनुसन्धान गरेका थिए । गत वर्ष सो संस्थाबाट माधवप्रसाद यादव पुरस्कृत भएका थिए । अवार्डपछि उत्साहित गुप्ता भन्छन्, "नेपालका लागि यो पुरस्कारले विशेष महत्त्व राख्छ ।"

डल्लेको लाम्चो पनिर मःम

प्राकृतिक उज्यालो र रंगीन सेटिङ मन पर्छ भने तपाईंका लागि हुन सक्छ, डल्ले रेस्टुराँ । पिरो डल्ले खुर्सानीको नाममा रेस्टुराँ खोले पनि यहाँ परिकार भने स्वादिष्ट छन् । डल्लेको पनिर मःम विशेष खानाको रूपमा छ । त्यसैगरी मायोनिज ससको साथमा पोटाटो रोल, स्पाइसी आलुसँगको फ्राई राइस कम्बो तथा छोइला फ्राई राइस साथमा डल्ले खुर्सानीको अचार । बिहानको खाना होओस् या दिउँसोको खाजा, सबैका लागि उत्कृष्ट छ, डल्ले । काठमाडौंका विभिन्न ७ स्थानमा डल्लेका चेन छन् ।



बदलियो बानी

जसै *प्रेमगीत* हिट भयो, लाइमलाइटमा आइन्– पूजा शर्मा । धेरै फिल्म खेल्दा लोकप्रियतामा असर पर्ने तर्क गर्दै वर्षमा एक फिल्म मात्र खेल्न थालिन् । म्युजिक भिडियोबाट पनि टाढा बसिन् । *रामकहानी*ले अपेक्षाकृत व्यापार नगरेपछि पूजाले भटाभट फिल्म खेल्ने नयाँ रणनीति लिइन् ।

अन्ततः *सम्हालिन्छ कहिले मन*को सुटिङ सकिनासाथ *पोइ पऱ्यो काले* खेलिन् । यी फिल्म रिलिज नहुँदै *म यस्तो गीत गाउँछु २* मा अनुबन्ध भएकी छन् । अपोजिटमा छन्, पानी बाराबार भएका पल शाह । म्युजिक भिडियोमा समेत देखिन थालेकी पूजाको भटाभटवाला नीति कत्तिको प्रीतिकर हुने हो, हेर्न बाँकी छ ।

नोटबुक

योगेश ढकाल



उपराष्ट्रपतिको अंग्रेजी-मोह

अचेल अंग्रेजी शब्द उपयोगको विस्तारले दैनिक बोलीचालीमा समेत नेपाली शब्द हराउन थालिसके । अर्कातिर मातृभाषा र स्थानीय भाषा-मोह संसारभर बढ्दै छ । सामान्य सन्दर्भमा पनि अंग्रेजी शब्दको प्रयोग त्यति रूचिकर लाग्दैन । सरकारी तहबाटै नेपाली शब्दको हेलाहोचा हुंदा झनै नमीठो लाग्ने रहेछ । उपराष्ट्रपति नन्दबहादुर पुनको नयाँ निवासको नामले मन कटक्क बनाइदियो । कान्तिपथको 'बहादुर भवन' बाट केही महिनाअघि लैनचौरको समाज कल्याण परिषद् भवनमा सरेका उपराष्ट्रपति पुनले भवनको नाम राखिदिए- ग्रीनहाउस ।

तर त्यही ग्रीनहाउसको सट्टा 'हरितगृह' वा यस्तै कुनै उपयुक्त नाम राखेको भए के बिग्रिन्थ्यो ? कम्तीमा सरकारी स्तरबाट त नेपाली शब्द प्रयोगलाई बचाइराख्न सकिन्थ्यो । दरबारिया झल्कोबाट मुक्त हुन उपराष्ट्रपतिले भवनको रंग र नाम परिवर्तन गरेका हुन सक्छन् । जे भए पनि भवनलाई नेपाली नामकरण गर्न सकिन्थ्यो ।

बल्खुका छुच्चा कर्मचारी

झ्याल नम्बर १४ । परीक्षा नियन्त्रण कार्यालय बल्खुको यो झ्यालबाट बीएडको ट्रान्सक्रिप्टका लागि फाराम बुझाउने र लिने गरिन्छ । वर्षका केही दिन विद्यार्थीको भीड हुन्छ, यो झ्यालमा । अरू बेला कर्मचारीलाई घाम ताप्ने प्रशस्त फुर्सद । तर त्यही भीडमा तीन महिला कर्मचारी रिसाइरहेका मात्रै हुन्छन् विद्यार्थीसँग । गाली गरिरहेका हुन्छन् । म पनि ११ असारमा बहिनीको ट्रान्सक्रिप्टका लागि त्यो झ्याल पुगें । तर प्रथम वर्षको मार्कसिटमा नामको स्पेलिङ गलत रहेछ । एक महिलाले नाम सच्याउन भनिन् । तर कहाँ जाने, के गर्ने केही बताइनन् ।

'गल्ती गर्ने तपाईंहरू दुःख पाउने हामी, प्रस्टसँग त बताउनुस्' भनेको मात्रै के थिएँ, मसँग पड्किन् भुटेको मकैजस्तै । बल्ल थाहा भयो निवेदन लिएर २ नम्बर कोठा जानुपर्ने रहेछ । त्यहाँ पनि उपरखुट्टी लगाएर बसेकी अधबैंसे महिला त्यस्तै रिसाहा । ती महिलाले मलाई ३ पटक निवेदन सच्याउन लगाइन् । पैसा तिर्न लगाइन् बैंकमा । कसैको भने पैसा नतिरिएको निवेदनसमेत बुझिरहेकी थिइन् । पैसा तिर्नुपर्ने हो कि होइन मैले बुझिनँ ।

२ नम्बर झ्यालबाट पठाइयो गोप्य शाखा । त्यहाँका कर्मचारी झनै रिसाहा । 'मैले हुंदैन भनेपछि हुंदैन, जहांसुकै जानुस्' गोप्य शाखाको बीएड फाँटका कर्मचारी सातो जाने गरी कराए । तिनले प्रवेशपत्रको सक्कल प्रति मागे । सक्कल प्रति खोटाङमै थियो, ल्याउन सम्भव थिएन । पछि ल्याउंछु भन्दा पनि फाराम बुझेनन् । भोलिपल्ट सवा १० मै पुगें । अघिल्लो दिनकै फाइल बुझाएँ । सक्कल छैन भनेर फेरि थर्काए । रिसाउँदै फाइलमाथि लेखिदिए, प्रवेशपत्रको सक्कल प्रति र कलेजको चिट्ठीसहित ३ दिनपछि आउनू । पछि जाँदा न प्रवेशपत्रको सक्कल मागे, न त कलेजको चिट्ठी ।

त्यहाँबाट २ नम्बर झ्यालमा पठाए । त्यहाँ भनियो- १० दिनपछि आउनू । किनकि त्यो फाइलमा हस्ताक्षर गर्ने सहनियन्त्रक बिदामा रहेछन् । २२ असारभित्र शिक्षण अनुमतिपत्रको परीक्षाका लागि फाराम भर्नुपर्ने म्याद । त्यो भ्याउन यति मरिहत्ते गर्नु परिरहेको छ, एक सातादेखि । अन्तिममा आएर १० दिनपछि अर्थात् २२ असारमा आउनू भन्छन् । परीक्षा नियन्त्रक पुष्पराज जोशी भेट्न कार्यकक्ष पुग्दा विद्यार्थी नेतासँग बैठकमा रहेछन्, दुई घन्टादेखि । त्यो पनि चुकुल लगाएर बसेका । त्यही बेला सचिवालयका एक कर्मचारीले भने, "पनिकाले एउटा पत्र दिन्छ, ट्रान्सक्रिप्ट प्रक्रियामा रहेको भनेर । त्यसका आधारमा फाराम भर्नू ।"

पनिकालाई यो पनि थाहा रहेनछ कि शिक्षक सेवा आयोगले अनलाइन फारम मात्र लिइरहेको थियो, जहाँ यस्ता पत्रको काम हुंदैन । जोशी सर, विद्यार्थीको भविष्य नै अन्धकारमा पार्ने यस्तो लथालिंग र बेवारिसे पारा पनि हुन्छ पनिकाको ?

सुध्रेका ट्याक्सी ड्राइभर

सस्तो, भरपर्दो र सहज यात्राका लागि टुटल र पठाओले बजार खिचेका छन् । प्रविधिमैत्री नभएकाहरूले त्यति ख्याल नगरे पनि ट्याक्सी चढियो भने महसुस हुने रहेछ टुटल र पठाओको बजार दबाब । अचेल केही भन्नुपर्दैन । सीधै मिटर चलाउन थाल्छन्, ट्याक्सी ड्राइभर ।

शुल्कमा पनि सहज भइदिएछ । अघिल्लो साता मैतीदेवी-सानोठिमी (मगरगाउं) पुग्दा ३ सय ७२ रूपैयाँ उठ्यो । साँझ फर्किंदा ३ सय ८८ । आश्चर्यचाहिं लागेको थियो उस्तै-उस्तै किन भनेर । अर्को पटक अघिल्लो शुक्रबार सानो भर्‍याङदेखि अनामनगर आउँदा २ सय ८८ रूपैयाँ उठेको थियो, जबकि केही दिन पहिला २ सय ७२ थियो । त्यति धेरै रकम उठ्नुमा जाम पनि कारण थियो । आइतबार रत्नपार्क-रानीवन पुग्दा पनि ३ सय रूपैयाँ कटेन । मंगलबार पनि अनामनगर-नयाँबजार पुग्दा २ सय ३२ उठ्यो । र, राती साढे ९ बजे फर्किंदा २ सय ९८ उठ्यो । यी सबैमा मिटर चलाउनु नभन्दै मिटर सुरु गरेका थिए । मंगलबार साँझ ट्याक्सी ड्राइभरलाई सोधेँ- "अचेल टुटल र पठाओले गर्दा मिटरमा हिंड्न थालिएछ है !" ती ड्राइभरले टुटल र पठाओलाई गाली गर्दै मिटरमा चल्न दबाब दिएको स्वीकारे ।

प्रतिस्पर्धाले सेवाग्राहीलाई फाइदै पुग्दो रहेछ । ने

NEPAL'S No. 1 ELECTRONICS BRAND
CG
inspiring life
SINCE 1982
नबन्नुहोस् fool
use गर्नुहोस् C G Cool
CG
STAY COOL IN SUMMER WITH CG FAN
24 MONTHS WARRANTY ON MOTOR
On Selected Models
Stand Fan
Ceiling Fan
Table Fan
Wall Fan
(with Remote)
All Purpose Fan
Air Cooler
Features:
• 1250 RPM Speed Motor • 120 Rim Grill • Sweep 500 mm • Semi-transparent Blade • Decorative panel at base • Aerodynamically designed blades
• High torque motor • Silent operation • Double ball bearing
NEPAL'S 1 & Only
ISO 9001: 2015
International Quality Management Certified Electronis Company
CG CHAUDHARY® GROUP
Touching life everyday
CG ELECTRONICS PVT. LTD.
CG Digital Park, Satungal, Kathmandu
Tel: 01-5108131/01-5108108
www.cginspiringlife.com
facebook/inspiringlifecg
TOLL FREE NO.
16600100211
FOR NCELL & UTL Contact:
+977-1-4100141 (For Service Only)
FOR INQUIRY
9851126999 (Dealer)
9851012539 (Corporate)
KATHMANDU: Tripureshwor, Tel: 01-4117002/4117114 | Ravibhawan, Tel: 01-4281749 | Tangal, Tel: 01-4431837/4411269 | Kumaripati, Tel: 01-5008772/5008771 | Nayabazar, Tel: 01-4364072/4381029
Kirtipur, Tel: 01-4331140/4333241 | Hattigauda, Tel: 01-4376815 | BHAKTAPUR: Radhe Radhe, Tel: 01-6638472/6638871 | ITAHARI: Tel: 025-581126/581136

Smart Appliances P Limited

CORPORATE OFFICE:
CHARKHAL, DILLIBAZAR, KATHMANDU, TEL: 01-4443119

COMPANY SHOWROOM:
KATHMANDU: CHARKHAL, DILLIBAZAR, TEL: 01-4436920
BIRATNAGAR: JAIN BHAWAN, MAIN ROAD, TEL: 021-522758

FOR SERVICE:
Toll Free No.: 16600110090, For Dealership: 9801105114